
पर्वत




नेपाल पर्वतारोहण संघ

Nepal Mountaineering Association

visit nepal '98

A World of its Own

दावा नोर्बु शेर्पाप्रति श्रद्धाञ्जलि



नेपाल पर्वतारोहण संघका अध्यक्ष दावानोर्बु शेर्पाको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा उपचार गराउँदा गराउँदै २०५४ कार्तिक १२ गते (तदनुसार १९९७ अक्टोबर २८ ता.)का दिन बिहान ७:०० बजे दु:खद निधन भयो। उहाँलाई कार्तिक ८ गते (अक्टोबर २४ ता.)का दिन उपचारार्थ दिउँसो ११ बजे उक्त अस्पतालमा भर्ना गरिएको थियो। स्वर्गीय दावानोर्बु शेर्पा ५९ वर्षको हुनुहुन्थ्यो। उहाँकी धर्मपत्नी नीमायाङजी, छोरा टाशी र छोरी डोमा हुनुहुन्छ। स्व. दावानोर्बु शेर्पा नेपाल पर्वतारोहण संघमा प्रथम पटक सन् १९९४–९६ का लागि निर्वाचित अध्यक्ष भई कार्यभार समाप्त भएपछि उहाँको योगदानलाई कदर गर्दै पुन: अर्को तीन वर्ष १९९६–९९ का लागि दोस्रोपल्ट पनि अध्यक्ष पदमा अत्यधिक बहुमतले निर्वाचित हुनुभएको थियो।

उहाँको आफ्नो कार्यकालमा पोखरामा विशेष महत्व र पहिचान हुने खालको एक नमूनाको रुपमा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय निर्माण गर्ने सपना साकार गर्नमै धेरै मिहिनेत र समय खर्चनु भयो। उहाँकै सफल नेतृत्वमा हिमालय सफाई अभियान अन्तर्गत सगरमाथा सफाई अभियान सन् १९९६ बसन्त, यु.आई.ए.ए. अन्तरगत गठित एक्सपीडिसन कमिशन बैठक पोखरा १९९५, एशियन अल्पाईन महासंघको साधारण सभा १९९५, काठमाडौं, अन्तर्राष्ट्रिय पर्वतारोहीहरूको सम्मेलन १९९७ काठमाडौं जस्ता अन्तर्राष्ट्रिय महत्वका कार्यक्रमहरू सम्पन्न गर्नुभई नेपाल र नेपालीको प्रतिष्ठा अन्तर्राष्ट्रिय जगतमा बढाउनु भयो भने मंगोल अल्टाई क्लब र नेपाल पर्वतारोहण संघ बीच भाइचारा सम्बन्ध सन् १९९५ मा स्थापना गर्नुभयो। उहाँकै क्रियाशील नेतृत्व अन्तरगत नेपाली पर्वतारोहीहरूलाई सम्मान गर्ने र भावी पिंढीलाई हौसला प्रदान गर्ने उद्देश्यले प्रथम पटक नेपाली पर्वतारोहीहरूलाई अभिनन्दन गर्ने कार्य सन् १९९५ मा सम्पन्न भयो। नाटा, टान, एचआरए, पाटा जस्ता संघ संस्थासँग पनि ज्यादै सुमधुर र अविस्मरणीय भूमिका निर्वाह गर्नुभयो।

स्व.दावानोर्बु शेर्पा एक क्रियाशील, उदार, सबल नेतृत्व दिन सक्ने व्यक्तित्वको धनी हुनुहुन्थ्यो भने एक अथक निस्वार्थ समाजसेवी एवम् विनोदप्रिय व्यक्तिको रुपमा सुपरिचित हुनुहुन्थ्यो। उहाँको राष्ट्र र समाजप्रतिको समर्पणभाव, पर्यटन क्षेत्रको लामो अनुभव, विनोदप्रिय स्वभाव आदि बहुआयामिक व्यक्तित्वको झलक शीघ्र प्रकासोन्मुख "एशियाका को को हुन ?" कार्यक्रम अन्तरगत जापान टेलिभिजन कर्पोरेशन (एन.एच.के)ले उहाँ बारे खिचिएको जीवनी प्रधान बृत्तचित्रबाट पनि पुष्टि हुने नै छ। उहाँका हितैषी तथा साथीभाइहरूले उहाँलाई नयाँ विचार र सोचको धनी एवम् भरपर्दो मित्रका रुपमा सदासर्वदा सम्झिरहने छन्। नेपाल पर्वतारोहण संघ उहाँको असामयिक निधनमा स्तब्ध एवम् शोकाकूल भएको छ र उहाँले दिनुभएको मार्गदर्शन तथा उहाँको विचारधाराले सदैव प्रेरणा तथा हौसला दिइनै रहने विश्वास गर्दछ। नेपाल पर्वतारोहण संघ उहाँका दिवंगत आत्माको चिर शान्तिको लागि ईश्वरसँग प्रार्थना गर्दै उहाँका परिवार एवम् स्वजनहरूमा उहाँको विछोडले दिएको पीडा सहन सक्ने शक्ति तथागत बुद्धले प्रदान गरुन् भन्ने कामना गर्दछ।

नेपाल पर्वतारोहण संघको प्रकाशन

पर्वत

बैशाख २०५५ अप्रिल, १९९८

वि ष य सू ची

- तेन्जिङ र हिलारी कसरी विश्वविख्यात बने ?
- सन् १९९७ को पर्वतारोहण गतिविधि
- पर्वतारोहणको पीडा:कति पोल्छ, कति चहऱ्याउँछ ?
- हिमाली संरक्षण क्षेत्रहरू: आर्थिक स्रोतका केन्द्र बन्न सक्दछन्
- पर्वतीय पर्यटन र वातावरण
- सगरमाथामा प्रदूषण नियन्त्रण: के कस्ता गतिविधि
- वर्तमान पर्वतीय पर्यटन गतिविधिको सन्दर्भमा नेपाल पर्वतारोहण संघको भूमिका पर्वतीय पर्यटनको भविष्य ?
- खुम्बुमा पर्वतारोहण प्रशिक्षण
- पाल्दोर पिक क्षेत्रमा हिममानव यतिको पदचिन्ह !
- हिमालय आचार संहिता
- अन्तर्राष्ट्रिय पर्वतारोही सम्मेलन
- अन्तर्राष्ट्रिय पर्वतारोही भेलाका चिन्तन र सुझाव ?
- पर्वतारोहण क्षेत्रमा नेपाली महिला योगदान
- नेपाल पर्वतारोहण संघका कार्यक्रम र गतिविधि ?
- विद्यार्थीहरुका लागि रक क्लाइम्बिंग प्रशिक्षण
- Mountaineering Expedition Team (1997-98)

नेपाल पर्वतारोहण संघको प्रकाशन

पर्वत

सम्पादकमण्डल

भूमि लामा (संयोजक)

रमेश तिवारी

हरिप्रसाद श्रेष्ठ

विजयबहादुर श्रेष्ठ

दोर्जीजाङबु लामा

कम्प्युटर लेआउट

कृष्ण श्रेष्ठ

प्रकाशक

नेपाल पर्वतारोहण संघ

प्रचार प्रसार तथा प्रकाशन समिति

पो.ब.नं. १४३५, नागपोखरी, नक्साल

फोनः ४११५२५

फ्याक्सः ९७७-१-४१६२७८

इमेलः peaks@nma.wlink.com.np

मुद्रणः भेराइटी प्रिन्टर्स, काठमाडौं

मुखपृष्ठ तस्वीर

नेपाल पर्वतारोहण संघद्वारा

नागार्जुनमा संचालित

रक क्लाइम्बिंग

नेपाल पर्वतारोहण संघका सबै तहका

सदस्य तथा सम्पूर्ण शुभेच्छुकहरुमा

नववर्ष वि.सं. २०५५को

हार्दिक मंगलमय शुभकामना ।

नेपाल पर्वतारोहण संघ

Mountaineering Expedition Team Permitted During 1998 Spring

Name of the Peak & Expedition Team	Country	Name of the Leader	No of Member	Ascent Route	Remarks
Amadablam (6812 m.)					
1. 1998 Summit Country Colorado Amadablam Exp.	U.S.A.	Mr. Mark D.THOMPSON	7	S.W. Ridge	
2. Swedish Amadablam Exp. 98 Annapuna-II (7937 m.)	Sweden	Mr. Cristian THISTED	6	S.W. Ridge	
3. Kyushu Annapurna-II Exp. 98 Annapurna-IV (7525 m.)	Japan	Mr.Kazuki YOSHINO	8	W. Ridge	
4. Kyushu Annapurna-IV Exp.98 Baruntse (7129m.)	Japan	Mr. Kazuki YOSHINO	7	N.W. Ridge	
5. Italian Baruntse Exp. Dhaulagiri (8167m.)	Italy	Mr. Paolo GIACHINI	8	S.E. Ridge	
6. Associations Hellenic Mountaineers S.E.O. Exp.	Greece	Mr. Sikaris ANTONIS	9	N.E. Ridge	
7. Spanish Dhaulagiri 1Exp, 98 JUAN JOSE	Spain	Mr. San Sebastian Arroyo	6	N.E. Ridge	
8. Slovenian Dhaulagiri Exp. Jongsang Peak (7483 m.)	Slovenia	Mr. Anton SKARJA	12	N.W. Ridge	
9. Irish Nepal Himalaya Exp. 98	UK, Nepal	Mr. Kieran Patrick O'HARA	8	S.F.Via SER	
10. British NE Nepal Expedition 98 Kanchenjunga (8586 m.)	UK, Nepal	Mr. Douglas Keith SCOTT	7	W. Ridge	
11. The Japanese Alpine Club Kanchenjunga Exp. 98 Kumbhakaran (7710m.)	Japan	Mr. Taro TANIGAWA	10	North Face	
12. Slovenian Kumbhakarna Exp.	Slovenia	Mr. Franc GAJSEK	9	East Face	
13. US- Russian Kumbhakarna Exp. Langtang Lirung (7234 m.)	USA-Russia	Mr. Lev IOFFE (Russia)	7	SW Ridge	
14. Kozankai Langtang Lirung Exp. 98 Lhotse (8516 m.)	Japan	Mr. Kazuhiko OGAWA	4	S.E. Ridge	
15. Swiss Lhotse Exp. 98 Makalu 1st (8463 m.)	Switzerland	Mr. Norbert JOOS	7	West Face	ND
16. Himalaya 8000 Makalu Exp. 98	Czech Rep	Mr. Josef SIMUNEK.	8	N.W. Ridge	
17. Vorarlaberger Makalu Exp. 98	Austria	Mr. Roland MATTLE	7	S.W. Face	
18 Bulgarian Russian Makalu Exp. VASSILEV	Bulg-Russia	Mr. Doitchin Todorov	9	N.W. Ridge	
19. Mak Ev Sasony Makalu Exp. 98 Pumori (7161 m.)	Germany	Mr. Gotz WIEGAND	9	N.W. Ridge	ND
20. 1998 Canadain Pumori West Ridge Exp.	Canada	Mr. Tim RIPPEL	7	S. Ridge	
21. 1998 Pumori West Ridge Exp. Sagarmatha (Everest) 8848 m.	U.S.A.	Mr. Kim REYNOLDS	7	W. Ridge	
22. Everest Environmental Exp. 98	USA	Mr. Robert H. HOFFMAN	12	S.E. Ridge	
23. Everest Challenge 98 Exp.	USA	Mr. Thomas WHITTAKER	5	S.E. Ridge	
24. 98 American Mt. Everest Exp.	USA	Mr. Randi Todd BURLESON	7	S.E. Ridge	
25. American Everest Exp.	USA	Mr. Wallace BERG	5	S.E. Ridge	ND
26. The Norwegian Mt. Everest Exp.98	Norwary	Mr. Are HERREM	7	S.E. Ridge	
27. Singapore Everest Exp. 98	Singapore	Mr. David Yew Lee LIM	8	S.E. Ridge	
28. Indian Independence Golden Jubilee Everest Exp.	India	Mr. Hrishikesh YADAV	7	S.E. Ridge	
Tarke Kang (Glacier Dome) 7193 m.					
29. Glacier Dome Exp. 98	Austria	Mr. Rudolf Alexander MAYR	4	S.W. Face	
		Total	217	Foreign 211 and Nepali 6	

सार्क एडभेन्चर क्याम्पमा नेपाल पर्वतारोहण संघ

दक्षिण एसियाली राष्ट्रहरुका विद्यार्थीहरुको "सार्क एडभेन्चर क्याम्प" मा वसपल्ट नेपाल सहभागी भएको छ ।

भारतको दार्जीलिंगस्थित हिमालयन माउन्टेनियरिंग इन्स्टिच्यूटको आयोजनामा यही चैत २४ देखि बैशाख २ सम्म दार्जीलिंग, कालिम्पोंग तथा सिक्किमको गान्तोकमा सम्पन्न सार्क साहसपूर्ण शिविरमा नेपालका अतिरिक्त भारत, बंगलादेश, भूटान, माल्दिभ्स, पाकिस्तान तथा श्रीलंकाका विद्यार्थीहरुले भाग लिएका थिए । सार्क एडभेन्चर क्याम्पमा नेपालको तर्फबाट लावाङ्ग लामा, प्रशान्त तिवारी, सञ्जिन्द्रलाल श्रेष्ठ, यादव गौतम, अरविन तिमिल्सिना तथा नेपाल पर्वतारोहण संघका अधिकारी मधु बस्नेत सहभागी हुनुहुन्थ्यो ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को स्थायी समिति बैठकद्वारा सार्क राष्ट्रहरुबीच विभिन्न युवा शिविर संचालन गर्ने निर्णय अनुरुप थस वर्ष भारतमा सार्क एडभेन्चर क्याम्प आयोजना गरिएको हो ।

सार्क राष्ट्रका विद्यार्थीहरुले १२ दिने शिविरको क्रममा दार्जीलिंग, कालिम्पोंग र गान्तोकमा आन्तरिक तथा वाह्य रक क्लाइम्बिंग, हिमाल र पर्वत चढ्ने अपनाउनु पर्ने प्रविधि, कञ्चनजंघा क्षेत्रमा रहेको सिन्गालीला पर्वत श्रृंखलाको पदयात्रा, टीष्टा नदीमा जलयात्राका साथै सास्कृतिक महत्वका विभिन्न स्थलहरुको अध्ययन भ्रमण गरेका थिए ।

सार्क एडभेन्चर क्याम्पमा नेपालको सहभागितावाट सार्क राष्ट्रहरुमा नेपालको पर्यटन तथा पर्वतारोहण गतिविधि प्रवर्धन गर्न योगदान पुगेको नेपाल पर्वतारोहण संघका महासचिव आङ कर्मा शेर्पाले बताउनु भयो ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट नेपाल भ्रमण वर्ष १९९८ का अवसरमा बक्स सन्देश



प्यारा देशबासीहरू,

सन् १९९८ लाई नेपाल भ्रमण वर्षको रुपमा मनाउने कार्यक्रम आजदेखि प्रारम्भ भएको छ ।

मनोरम प्राकृतिक सम्पदा, अनुपम सांस्कृतिक धरोहर, वीर गौरवगाथा, नेपाली मात्रको हाँसिलो तथा मैत्रीपूर्ण व्यवहार र अतिथिलाई देवता सरह मान्ने हाम्रो संस्कृतिले गर्दा एक लोकप्रिय पर्यटकीय गन्तव्यस्थल बन्ने क्षमता नेपालले राख्दछ । पर्यटन व्यवसायमा नेपाल संलग्न भएकोले यस उद्योगले छोटो अवधिमै क्रमिक विकास गर्दै देशको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगट्न सफल भए पनि पर्यटकीय विकासको संभाव्यताको परिप्रेक्ष्यमा हामीले धेरै गर्न बाँकी नै छ ।

पर्यटन विकासका लागि शान्ति, सुरक्षा र स्थिरताको वातावरण तथा पर्यावरणको स्वच्छता जति आवश्यक हुन्छ प्रशिक्षित मानवीय स्रोत तथा भौतिक पूर्वाधार उत्तिकै अपरिहार्य हुन जान्छ । सरकारी एवम् निजी क्षेत्रको प्रयासमा पर्यटन व्यवसाय सम्बन्धी विविध क्रियाकलापलाई विस्तार गर्दै यसको फल व्यापकरूपमा प्रवाहित गरी आमजनता लाभान्वित हुन सक्ने नीति एवम् कार्यक्रम अवलम्बन गर्दै जानु वान्छनीय हुनेछ । खास गरी, पर्यटन व्यवसाय सम्बन्धी विविध क्रियाकलापलाई विस्तार गर्दै यसको फल व्यापकरुपमा प्रवाहित गरी, पर्यटन व्यवसायमा संलग्न उद्यमीहरूलाई यस दिशामा अग्रसर हुन प्रोत्साहित गर्ने वातावरणको सिर्जना गर्न सक्नुपरेको छ ।

पर्यटनबाट पर्नसक्ने नकारात्मक प्रभावबारे सजग रही नेपाल अधिराज्यको छवि र गौरवलाई बढाउँदै यस उद्योगको सकारात्मक एवम् दीगो विकासमा नेपाल भ्रमण वर्ष १९९८ ले योगदान पुऱ्याउन सकोस्– यही हाम्रो शुभकामना छ ।

नेपाल भ्रमण वर्षको आयोजना गर्नमा सघाउ पुऱ्याउने गैरसरकारी, निजी एवम् सरकारी क्षेत्रका सबैलाई हाम्रो धन्यवाद छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।

जय नेपाल ।

पुस १७, २०५४

तेञ्जिङ र हिलारी कसरी विश्वविख्यात बने ?



सर एडमण्ड हिलारी र तेञ्जिङ शेर्पाले सर्वप्रथम सन् १९५३, २९ मेमा संसारको सर्वोच्च शिखर सगरमाथामा सफलतापूर्वक आरोहण गरे र सगरमाथाको शिखरमा संयुक्त राष्ट्र संघ, बेलायत, नेपाल र भारतका झण्डा गाडेर उनीहरू सकुशल फर्के । संसारले उनीहरूको साहसको सराहना गऱ्यो । सगर माथा आरोहण–अभियानको इतिहासमा यी दुई साहसी व्यक्तिको नाउँ सुनौला अक्षरले लेखियो ।

तर सगरमाथामाथिको यो ऐतिहासिक विजय केवल एक दिनको प्रयास र केवल दुई जनाको साहसले संभव भएको होइन । यसका लागि एक दिनको होइन, एक वर्षको होइन, पूरा ६० वर्षको समय लागेको छ अनी सयौं यात्रीहरूको परिश्रम परेको छ । कैयौं यात्रीहरूले आफ्नो ज्यानसमेत गुमाएका छन्– कोही हिउँमा पुरिएर, कोही भीरमा भेउ नपाई भारीसहित खुट्टा खुस्केर त कोही हुरी बतासमा सास फेर्न नसकेर ।

साठी बर्षको अवधिमा पटक–पटक गरी पाँचवटा अभियान संचालन गरिएका थिए । पाँचौं पल्टको अन्तिम अभियानमा आएर मात्र सगरमाथाको सफल आरोहण भएको हो । यहाँ तिनै पाँचवटा अभियानको छोटकरीमा चर्चा गरिदैछ ।

आजभन्दा १०४ वर्षअघि अर्थात् सन् १८९३ मा सगरमाथाको चुलीमा चढ्ने कुराको चर्चा चलेको थियो । तर यो कुरा चर्चामै सीमित रहेर सेलायो । यसको १४ वर्ष पछि सन् १९०७ मा यो कुरा फेरि उठ्यो । सगरमाथा चढ्न तिब्बतबाट पस्नु पर्ने हुँदा तिब्बत सरकारसित अनुमति मागिएको थियो र तिब्बतले अनुमति दिन आँटेको पनि थियो तर भारत–सचिव लर्ड मार्लेले नमानेको हुँदा यो कुरा फेरि स्थगित र हुयो ।

सन् १९२० मा कर्णेल हवार्ड क्युरी तिब्बत भ्रमण गर्न आए र देश भ्रमण गर्दै उनी फारीजोङसम्म पुगे । उनले तिब्बत सरकारसित सगरमाथा चढ्ने कुराको चर्चा चलाए । सरकार बाट अनुमति प्राप्त भएपछि उनी देशको मानचित्र प्रस्तुत गर्ने अभिप्रायले अभियानमा अघि सरे ।

पहिलो अभियान (१९२१)

सन् १९२१ मा एक दल यात्रीहरू सगरमाथाको चुलीतर्फ प्रस्थान भए । मिष्टर भ्यालरीको नेतृत्वमा गएको यो दलले उत्तर भञ्ज्याङ भन्ने टाकुरामा पुगेर थर्पु जमायो । तर मौसम प्रतिकूल भैदिएकोले काममा कुनै प्रगति हुन सकेन । लाचारवश थर्पुमा केवल थकाई मारेर यो दल फर्कियो ।

दोस्रो अभियान (१९२२)

दोस्रो साल सन् १९२२ मा दोस्रो अभियान लिएर एक दल यात्रीहरू बेलायतबाट हिंडे । यो दलमा योग्य व्यक्तिहरू सामेल थिए । उनीहरूसित फोटो खिच्ने सामान र अक्सिजनका यन्त्रहरू पनि थिए । यो दलको उद्देश्य सगरमाथामा चढ्नु त छँदै थियो, साथै हिमालको मानचित्र प्रस्तुत गर्ने र तिब्बतीहरूको जीवन शैली अध्ययन गर्ने पनि थियो ।

अप्रिल महिनाको अन्तमा यात्रीहरू रम्बुक (तिब्बत) पुगे । त्यहाँ २१,००० फीट अग्लो ठाउँमा अर्थात् रम्बुकको हिउँको थुप्रामा एउटा थर्पु खडा गरे । यसै थर्पुबाट शिखरतर्फ बढ्नु थियो । मिष्टर भ्यालरीको नेतृत्वमा चारजना यात्रीहरू शिखरतर्फ बढे र अरु यात्रीहरू क्याम्पमै बसे । अक्सिजनको सहायताले यो दलले २५,००० फिटको उचाईमा पुगी त्यहाँ एउटा क्याम्प हाल्यो । भारी बोकेर यति अग्लो ठाउँमा पुगेर क्याम्प खडा गर्नु चानचुने कुरो थिएन । भोलिपल्ट बिहान झिसमिसेमै यात्रीहरू शिखर पुग्ने लक्ष्य लिएर हिंडे । केही यात्रीहरू क्याम्पमै बसे । शिखर ताकेर हिंडेका यात्रीहरू बडो परिश्रमले २६,५४० फीट अग्लो ठाउँमा पुगे । ठीक यसैबेला हिमपात हुन थालेकोले उनीहरू तोकेको ठाउँमा पुग्न सकेनन् । बाध्य भै उनीहरू क्याम्पतिर फर्के । क्याम्पमा पुगेर उनीहरूले जुन दृश्य देखे, त्यो अत्यन्तै दारुण थियो । क्याम्पमा बसेका मेजर मोर्सलसहित अरु मित्रहरू हिमपातमा परेर सोत्तर भैसकेका थिए । हिउँको चिसोले उनीहरूको ओंठ नीलो भैसकेको थियो ।

यो अभियानलाई अघि बढाउन अब क्याप्टेन फिञ्च र क्याप्टेन ब्रुस अघि सरे । यो दल पनि २५,५०० फीट उचाईमा के चढेको थियो, जोर ले हुरी बतास चल्न र हिउँ पर्न थाल्यो । यो अवस्था ३६ घण्टासम्म रह्यो । सबै शान्त भएपछि फिञ्च र ब्रुस फेरि उँभो चढ्न थाले र २७,३०० फीट अग्लो टाकुरासम्म पुगे । उनीहरूका साथमा करपोरल तेजबीर बुढाथोकी गएका थिए । पचास पाउण्ड गह्रौं अक्सिजनका यन्त्र बोकेर हिउँमा नथाकीकन हिंड्न सक्नु उनको ठूलै हिम्मत हो । यात्रीहरू अरु अगाडि बढ्दै गए तर फेरि तुसारो पर्ने छाँट देखिएको हुँदा अघि बढ्ने आँट गर्न सकेनन् । उनीहरू तल ओर्लिए ।


त्यसै वर्षको ८ जुनका दिन चौथ जना भरिया साथमा मिष्टर भ्यालरीको एउटा दल क्याम्पबाट प्रस्थान गऱ्यो– उत्तरपोलमा पुग्ने हेतुले । तर फेरि धुमधामसित हिउँ पर्न थाल्यो । बाटामा हिउँका रास थुप्रिए । हिउँको पैरो गयो, हिंड्न गारो भयो । भीरमा खुट्टा चिप्लेर भरि याहरू जतातै लड्न थाले । हिउँको पैरामा परी सातजना भरियाहरू बगेर बेपत्ता भए । यस्तो विपत्तिजनक स्थितिमा यो दलको अगाडि बढ्ने साहस भएन । उनीहरू फर्के । सन् १९२२ को दोस्रो अभियान यहीं टुंगियो ।

तेस्रो अभियान (१९२४)

सन् १९२४ मा तेस्रो अभियानको तयारी गर्ने काम भयो । यसपालाको यात्रा दलमा अघिल्ला अभियानहरूमा भाग लिएका अनुभव प्राप्त योग्य यात्रीहरू सामेल गरिए । मिष्टर भ्यालरी पनि सामेल भए, जसलाई सबै अभियानको अनुभव थियो । उनैको नेतृत्वमा यथेष्ट सरसामान लिएर कुशल यात्रीहरूको एक दल बेलायतबाट प्रस्थान गरी सरासर दार्जीलिङ आईपुग्यो । अभियानमा लैजानका निम्ति उनीहरू भरिया खोज्न लागे । सन् १९२२ को अभियानमा धेरै भरियाहरूको ज्यान गएको हुँदा अरु भरियाहरू डरले यात्रामा जान नमान्ने भै हुन् कि भन्ने डर थियो तर धनेसम्म भरियाहरू

भेटिए । शत्रुसित लड्न र सगरमाथा चढ्न सिपालु वीर नेपालीहरू पछि किन सर्थे ? अभियानमा जान किन आतिन्थे ? भन् पो रमाए, भन् पो अघि सरे । भोटे, शेर्पा र अरु, अरु जातका भरियाहरू तँछाड, मछाड गर्दै यात्रा दलमा सामेल भए ।

सम्पूर्ण तयारीका साथ यात्रीहरू दार्जीलिङबाट प्रस्थान भए । उनीहरू तिब्बत राज्यमा पर्ने फारीजोङ, खम्बाजोङ, टिङ्की र सेखार हुँदै रम्बुक गुम्बामा पुगे र त्यहाँबाट पनि अगाडि बढ्दै रम्बुको तराईको पुरानो मुख्य क्याम्पमा पुगे । तर त्यहाँ पुगेका मात्र के थिए, सारा हिमालय नै हल्लाउने गरी असाध्यै ठूलो हुरी चल्यो । केही छिनमा हुरीको चुरीफुरी समाप्त भए पछि यात्रीहरू यात्रामा फेरि जुटे । रम्बुकबाट हिंडी दुई नम्बर र तीन नम्बर क्याम्प हुँदै उनीहरू उत्तरकोल जानका लागि तयारी गर्न लागे । उत्तरकोल जानका लागि नयाँ बाटो खन्नु पर्ने भयो । किनकि साविकको बाटो हिउँमा पुरिएको थियो । बाटो खन्ने कामको जिम्मा मिष्टर भ्यालरीसमेत तीन जनाले लिएका थिए । बाटो तयार भएपछि सबै यात्रीहरू सकुशल उत्तरकोल पुगे र त्यहाँ चार नम्बर क्याम्प खडा गरे ।



भोलिपल्ट फेरि आँधी चल्यो, जसले गर्दा यात्रीहरू क्याम्पबाहिर निस्किन सकेनन् । आँधी ३६ घण्टासम्म थामिएन । दिन पनि धुम्मिएको हुँदा यात्रीहरू अगाडि बढ्नै सकेनन् । क्याम्पमा बसेर विश्राम गर्नु बाहेक उनीहरूसँग अर्को विकल्प थिएन ।

केही दिन क्याम्पमै कोच्चिएर बसेपछि बल्ल दिन केही उघ्रियो । कर्णेल नोर्टन शिखरमा चढ्ने प्रबन्ध गर्न थाले । सबभन्दा पहिले ६ जना भरियाहरू लिई मिष्टर भ्यालरी र क्याप्टन ब्रुस प्रस्थान भए । तिनले २५,५०० फीटमाथि चढेर एउटा क्याम्प खडा गरे । तर भरियाहरू थाकेर हिंड्न नसक्ने भएको र हावा पनि बेगले चल्न थालेको हुँदा यो दल अगाडि बढ्न सकेन, बाध्य भएर क्याम्पमै फर्कियो । तर उता, कर्णेल नोर्टन र डा.सोमर्भेल भने भरियाहरूका साथमा धमाधम उकालो चढ्दै थिए, शिखरतर्फ बढ्दै थिए । उनीहरू २६,९०० फीटको टाकुरामा पुगे र त्यो रात त्यहीं बिताए ।

भोलिपल्ट त्यहाँबाट भरियाहरू क्याम्पमा फर्के तर नोर्टन र सोमर्भेल भने शिखरमा नपुगी नछोड्ने विचारले अझ् उँभो चढ्न लागे र अक्सिजन बिना नै २८,२०० फीट उचाईमा पुगे । राति उत्तर कोलको क्याम्पमा सुते ।

भोलिपल्ट विहान सोमर्भेल उठे तर साथी नोर्टन उठ्न सकेनन् । उनका आँखा चिम्म थिए, शरीर सुनिएर डम्म थियो । उनी अन्धा भए, बेहोश भए । सोमर्भेल, ब्रुस र क्याम्पका अरु साथीहरू मिलेर बडो मुस्किलले अन्धा र बेहोश नोर्टनलाई हिउँको ठाडो ओरालो र भीर को बाटो झ्यानकुटी पार्दै झारे । ६० घण्टासम्म साथीहरूको सेकताप परेपछि बल्ल उनी बौंरिए, उनका आँखा पनि खुले, होश पनि खुल्यो ।

मिष्टर भ्यालरी र मिष्टर आर्वीङले शिखरमा चढ्ने अन्तिम प्रयासस्वरुप कम्मर कसे । उनीहरू २७,००० फीट उचाईमा पुगे र त्यहीं सुते ।

भोलिपल्ट, सगरमाथाको शिखरमा पुग्ने आँट र अठोट लिएर उनीहरू अघि बढे र बढ्दै गए । शिखरमा पुगेर मात्र शास फेर्ने उद्देश्यले उनीहरू त्यसतर्फ लम्कदै थिए, माथि झन् माथि चढ्दै थिए । मिष्टर ओडेल पनि पछि पछि गए । केही छिनपछि उनले मिष्टर भ्यालरी र मिष्टर आर्वीङलाई सगरमाथाको शिखरको सोझो मुन्तिरको उकालोमा धमाधम चढ्दै गरेको देखे । चुलीमा पुग्नलाई यही यौटा उकालो बाँकी थियो जुन उनीहरू एकनासले चढ्दै थिए । ठीक यसैबेला कुइरो लागेर अँध्यारो भयो र मिष्टर ओडेलले ती दुईजना साहसी यात्रीहरूलाई अरु देख्न सकेनन् । उनी निराश भए ।

निराश मिष्टर ओडेल उत्तर कोलको क्याम्पमा फर्केर आए । त्यहाँ उनले ती दुई जनाको एकटक लाएर बाटो हेरे, पर्खे, तर तिनीहरूको फर्कने कुनै लक्षण देखिएन । उनले चारैतिर खोजे, निरीक्षण गरे, वल्लो भीर, पल्लो भीर, कुनाकाप्चा सबैतिर हेरे तर त्यहाँ हिउँबाहेक केही देखिएन । अब उनलाई दुवै आरोहीहरू हिउँमा हराएको विश्वास भयो । निराश भै उनले तल मूल क्याम्पमा सूचना गरे । कर्णेल नोर्टनले उनलाई फर्कने आज्ञा दिए ।

ती दुई वीर यात्रीहरूको दुःखद निधनमा शोक मनाउन सबैजना मूल क्याम्पमा जम्मा भए । सबैका आँखा रसाए । सर्वत्र घोर निराशा छायो । दिन फेरि धुम्मियो ।

ती दुई वीर यात्री मिष्टर भ्यालरी र मिष्टर आर्वीङको सम्झनास्वरुप एउटा स्मृति स्तम्भ निर्माण गरियो । त्यसमा अंग्रेजी, नेपाली र भोटे भाषामा बाह्रजना वीर यात्रीहरूको नाउँ लेखियो, ती वीर यात्रीहरू जसले संसारप्रसिद्ध सगरमाथा अभियानमा प्राण अर्पण गरेका थिए । सन् १९२४ को तेस्रो अभियान यसप्रकार अत्यन्त शोकाकुल वातावरणमा समाप्त भयो ।

चौथो अभियान (१९३३)

यो अभियानका यात्रीहरूले २७,४०० फीट उचाईमा पुगेर एउटा थर्पु हालें । त्यहाँबाट उनीहरू २८,१०० फीटको चुलीसम्म पुगे । र टलज साहेबको नेतृत्वमा गएको यो दल यहाँभन्दा माथि चढ्न सकेन । यो अभियान यहीं टुंगियो ।

सन् १९३६ र सन् १९३८ मा पनि सगरमाथा चढ्ने सानातिना प्रयासहरू भए तर खास त्यस्तो उल्लेखनीय सफलता प्राप्त भएन ।

पाँचौ अभियान (१९५३)

सन् १९५३ मा लोहन हण्ट साहेबको नेतृत्वमा नेपालबाट एभरेष्ट चढ्ने एउटा ठोस प्रयास भयो र यो पाँचौं पटकको अभियान अति महत्वपूर्णसिद्ध पनि भयो । यो अभियान दलमा हिलारी, तेन्जिङ्ग शेर्पा, दा. तेन्जिंग नाम्ग्याल आदि वीर यात्रीहरू सामेल थिए । यो दलले २८ मईको दिन २७,९०० फीट उचाईमा पुगेर एउटा थर्पु खडा गऱ्यो । त्यसको भोलिपल्ट हिलारी र तेन्जिङ्ग शेर्पा थर्पुबाट प्रस्थान भए– सर्वोच्च शिखर सगर माथामा पुग्ने साहस समेटेर । आखिर त्यही दिन अर्थात् २९ मई १९५३ का दिन ती दुई वीर यात्रीले सगरमाथाको शिखरमा पुगेरै सास फेरे, ८८४८ मी. अग्लो टाकुरामा टेकेरै छोडे ।

त्यहाँ ती दुई वीर यात्रीहरूले संयुक्त राष्ट्र संघ, बेलायत, नेपाल र भारतको झण्डा गाडे । त्यहाँबाट देखिने प्राकृतिक छटा एवम् टाढा टाढाका मनमोहक दृश्य हेर्दै उनीहरू सकुशल ओर्लिए । यसरी, साठी वर्षको अटूट प्रयास र सयौं यात्रीहरूको अदम्य साहसको फलस्वरुप नै सगरमाथाको शिखरमा चढ्ने साठी वर्ष अघिको सपना साकार हुन सक्यो ।

पारसमणि प्रधान (साभार: विमोचन मासिक)

सन् १९९७ को पर्वतारोहण गतिविधि

उमेशकुमार सिंह

श्री ५ को सरकारले नेपाल अधिराज्यका १५२ हिमशिखरहरू पर्वतारोहणको लागि खुल्ला गरेको छ। यसमध्ये तुलनात्मक रूपले कम उचाइका १८ वटा हिमशिखरहरूको आरोहण अनुमति प्रदान गर्न नेपाल पर्वतारोहण संघलाई अधिकार दिइएको छ। यी १८ वटा हिमशिखरहरूलाई चलनचल्तीको भाषामा "ट्रेकिङ पिक" भनिने गरिएको छ। "ट्रेकिङ पिक" हरूको आरोहण अनुमति शुल्क समेत नेपाल पर्वतारोहण संघले नै पाउने, र सोरकमको उपयोग गरी नेपाल पर्वतारोहण संघले नेपालमा पर्वतारोहणको विकासको लागि विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएको छ।

बाँकी अन्य १३४ हिमशिखरहरूको आरोहण अनुमति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रदान गर्दछ।

श्री ५ को सरकारले पर्वतारोहणका लागि विभिन्न चार ऋतुहरूमा अनुमति प्रदान गर्दछ। १ मार्च देखि ३१ मईसम्म वसन्त ऋतु, १ जुन देखि १५अगष्टसम्म ग्रीष्म ऋतु, १ सेप्टेम्बरदेखि १५ नोभेम्बरसम्म शरद ऋतु र १ डिसेम्बरदेखि १५ फेब्रुअरीसम्मलाई हिउँद ऋतुमा वर्गीकरण गरिएको छ। जुन ऋतुका लागि आरोहण अनुमति प्रदान गरिएको हुन्छ, सो ऋतुको अन्तिम दिन भित्रमा नै पर्वतारोहण दलहरुले आरोहण कार्य सम्पन्न गर्नु पर्ने हुन्छ। एक पर्वतारोहण दलमा बढीमा १२ जना सम्म मात्र सदस्य रहन सक्ने व्यवस्था छ।

नेपालमा बढी मात्रामा पर्वतारोहण दलहरुले, शरद ऋतुमा आरोहण कार्य गर्दछन् र त्यसपछि क्रमैसँग वसन्त ऋतु, र हिउँद ऋतुमा बढी आरोहण हुन्छ। ग्रीष्म ऋतुमा यदाकदा मात्र आरोहण कार्य हुने गर्दछ। ग्रीष्म ऋतुमा हिउँ पग्ली चिरा परेर, अत्यधिक मात्रामा हिउँका खाडल (CREVASSE) हरू निर्माण हुने हुँदा, आरोहण कार्य कठिन हुनजान्छ।

शरद ऋतुमा ७५०० मिटरको उचाइ भन्दा माथि अनवरत रूपमा तीव्र हावा (JET STREAMS) चल्दछ र यसले गर्दा आरोहणमा कठिनाइ उत्पन्न हुने गर्दछ। यसकारणले ८००० मिटर भन्दा माथिका हिमशिखरहरूमा शरद ऋतु भन्दा बढी वसन्त ऋतुमा आरोहण कार्य हुन्छ। १९९७ को शरद ऋतुमा ८००० मिटर भन्दा माथिका हिमशिखरहरूमा २५ दलले र वसन्त ऋतुमा ३३ दलले आरोहण गरेको देखिन्छ।

उपरोक्त विवरण अनुसार १९९७ को वसन्त ऋतुमा ५० दल, शरद ऋतुमा ६८ दल र हिउँद ऋतुमा ८ दल गरी जम्मा १२६ पर्वतारोहण दलहरुले नेपालका विभिन्न २९ वटा हिमशिखरहरुमा आरोहण कार्य गरेको देखिन्छ। ग्रीष्म ऋतुमा भने कुनै दलले आरोहण गरेको देखिँदैन।

१३४ हिमखिशर मध्ये २९ वटा हिमखिशरहरुमा मात्र गत वर्ष आरोहण कार्य भएको छ। कैयौं हिमशिखरहरुमा एक पटक आरोहण भएपछि पुनः आरोहण नभएको पनि भेटिन्छ। कोही कोही पर्वतारोहीले आरोहण कार्य नभएका शिखरहरु (VIRGIN PEAK) चढ्न खोज्ने हुँदा, निजहरुको मागमा शिखर खोलिएको, र पछि त्यहाँ अरू दल नगएको तथ्य हेर्दा यसरी कसैको अहंको सन्तुष्टिको लागि मात्रै शिखरहरु खोल्नु पनि के कति उचित छ ? यो विचारणीय हुन आउँछ।

नेपालका सबै क्षेत्रमा हिमशिखरहरु पर्वतारोहणको लागि खोलिएका भए पनि पूर्वी र मध्य नेपालमा मात्र पर्वतारोहण दलहरु बढी मात्रामा जाने गरेको र पश्चिम र सुदूर पश्चिममा धेरै नै कम संख्यामा पर्वतारोहण हुने गरेको देखिन्छ। हालै मात्र श्री ५ को सरकारले पश्चिम नेपालका सेती, महाकाली र कर्णाली अञ्चलमा अवस्थित विभिन्न १९ वटा हिमशिखरहरुमा लाग्ने आरोहण दस्तुर सन् १९९८ र १९९९ को लागि मिनाहा दिने निर्णय गरेको छ, यसले गर्दा त्यस क्षेत्रमा पर्वतारोहण बढ्ने आशा गर्न सकिन्छ।

सन् १९९७ को वसन्त ऋतुमा ४७ जना पर्वतारोहीहरु सगरमाथाको शिखरमा पुग्न सफल भए। तीमध्ये २५ जना नेपाली थिए। मलेसियाका पर्वतारोहीहरुले प्रथम पटक सगरमाथा आरोहण गरे भने इण्डोनेसियाका पर्वतारोहीहरुले प्रथम पटक नेपालतर्फबाट सगरमाथा शिखरमा पुग्न सफल भए। नेपालका आप्पा शेर्पाले यसै वर्ष आठौं पटक सगरमाथा शिखरमा पुगेर नेपालको गौरव बढाएका छन्।

सन् १९९७ को शरद ऋतुमा दुईवटा दलले सगरमाथामा आरोहण प्रयास गरे तर कुनैले पनि सफलता प्राप्त गरेनन्।

सन् १९९७ मा विभिन्न दलहरुले नेपालमा गरेको आरोहणको विवरण :

क्रमसंख्या	हिमशिखरको नाम र उचाइ	दल संख्या वसन्त	शरद	हिउँद
१.	सगरमाथा ८८४८ मि.	१०	२	
२.	कञ्चनजंगा ८५८६ मि.	७		
३.	ल्होत्से ८५१६ मि.	५	४	
४.	मकालु ८४६३ मि.	३	४	
५.	धौलागिरी ८१६७ मि.	६	४	१
६.	अन्नपूर्ण प्रथम ८०९१ मि.	१	३	२
७.	मनास्लु ८१६३ मि.		७	२
८.	ल्होत्से सार ८४०० मि.	१		
९.	बरुन्त्से ७१२९ मि.	१	९	
१०.	पुमोरी ७१६१ मि.	३	८	
११.	पत्रासी ६४५० मि.	१		
१२.	टुकुचे ६९२० मि.	१	१	
१३.	नुप्त्से ७८५५ मि.	१	२	
१४.	शान्ति शिखर ७५९१ मि.	१		
१५.	गिमीगेला ७३५० मि.	१		
१६.	हिमलुङ ७१२६ मि.	१		
१७.	पाथिभरा ७१२५ मि.	१		
१८.	नुम्बुर ६९५७ मि.	१		
१९.	अन्नपूर्ण चौथो ७५२५ मि.		२	
२०	गणेश तेस्रो ७११० मि.		१	
२१.	कुम्भकर्ण ७७१०मि.		१	
२२.	मकालु दोस्रो ७६७८ मि.		२	
२३.	रक्सा उराइ ६५९३ मि.		१	
२४.	तिलिचो ७१३४ मि.		१	
२५.	वराह शिखर ७६४७ मि.		१	
२६	पृथा हिउचुली ७२४६ मि.		१	
२७.	अन्नपूर्ण साउथ ७२५९ मि.		१	
२८.	आमादब्लम ६८१२ मि.	५	१२	३
२९.	चोअोयु ८२०१ मि.		१	
जम्मा		५०	६८	८

पर्वतारोहणको पीडा: कति पोल्छ, कति चह्याउँछ ?

पेशल पोखरेल

यतिखेर चार हजार मिटरभन्दा माथिका प्रायः सबै डाँडाहरू "हिमाल" भएका छन्। धेरै ठाउँमा हिउँ फुस्फुसाइरहेको छ। अग्ला उचाईका वस्तीहरूसमेत सेताम्मे भएका छन्। छिरिङहरू फुर्सदमा छन् आजभोलि। लाक्पा र लोप्साङहरूसँग पनि तोड्वा तानेर दिन कटाउनु बाहेक कुनै विकल्प छैन। हिमाल चढ्दा लगाउने गरेको मिङ्माको पाँच वर्ष पुरानो बुट कुनामा त्यतिकै थन्किएको छ। अहिले उनीहरू बेरोजगार छन्। आगामी सिजन कस्तो होला, हिमाल चढ्न पाइएला कि नपाइएला, कस्तो टोली आउने हो, भने जति पैसा दिने हो कि ठगेर फर्किने हो, फेरि पोहोर दावानोर्बु चिप्लिए जस्तै हिमाली अक्करमा डोरी टाँग्दा टाँग्दै चिप्लिएर ज्यानै गुमाउनु पर्ने हो कि ? काठमाडौं गएको सरदारले बेलैमा खवर गर्ला कि नगर्ला ? मिङ्मा यस्तै सोचिरहेको छ।

उता, गत वर्ष मिङ्मा र उसका सहयात्रीहरूले चार पाँचपल्ट ओहोरदोहोर गर्दै आठ हजार मिटर कटाइदिए पछि चोमोलोङ्माको चुचुरो पुगेको न्यूजिल्याण्डको बूढो पर्वतारोही (मिङ्माले उसको नाम बिर्सिसकेको छ) यूरोपका कोठे गोष्ठीहरूमा आफ्नो साहस कथा भट्याइरहेको छ, हिमालको चुनौतीलाई आफ्नो एक्लो साहसले जितेको व्याख्यान सुनाई रहेको छ। बाटो बनाईदिने शेर्पाहरूको मेहनत उसले बिर्सिसकेको छ। हिमालका धारहरूमा पनि कति नहड्बडाइकन कुस्त सामान बोकेर ठाउँ ठाउँमा क्याम्प बनाईदिने नेपाली बहादुरहरूको बहादुरी पनि उसले बिर्सन थालेको छ। युरोपका धेरै ठाउँमा उसको अभिनन्दन भइरहेको छ। तर, हाम्रा मिङ्माहरूको कहिं नाम छैन, कुनै मूल्य छैन। उनीहरू बाँच्नकै निम्ति एउटा पीडा बोकेर बाँचिरहेका छन्– पर्वतारोहणको पीडा, अझ् भनौं गरीवीको पीडा।

मिङ्मा र उसका सहयात्रीहरूले चार पाँचपल्ट ओहोर दोहोर गर्दै आठ हजार मिटर कटाइदिए पछि चोमोलोङ्माको चुचुरो पुगेको न्यूजिल्याण्डको बूढो पर्वतारोही (मिङ्माले उसको नाम बिर्सिसकेको छ, यूरोपका कोठे गोष्ठीहरूमा आफ्नो साहस कथा भट्याइरहेको छ, हिमालको चुनौतीलाई आफ्नो एक्लो साहसले जितेको व्याख्यान सुनाई रहेको छ। बाटो बनाईदिने शेर्पाहरूको मेहनत उसले बिर्सिसकेको छ। हिमालका धारहरूमा पनि कति नहड्बडाइकन कुस्त सामान बोकेर ठाउँ ठाउँमा क्याम्प बनाईदिने नेपाली बहादुरहरूको बहादुरी पनि उसले बिर्सन थालेको छ। युरोपका धेरै ठाउँमा उसको अभिनन्दन भइरहेको छ। तर, हाम्रा मिङ्माहरूको कहिं नाम छैन, कुनै मूल्य छैन। उनीहरू बाँच्नकै निम्ति एउटा पीडा बोकेर बाँचिरहेका छन्– पर्वतारोहणको पीडा, अझ् भनौं गरीवीको पीडा।

हामीकहाँ हिमालयहरू त थुप्रै छन्, तर त्योभन्दा व्यापक छ हाम्रो दरिद्रता। साहसी शेर्पाहरू तनले दरिद्र छन्, मन उदार छ उनीहरूको। तर काठमाडौंमा बसेर रोयल्टी उठाउनेहरू, नीति बनाउनेहरू, हिउँ देख्दै नदेखी हिममार्गको नक्सा कोर्नेहरू मनले दरिद्र छन्। अनि, दशौंपल्ट सगरमाथाको चुचुरो टेकेर ऐतिहासिक कीर्तिमान बनाउने आङरिता शेर्पाको पनि यहाँ मूल्य छैन। हो, युरोपमा भए उनी राष्ट्रिय विभूति कहलिन्थे। अन्तर्राष्ट्रिय मानसम्मान मिल्दथ्यो। तर हाम्रो आङरिता, कैयौ चुनौतीपूर्ण क्षणलाई हत्केलामा ज्यान राखेर पचाउने आफ्नै आङरिता अहिले कहाँ छन्, कसरी बसिरहेका छन्, कसैलाई मतलव छैन। आङरितासे देशकै निम्ति थुप्रै विदेशी प्रस्तावहरू ल्याए। सोलु–थामेमा कुटो–कोदालो गरिरहेकी श्रीमती र छोराहरूको मात्र हैन, उनलाई नेपालको मायाँले अँठ्याइरह्यो। तर खै र ष्ट्रले उसलाई कस्तो माया दियो ? एक दुई वटा पदक, एक दुई वटा पुरस्कार र एक दुई वटा अभिनन्दनमै उनको गुण तिरियो त ? रेनहोल्ड मेस्नर विश्वप्रसिद्ध बन्दा हाम्रा आङरिता किन उनको समकक्षमा पुग्न सकेनन् ? अनि, ट्रेकिंग एजेन्सीहरूको चाकडी गर्नुपर्ने स्थिति किन बारम्वार दोहोरिरहन्छ ? प्रश्न थुप्रै छन्। जवाफ दिने निकायहरू संवेदनाहीन लाटा जस्तै देखिएका छन्।

मे २९, १९५३ मा तेन्जिङ र हिलारीले सगरमाथाको चुचुरो देख्दा तत्कालीन नेपालले एउटा गर्वोन्नत भविष्यको कल्पना गरेको थियो शायद। हाम्रै तेन्जिङले हाम्रो नाक ठाडो बनाएका थिए। पछि, फु दोर्जीहरू आए, पर्तेम्बाहरू आए, सुन्दरे, शम्भु तामाङ र नारायण श्रेष्ठहरू आए। १८ वर्षमै सगरमाथा जित्ने शम्भु तामाङ, लवेदा सुरुवालमा चुचुरो टेक्ने लोप्साङ जाङ्बु, एकसाथ साउथ समिट टेक्ने साहस बोकेका डिग्मी र लाक्पा दम्पती, नुप्चेको शिखरबाट लड्दा लड्दै बाँचेका दावानोर्बु, वीरांगना पासाङल्हामु, हिउँमै हराएका चर्चित हिम सरदार सोनाम छिरिङ– सबै सबैले आ–आफ्नो कीर्तिमान बनाए। कतिले शिखर चढ्दा चढ्दौ वा फर्कदा फर्कदै आफ्नै बली चढाए। तर यी आरोहीहरूले पाउनु पर्ने मूल्य पाएनन्। युरोपका कतिपय लेखकहरूले हाम्रो वीरहरूबारे चास्सचुस्स लेखिसकेका छन्। शेर्पाहरूको साहसबारे जिज्ञासा राख्ने गरिएको छ। तर, हाम्रो पाठ्यपुस्तकहरूमा कतै पनि आङरिताको जीवन पढ्न पाइन्न। सोनाम छिरिङको साहसकथा पनि कतै भेटिदैन। उनीहरूका कथा पत्रपत्रिकाका क्लिपिङहरूमा सीमित छन्। सरकारी स्तरमा पनि उनीहरूबारे कुनै अभिलेख छैन। हाम्रा वीर आरोहीहरू यो पीडा पनि चुपचाप सहिरहेका छन्।

हामी कहाँ अलेक्सेइ करास्वोकुल्स र क्याथरिन जेब्सन (एकैपल्ट सगरमाथा आरोहण गर्ने दम्पती)को जति साहस बोकेका श्रीमान् श्रीमती पनि नभएका होइनन्। रेनहोल्ड मेस्नर र भोतेक कुर्तिका जस्तै धेरै शिखर चढेर कीर्तिमान बनाउने तीव्र अभिलाषा बोकेका तन्नेरीहरू पनि नभएका होइनन्। तर उनीहरूको उत्साहलाई यथार्थ बनाइदिने यहाँ कुनै उत्प्रेरणा छैन। पासाङ ल्हामुले आफ्नै नेतृत्वमा नेपालीहरूको मात्रै आरोहण



आंगरिता शेर्पा



आप्पा शेर्पा



शम्भु तामाङ



सुन्दरे शेर्पा

टोली लेजानका लागि खानुपरेको हण्डरको कथा त्यति पुरानो भएको छैन । हो, संयोगले नेपालीहरूमात्रै सम्मिलित केही टोलीले एक दुई पटक केही शिखरको आरोहण गर्ने अवसर पाएका छन् । तर खुम्बुका हाम्रा साहसी तन्नेरीहरू सीप र साहस भएर पनि त्यतिकै खुम्चन विवश छन् । एउटा आरोहणका लागि चाहिने लाखौं लाखको खर्च उनीहरूलाई कसले जुटाइदिने ? त्यसैले उनीहरू कुल्ली बन्न विवश छन् । ट्रेकिङ टोलीको कुल्लीबाट "क्यारियर" शुरु गर्नु, विस्तारै हिमभरिया बन्नु र पर्वतारोहण टोलीको भरिया कै रुपमा आक्कल झुक्कल चुचुरो टेक्न पाउनु बाहेक उनीहरूसँग अरु विकल्प छैन । आङरिता सात पल्ट सगरमाथा जित्दासम्म पनि कामदार थिए । त्यसपछि मात्र उनी सरदार बने । प्रचण्ड हिमपात, आँधीहुरी छल्दै विदेशीहरूका निम्ति बाटो पहिल्याईदिनु, डोरी टाँग्नु, क्याम्प बनाउनु, विदेशीहरूलाई चाहिने अक्सिजन, खानेकुरा अन्तिम शिविरसम्म पुऱ्याउनु, कुनै आरोही चढ्दाचढ्दै थला पऱ्यो भने बोकेरै भए पनि शिविरसम्म पुऱ्याएर उसको कीर्तिमानका लागि सहायक बनिदिनु र फर्कदा ६०, ८० हजार रुपैया जति दिन्छन्, त्यसैमा चित्त बुझाउनु– शेर्पाहरूको नियति नै यस्तै छ । एउटा सिजनमा कमाएको त्यही पैसाले उनीहरूले वर्षभरि परिवार पाल्नु पर्छ । हिमाली गाउँहरूको महँगीमा आफ्ना रहर र सौखहरूलाई खुम्चयाउँदै अर्को सिजनको पर्खाइमा चुपचाप बस्नु पर्छ ।

उता उनीहरूकै सहयोगमा शिखर टेक्ने विदेशीहरूले ख्याति कमाउँछन्, किताब लेख्छन्, ठाउँ–ठाउँमा उनीहरूको अभिनन्दन हुन्छ । तर हाम्रा शेर्पाहरू, विदेशीलाई शिखर टेकाउन ज्यान हत्केलामा राख्ने हाम्रै दाजुभाइहरूलाई कसैले वास्ता गर्दैनन् । आफ्ना अन्नदाताहरूप्रति कृतज्ञ हुनुमै उनीहरू सन्तोष मान्छन् । अनि ठाउँ ठाउँमा अक्सिजन सुघ्दै बल्ल बल्ल शिखर पुगेका विदेशीहरूले बिना अक्सिजन चढेको दावी गरे पनि उनीहरू चुपचाप बसिदिन्छन् । बाटाभरि उचाल्दै, घचेट्दै लगेको मान्छेले एकल आरोहण गरेको अडान लिए पनि उनीहरू केही बोल्दैनन् । अलि धेरै समय भारी बोक्न पाए हुन्थ्यो, यो सिजनमा अलि धेरै दिन हिमालमै बस्न पाए हुन्थ्यो । अरु एक हप्ता बस्न पाए दुई, चार हजार कमाइन्थ्यो कि– उनीहरू यस्तै सोच्छन् । हो, सपना त उनीहरू पनि देख्छन्– मेस्नरले देखेको जस्तै सपना । तर, त्यसलाई विपना बनाईदिने हामीकहाँ प्रभावकारी निकाय छैन । त्यसैले उनीहरू मौन छन् । काठमाडौं आएको बेला ठमेलका गल्लीहरूमा त्यतिकै भौतारिइरहेका आङरिताहरूलाई देख्दा लाग्छ– जिउँदो दन्त्यकथा मानिने आङरिता यिनै हुन् त ?



केही बाठा पर्वतारोहीले आफ्नै प्रयासले केही उन्नति नगरेका पनि होइनन् । केहीले ट्रेकिङ्ग एजेन्सीहरू पनि खोलेका छन् । युरोपतिर गएर तालिम लिने मौका पनि पाएका छन् । हाम्रा शेर्पाहरूले विदेशी हिमाल पनि चढेका छन् । कतै कतै विदेशी संग्रहालयहरूमा हाम्रा बहादुरहरूका जीवनी अंकित पत्रपत्रिकाहरू पनि नभेटिने होइनन् । तर त्यसलाई अपवाद मात्र मान्नुपर्ने बाध्यता छ हामीसँग । हाम्रा धेरै आरोहीहरू त्यतिकै हराएका छन् । बिना अक्सिजन सगरमाथा चढ्ने पहिलो नेपाली मिङमा शेर्पा खुम्जुङमा कोदालो खन्दैछन् कि के गर्दैछन्, कसैलाई थाहा छैन । पाङबोचेकी महिला आरोही आङरिता पनि कहाँ छिन्, कुनै जानकारी छैन । दौरा सुरुवाल लगाएर सगरमाथाको शिखर टेक्ने लोप्साङ जाङबु अहिले इतिहास भइसके । तर उनको परिवार विपन्नताको कुन भेलमा पौडिरहेको छ, कसैलाई चासो छैन । आरोहीहरूले शिखर टेकेको वर्षौं वितिसक्दा पनि उनीहरूको नाम आरोहीहरूको सूचीमा चढ्दैन । उनीहरू साहस–कथाको एउटा सानो पात्र बन्ने अवसरबाट पनि वञ्चित छन् । र, हिमाले हिमालको देश, विश्वप्रसिद्ध पर्वतारोहीहरूको देश पर्वतारोहणबाट यश, कीर्ति र प्रसिद्धमात्र हैन, प्रसिद्धिका आधार स्तम्भ बन्ने हाम्रा हजारौं दाजुभाइहरूको दुःख र पीडा पनि सँगसँगै भोगिरहेको छ । नीति–निर्माताहरूलाई त्यो घाउ किन दुख्दैन ? त्यो पीडा किन चहऱ्याउँदैन ??

हिमाली संरक्षण क्षेत्रहरू: आर्थिक स्रोतका केन्द्र बन्न सक्दछन्



वटु उप्रेती

क्षेत्रफल अनुसार जीव विविधतामा धनी मानिएको देश नेपालमा जीव तथा प्राकृतिक स्रोत एवम् सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने क्षेत्रहरूको संरक्षण, सम्वर्द्धन, विकास, व्यवस्थापन र स्रोतको दीगो उपयोग गरी देशको आर्थिक विकासमा समेत सहयोग पुऱ्याउन विभिन्न संरक्षण क्षेत्रहरू स्थापना भएका छन्। देशको विभिन्न पारिस्थितिकीय प्रणाली (इकोसिष्टम)को प्रतिनिधित्व हुने गरी जीवको संरक्षण एवम् व्यवस्थापन गर्न क्रमशः ८, ४, १ र ३ वटा राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्रहरू स्थापना भै सकेका छन्। यी क्षेत्रले देशको कूल भू-भागको करीव १५ प्रतिशत क्षेत्रफल ओगटेका छन्। देशमा पहिचान भएका करीव ११८ मध्ये ३८ प्रकारका इकोसिष्टम यी क्षेत्रमा पाइएका छन्।

सन् १९७३ देखि १९९७ बीच घोषणा भएका विद्यमान संरक्षण क्षेत्रमध्ये ६ वटा राष्ट्रिय निकुञ्ज, ३ वटै संरक्षण क्षेत्र र शिकार आरक्षको केही वा पूर्ण भाग हिमाली क्षेत्रमा पर्दछ। नेपालमा स्थापित राष्ट्रिय निकुञ्जले ओगटेको कूल भू-भागको करीव ८० प्रतिशत क्षेत्र हिमाली क्षेत्रमा रहेका राष्ट्रिय निकुञ्जले समेटेका छन् (तालिका "क")। यी सबै हिमाली क्षेत्रहरू जीव विविधतामा धनी छन्। तर वन्यजन्तु आर क्षहरूले हिमाली इकोसिष्टमको प्रतिनिधित्व गर्दैनन्, यी सबै तराई क्षेत्रमा छन्। हिमाली निकुञ्जहरूको स्थापनाको लागि सन १९७६ र १९८४ को वर्ष महत्वपूर्ण हुन आएको छ भने संरक्षण क्षेत्रको लागि सन् १९९० दशकको शुरुका वर्षहरू संझनायोग्य छन्।

हिमाली भू-भागको विषम हावापानी र कम उत्पादकत्व माटोको कारण यहाँ खाद्यान्न र स्रोतको उत्पादन कम हुने गरेकोले यी क्षेत्रका वासिन्दाको आर्थिक अवस्था कष्टप्रद छ। तर प्रकृति प्रदत्त यो पर्वतीय क्षेत्रको आफ्नै विशेषता छ। वर्षौंमा हुर्केका वन वनस्पतिले विभिन्न प्रकारका जनावर र पशुपंक्षीलाई वासस्थान दिएका छन्। यहाँ अन्यत्र नपाइने वा रैथाने वनस्पति र जंगली जनावर पाइन्छन्। नेपालमा पहिचान भएका २४६ प्रकारका रैथाने वनस्पतिका प्रजाति मध्ये क्रमशः ५५, ३६, ३०, १६ र १५ प्रजातिहरू अन्तर्पूर्ण संर क्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष, सगर माथा, रारा र लांगटांग राष्ट्रिय निकुञ्जहरूमा पाइएका छन्। यो निधिलाई संरक्षण गर्न यी संरक्षण क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ।

यी संरक्षण क्षेत्रमा पाइने वन्यजन्तुहरू समेत गरी नेपालका २६ प्रजातिका स्तनधारी, ९ प्रजातिका चरा, ३ प्रजातिका रेप्टाईल्स (घस्रने प्राणी) तथा १२ प्रजातिका वनस्पति र सबै झ्याउहरू राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, र वन ऐन २०४९ एवम् वन नियमावली २०५१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले संरक्षित प्रजातिको सूचीमा राखेको छ।

विवाद : जनताको लागि चाहिने संरक्षण भित्र रहेको मूख्यतः वन स्रोतको प्रयोगलाई विगतका कानूनले प्रतिवन्ध लगाएको थियो। तर ती क्षेत्रमा रहेका जनावरले स्थानीय जनताको बालीनाली, घरपालुवा जनावर आदिको नोक्सान भने अत्यधिक रुपमा गरी नै रहेका थिए। जनावरले गरेको नोक्सानीको क्षतिपूर्ति पाउने व्यवस्था कानूनतः छैन र क्षतिपूर्तिको व्यवस्था नै भए पनि यो प्रावधान दीगो नहुन सक्दछ। गरीबीको चपेटामा परिरहेका स्थानीय जनताको लागि आर्थिक विकास वा जंगली जनावरको संरक्षणमा कुनलाई प्राथमिकता दिने भन्ने प्रश्न अगाडि तेर्सिन्थ्यो। संरक्षण क्षेत्रको वन पैदावार पनि के कसरी प्रयोग गर्न सकिन्छ भन्ने चासो स्थानीय जनताको रहि नै रह्यो। यसबाट जनता र जनावर दुवै प्रतिस्पर्धाको साँधमा उभिन पुगे। गरीबी निवारणको आवश्यकता र रैथाने जीवको संरक्षण दुवै त्यत्तिकै महत्वपूर्ण भए पनि समस्या जटिल हुँदै गयो। संरक्षण क्षेत्रको विकासको अभियानमा केही पर्यटकबाट हुने आम्दानी र कृषि उत्पादनबाट मात्र स्थानीय जनताले जीवन गुजार्नु समेत पऱ्यो।

संरक्षण क्षेत्रको स्रोत जन आवश्यकता पूरा गर्ने कार्यमा प्रयोग गर्न नसकिएमा स्रोत संरक्षण कसका लागि भन्ने प्रश्न पनि आउन थालेकोले स्थानीय जनता र प्राकृतिक सम्पदा दुवैलाई फाइदा हुने प्रकार ले हाम्रा स्रोत संरक्षण कार्यलाई कसरी अगाडि वढाउन सकिन्छ, सो तर्फ चासो वढनु स्वभाविकै हुन आयो। यही अनुरुप स्रोतको उपयोग र संरक्षणमा देखिएका

विवादलाई कम गर्दै लगी स्थानीय जनतालाई स्रोत संरक्षणको मूल प्रवाहमा सामेल गराउन विद्यमान कानूनमा संशोधन समेत भयो । यसै अनुरुप स्थानीय वासिन्दालाई नियमित रुपमा वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि मध्यवर्ती क्षेत्रको अवधारणा संरक्षण क्षेत्रको विकाससँग सम्बन्धित कानूनमा समावेश भएको छ र यस प्रावधानलाई कार्यान्वयन गर्नको लागि मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ समेत लागू भै सकेको छ । यस नियमावलीले संरक्षण क्षेत्रको सीमा वरपर स्थानीय वासिन्दाको संलग्नतामा वन्यजन्तु, प्राकृतिक स्रोत तथा वातावरण, जीव विविधता, वन जंगल र विकास निर्माणका कार्यहरू व्यवस्थापन कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्न सकिने व्यवस्था मिलाएको छ । यी कार्यक्रमहरू उपभोक्ता समूह गठन गरी कार्यान्वयन हुनेछन् । त्यस्तै संरक्षण क्षेत्रको व्यवस्थापन तथा विकासको लागि संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ समेत लागू भै सकेको छ । विद्यमान कानूनहरूमा निम्न ऐन तथा निमयावलीहरू हिमाली संरक्षण क्षेत्रको विकास, व्यवस्थापन र स्रोतको दीगो उपयोग लागि आकर्षित देखिन्छन् । यी कानूनी प्रावधानहरूको सफल कार्यान्वयनले संरक्षण क्षेत्रको व्यवस्थापन र स्थानीय जनताको सामाजिक आर्थिक विकासमा महत्वपूर्ण भूमिका निभाउने विश्वास गरिएको छ र हालका विवादहरूलाई कम गर्न समेत सहयोग पुग्नेछ ।

ऐन नियमहरू	वर्ष
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन	२०२९
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली	२०३०
हिमाली राष्ट्रिय निकुञ्ज नियमावली	२०३६
मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली	२०५२
संरक्षण क्षेत्र व्यवस्थापन नियमावली	२०५३

पर्यटकको आकर्षणको केन्द्र : हिमाली संरक्षण क्षेत्रहरू जीव विविधताको संरक्षणको लागि मात्र नभएर पर्यटकको लागि समेत आकर्षणको केन्द्र बन्दै गएका छन् र बनाउनु पर्ने बाध्यता पनि रहेको छ । भलै यी क्षेत्रहरूमा पर्यटकको संख्या र तिनबाट हुने आम्दानी हालका वर्षहरूमा केही कम छ तापनि यसबाट यथेष्ट आम्दानी गर्न सकिने संभावना भने न्यून भएको छैन ।

विद्यमान आंकडालाई नियाल्दा नेपालको राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षहरूमा आ.व. २०५३।५४ मा करीब एक लाख बाउन्न हजार पर्यटकहरूले अवलोकन गरे र यसको दुई–तिहाई विदेशी पर्यटकहरू थिए । विदेशी पर्यटकहरू मध्ये करीब २६ हजार (२७ प्रतिशत) हिमाली संरक्षण क्षेत्रमा पुगेका थिए । समग्रमा हेर्दा निकुञ्ज र आरक्षहरूले करीब ७ करोड २४ लाख रुपैया आम्दानी गरेको देखिन्छ । तर यी संरक्षण क्षेत्रमा कूल आम्दानीको करीब २ प्रतिशत मात्र आम्दानी रहको छ । तर तराईदेखि हिमाली क्षेत्रका सबै संरक्षण क्षेत्रको आम्दानीलाई विचार गर्दा पर्यटन व्यवसायको हिस्सा करीब ८० प्रतिशत पर्ने कुरा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको आ.व. २०५२।५३ को वार्षिक प्रतिवेदनमा उल्लेख भएको छ ।

यो राजस्व आम्दानीको स्रोत शिकार अनुज्ञापत्र, चलचित्र छायांकन इजाजत पत्र, प्रवेश शुल्क, होटल रोयल्टी, हात्ती सवारी, दण्ड जरिवाना, काठ रोयल्टी, चरिचरन, खर खडाई आदि प्रमुख रहेका छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (चौथो संशोधन, २०४९) अनुसार राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम मध्ये ३० देखि ५० प्रतिशतसम्मको रकम स्थानीय निकायसंग समन्वय गरी स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न सकिने प्रष्ट कानूनी व्यवस्था भएकोले संरक्षण क्षेत्रमा कसरी आम्दानी बढाउन सकिन्छ र सोलाई सामुदायिक विकासमा कसरी प्रयोग गर्न सकिन्छ, हालको चासोको विषय भएको छ ।

हिमाली क्षेत्रमा पर्यटकलाई आकर्षण गर्ने प्रकृति प्रदत्त स्रोत कम भएर राजस्वमा कमी आएको होइन, बल्की ती क्षेत्रका चुनौती र अवसरहरूलाई पहिचान गरी प्रचार–प्रसार र सेवा एवम् सुविधा बढाई पर्यटकलाई त्यहाँ लैजान संस्थागत कार्यको अभाव कम भएर यस्तो भएको हुनु पर्दछ । उदाहरणको लागि, अन्नपूर्ण संरक्षण क्षेत्रमा उपलब्ध सेवा र सुविधाले सो क्षेत्र आज पर्यटकको आकर्षणको केन्द्र बनेको छ । यस्तै स्रोत अन्य हिमाली क्षेत्रका संरक्षण क्षेत्रमा पनि नभएको होइन । तर पर्यटकलाई आकर्षण गर्ने स्रोतको बारेमा उनीहरूलाई पनि जानकारी हुनु आवश्यक छ ।

आम्दानी कसरी बढाउन सकिन्छ : संरक्षण क्षेत्रका स्रोतहरू मानवीय विकासका लागि हुन र हुनु पर्दछ पनि । नेपालको आर्थिक अवस्थालाई विचार गर्दा अन्य स्रोतबाट आर्जित राजस्वलाई केवल जंगली जनावर, वनस्पति र अद्वितिय सौन्दर्यपरक भूमिको संरक्षणको

हिमाली क्षेत्रका संरक्षण क्षेत्रहरू

	राष्ट्रिय निकुञ्जहरू	स्थापना वर्ष	क्षेत्रफल (वर्ग कि.मी.)	कैफियत
१	सगरमाथा	१९७६	११४८	विश्व सम्पदा सूचीमा रहेको
२	रारा	१९७६	१०६	देशको सबभन्दा ठूलो ताल
३	लांगटांग	१९७६	१७१०	
४	खप्तड	१९८४	२२५	
५	शे–फोक्सुण्डो	१९८४	३,५५५	
६	मकालु–वरुण	१९९१	१,५००	
	आठ राष्ट्रिय निकुञ्जको कूल क्षेत्रफल		१०,१४४	
	संरक्षण क्षेत्रहरू			
१	मकालु–वरुण	१९९१	८३०	कार्यक्रम कार्यान्वयनमा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको संलग्नता
२	अन्नपूर्ण	१९९२	७,६२९	श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषबाट सञ्चालित
३	कञ्चनजंगा	१९९७	१६५०	हालै घोषित
	शिकार आरक्ष			
१	ढोरपाटन			ब्लयू सिपको राम्रो संख्या भएको



लागि मात्र प्रयोग गर्न सकिने अवस्था छैन। यी स्रोतको दीगो र सकेसम्म नमासिने गरी (non-consumptive use) उपयोग गर्न विशेष पहल गर्नु आवश्यक देखिन्छ।

नेपालमा पर्यटकहरू यहाँको अद्वितिय प्राकृतिक स्रोतको अवलोकन तथा अनुसन्धान गर्न आउँछन्। यसलाई हामीले शक्तिको रुपमा परिणत गर्न सक्नु पर्दछ। तिनका रुचि र चाहना परिपूर्ति गर्ने प्रकार का कार्यक्रमहरू स्थानीय क्षेत्रमा कार्यान्वयन गर्नु पर्दछ। पर्यटकहरूलाई बढी खर्च गर्न उत्प्रेरित गर्ने सेवा, साधन र सुविधाको विकास गर्न स्थानीय जनतालाई आकर्षित गर्न सक्नु पर्दछ जसको लागि सर कारले सहयोगीको भूमिका निर्वाह गर्न सक्दछ, नीति ऐन कानूनमा आवश्यकतानुसार संशोधन गर्न सक्दछ। स्रोतको संरक्षण र दीगो उपयोगबाट स्थानीय आर्थिक अवस्थामा सुधार आउँछ भन्ने भावना ग्रामीण जनतामा पुऱ्याउनु पर्दछ।

प्रकृति प्रदत्त स्रोत आफैमा पर्यटकलाई आकर्षण गर्ने स्रोत नहुन सक्दछ। हाम्रो अनवरत प्रयासले यहाँका जंगली जनावर, वनस्पति र पहाडी भू–भाग मात्र नभई ढुंगा, माटो, पहरा, कन्दरा आदि पनि पर्यटक आकर्षणका स्रोत हुन सक्दछन्। यसलाई के कसरी विकास गर्न सकिन्छ, कसरी पर्यटकको मन जित्न सकिन्छ, तिनलाई कसरी सकेसम्म बढी सुविधा दिन सकिन्छ र स्थानीय जनतालाई स्थानीय स्रोतको संरक्षणमा कसरी सहभागी बनाई आम्दानीको केही हिस्साको साझेदार बनाउन सकिन्छ यसतर्फ सोच्ने बेला आइसकेको छ।

हिमाली संरक्षण क्षेत्रहरू सम्पूर्ण मानव समुदायको आस्था र विकासको केन्द्रको रुपमा आकर्षित गर्न हामी नेपालीले पहल गर्नुपर्ने बेला आएको छ। यो क्षेत्रमा हुने वातावरणीय बिनासबाट यस क्षेत्रका बासिन्दा मात्रै प्रभावित नभई तल्लो भू–भागमा बस्ने मानव समुदायको समेत अस्तित्व लोप हुन सक्दछ। यसर्थ हाम्रो प्रयास विकास र संरक्षणको अवधारणालाई अगाडि बढाई त्यस भेगका बासिन्दालाई संरक्षण क्षेत्रको व्यवस्थापन र सो कार्यबाट प्राप्त हुने आम्दानीको केही हिस्सा सामुदायिक विकासमा खर्च गर्न सकिने विद्यमान कानूनी प्रावधानलाई कार्यान्वयन तहमा रुपान्तर गर्नु आवश्यक भएको छ। यो समयको माग हो, पर्वतीय क्षेत्रको प्राकृतिक स्रोत र जीव विविधतालाई वर्षौं देखि जोगाएर राख्ने जनताको सामाजिक आर्थिक अवस्था सुधार्न केही गर्नुपर्ने मानव समुदायको दायित्वलाई परिपूर्ति गर्ने अवसर पनि हो। हिमाली भू–भागको प्राकृतिक स्रोत मासेर उही अवस्थामा पुऱ्याउन शताब्दीयौं प्रयास आवश्यक पर्ने भएकोले यो स्रोतको मूलधन नमासी ब्याजको उपयोग गर्ने तथा non-consumptive use मा बढावा दिनु अत्यावश्यक भएको छ र यस्को लागि पर्यावरणीय पर्यटन एक भरपर्दो विकासको माध्यम हुन सक्दछ।

सोलुखुम्बुको सांस्कृतिक पर्यटन प्रबर्द्धन आवश्यक

सोलुखुम्बु जिल्लामा पर्यटन उद्योग विस्तारका नयाँ सम्भावनाहरु विषयमा जिल्ला विकास समिति, सोलुखुम्बुद्वारा चैत ११ गते काठमाडौंमा अन्तर क्रिया कार्यक्रम आयोजना गरियो।

पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री रेवतीप्रसाद भुसालले अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै सोलुखुम्बु जस्ता प्राकृतिक तथा सास्कृतिक महत्वका क्षेत्रहरूलाई पर्यटन उद्योगको माध्यमबाट विकसित गराई अन्तर्राष्ट्रिय प्रसिद्धि दिलाउन नै नेपाल भ्रमण वर्ष १९९८ को आयोजना गरिएको हो भन्नुभयो।

विश्व प्रसिद्ध पर्वतारोही तेन्जिङ नोर्गे, आङरिता, सुन्दरे शेर्पा र पासाङ ल्हामु शेर्पाको जन्मथलो खुम्बु क्षेत्रको विकासका लागि पर्वतार होण र पदयात्राका अतिरिक्त शेर्पालगायत विभिन्न जातिका सांस्कृतिक पर्यटनलाई पनि प्रबर्द्धन गर्नुपर्ने विचार राज्यमन्त्री भुसालले व्यक्त गर्नुभयो। उहाँले नेपाल भ्रमण वर्ष कार्यक्रमले दक्षिण एसियाली क्षेत्रमै एक नौलो उदाहरण प्रस्तुत गरेको छ भन्नुभयो।

सांसद बलबहादुर केसीले यसप्रकारको अन्तर क्रिया कार्यक्रम सोलुखुम्बुमै आयोजना गरिनुपर्ने, सोलुखुम्बुको पर्यटन क्षेत्रबाट सरकारलाई प्राप्त राजस्वको पचास प्रतिशत सोही क्षेत्रको विकासमा खर्च गरिनुपर्ने, हवाइ यातायात सुव्यवस्थित हुनुपर्ने र पर्वतारोहण दलका सम्पर्क अधिकृतहरूको समुचित व्यवस्था हुनुपर्ने तर्फ जोड दिनुभयो।

उद्घाटन समारोहका सभापति एवं सोलुखुम्बु जिविस सभापति आङडिमा लामाले सोलुखुम्बुको अति व्यस्त विमानस्थल लुक्लामा एउटा बैंक आजसम्म पनि स्थापना नहुनु दुःखलाग्दो कुरा हो भन्नुभयो।

जिविस उपसभापति प्रेमकुमार श्रेष्ठले सबै निकायले आ(आफ्नो भूमिका निर्वाह गरेमा सोलुखुम्बुमा पर्यटन उद्योगको राम्रो विकास हुनसक्ने बताउनुभयो।

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव दीपेन्द्रपुरुष ढकालले सोलखुम्बु जिल्लाको विकासका लागि पर्यटनबाहेक अरु विकल्प नभएको र त्यस जिल्लामा पर्यटन व्यवसायको पूर्वाधार पनि बनिसकेकाले सबै क्षेत्रबाट समन्वयात्मक प्रयास भएमा सो जिल्लाको विकास हुन धेरै समय नलाग्ने विचार व्यक्त गर्नुभयो।

अन्तरक्रिया कार्यक्रममा सोलुखुम्बु जिल्लाका स्थानीय विकास अधिकारी चन्द्रप्रसाद भट्टराईले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रमा सोलुखुम्बु जिल्लामा हालसम्म पर्वतारोहण र पदयात्रामा मात्र पर्यटन गतिविधि केन्द्रित रहेकोमा त्यसमा विविधिकरण गरी दृश्यावलोकन, ग्रामीण, जीवजन्तु तथा वनस्पति अवलोकन, सांस्कृतिक, धार्मिक, खेलकुद आदि क्रियाकलाप पनि प्रबर्द्धन गरिनुपर्ने तर्फ कार्यपत्रमा जोड दिइएको छ।

पर्वतीय पर्यटन र वातावरण

कृषिको समुचित विकास र औद्योगिकीकरणमा र रोजगारीका अवसरहरू समेत बृद्धि गर्नका लागि पर्यटन क्षेत्रले महत्वपूर्ण सहयोग पुऱ्याउँदै आएको छ । पर्यटन उद्योगबाट नेपालले आर्जन गर्ने बैदेशिक परिवर्त्य मुद्राले पनि देशको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका ओगटेको छ । साथै विदेशमा सुन्दर र अनुपम पर्यटकीय गतव्यस्थलका रुपमा चिनाउने प्रमुख माध्यम पनि पर्यटन नै भएको छ ।

नेपालमा पर्यटक आगमन संख्या केही वर्ष अपवादको रुपमा बाहेक क्रमिक रुपमा बढी रहेको पाइन्छ । सन् १९६२ मा ६१७९ पर्यटक नेपाल आएका थिए भने सन् १९९५ मा यो संख्या ३ लाख ६३ हजार ३९५ पुगेको छ । तर पनि सन् १९६२ कै हाराहारीमा पर्यटन व्यवसाय शुरु गरेका अन्य केही मुलुकका पर्यटकीय गन्तव्यस्थलहरूको अनुपातमा भने नेपालको पर्यटन क्षेत्र अद्यापि पछि नै रहेको देखिन्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्रियाकलापमा पर्यटक आगमन अथवा पर्यटन विकासको आरोह अवरोह आधारित भएको पाइन्छ ।

छिमेकी मुलुक भारत लगायत पश्चिमी यूरोप, उत्तर अमेरिका, जापान आदि नेपालका प्रमुख पर्यटकीय बजार हुन् । यी देशहरूबाट मनोरञ्जन, पदयात्रा, पर्वतारोहण, व्यापार, तीर्थयात्रा, सभा, गोष्ठी जस्ता विभिन्न उद्देश्य राखेर पर्यटकहरू नेपाल भ्रमणमा आउँछन् ।

काठमाडौं उपत्यकाको सांस्कृतिक र प्राकृतिक वैभव अवलोकन, पोखरा र चितवन राष्ट्रिय निकुञ्जको भ्रमण संगसंगै नेपालमा पदयात्रा र पर्वतारोहणका लागि आउने पर्यटकको संख्या दिनानुदिन बढ्दैछ । सन् १९७० मा नेपाल आएका कूल पर्यटक मध्ये १.२ प्रतिशत पर्यटकको पदयात्रामा सहभागिता थियो भने २० वर्ष पछि सन् १९९० मा कूल पर्यटक आगमन (२,५४,८८५) को १५.७ प्रतिशत (३९,९९९) पर्यटक पदयात्रा र पर्वतारोहणमा गएका थिए । त्यसैगरी सन् १९९५ मा नेपाल भ्रमणमा आएका कूल पर्यटक ३,६३,३९५ मध्ये ८४,७८७ अथवा २३.३ प्रतिशत पर्यटक पदयात्रा र पर्वतारोहणमा गएका थिए ।

पूर्व मेचीको कञ्चनजंघादेखि पश्चिम अपि हिमालसम्म लगभग ८०० किलोमिटर लम्बाई र ४५ किलोमिटर चौडाईको भागमा १३ सयभन्दा बढी हिम चुचुराहरू छन् र यी मध्ये कतिपय चुचुराहरूको नामाकरणै नभएको पनि छ । यी चुचुराहरू मध्ये १३० भन्दा बढी चुचुराहरू आरोहणका लागि खुला गरिएका छन् । आरोहणका लागि खुला गरिएका चुचुराहरूमा आफ्नो साहसिक क्रियाकलापका लागि शरद र बसन्त ऋतुमा पर्वतारोही एवम् पदयात्रीहरूको चाप बढी हुन्छ भने हिउँदमा पनि पदयात्रा र पर्वतारोहणका लागि पर्यटकहरू आउने गर्दछन् । सन् १९९५ मा नेपालमा ९१ दलका ९२४ पर्वतारोहीहरू विभिन्न हिम शिखरहरूको आरोहणमा संलग्न थिए ।

विभिन्न हिमाली भागमा पदयात्राका लागि जाने उद्देश्य राखी नेपाल आउने पर्यटकहरू मध्ये सबैभन्दा बढी पर्यटकहरू अन्नपूर्ण, मनाङ, जोमसोडतिर जान्छन् भने खुम्बु क्षेत्र पदयात्राका लागि अर्को महत्वपूर्ण क्षेत्र हो । हेलम्बु, लाङटाङ उपत्यका पनि पदयात्राको निम्ति प्रसिद्ध छ । यी लगायत अधिराज्यका विभिन्न भागमा पदयात्रा लागि पर्यटकको संख्या सन् १९९४ र १९९५ मा क्रमशः ७६,८५६ र ८४,५२४ थियो । धेरैजसो पर्यटकहरू पदयात्रामा जाँदा संगठित रुपमा जान्छन् । अन्नपूर्ण क्षेत्र, खुम्बु क्षेत्र जस्ता ठाउँमा एक्लै पनि पदयात्रामा जान सकिन्छ भने मुस्ताङ, डोल्पा, हुम्ला र मनास्लुमा चाहिं संगठित रुपमा मात्र पदयात्रा गर्न पाइन्छ ।

वास्तवमा संसारका कुनै पनि पर्यटकीय गन्तव्यस्थलहरूमा वातावरण प्रदूषित बनाउने मुख्य कारक तत्व पर्यटक नै मानिएका छन् । हुन त पर्यटकले गर्ने प्रदूषण जानी जानी अथवा लापरवाहीका कारणबाट हुँदैन र पर्यटक अथवा पर्यटन उद्यमीले पर्यटकीय सम्पदा नष्ट नहोउन् भन्ने पनि चाहन्छन् तापनि उनीहरूकै कारणबाट वातावरणमा प्रभाव परिरहेकै हुन्छ । शुरुदेखि १९७० सम्म लगभग ३०० पर्वतारोहण दलले आरोहणका लागि प्रयास गरेको संसारकै गरिमा बोकेको सगरमाथा हिम शिखरमा फोहरको डंगुर छ भनी सन् ७० कै दशकदेखि नै आवाज उठेको हो । त्यसै गरी विभिन्न पदयात्रा मार्गहरू पनि फोहर र प्रदूषित भए भन्ने कुराहरू प्रकाशमा आइरहेकै हुन् । यस्तै पदयात्रीहरूले फ्याँक्ने प्लाष्टिकका टुक्रा एवम् खाद्य र पेय पदार्थका खाली टीनका बट्टाहरू र पर्वतारोहीहरूले हिम शिखरहरूमा छोडेर आउने ग्याँसका बट्टा, अक्सिजनका सिलिण्डरहरू अन्य कुरा संगसंगै नेपाल हिमालय प्रदूषण गराउन उतिकै जिम्मेवार छन् र तिनै पर्यटक आफ्नो उद्गमस्थलमा फर्केपछि अन्तर्राष्ट्रिय पर्यटकीय बजारमा उनीहरूले गर्ने बढाईचढाई प्रचार प्रसार नेपालको छवि धमिल्याउन ठूलो जिम्मेवार रहेको देखिन्छ ।

सन् ८० को दशकमा पनि अनुसन्धानकर्ताहरूले नेपाली हिमाली क्षेत्र खास गरेर विश्वको सर्वोच्च शिखर भएको इलाकामा वातावरणमा गम्भीर नकारात्मक असर परेको र पर्यटकीय क्रियाकलापबाट वातावरण समस्या झन् जटिल भएको निर्क्यौल निकाल्दै प्राविधिक कारणबस काठमाडौं उपत्यकामा थुप्रिएको फोहरलाई समेत लक्ष्य गरेर "गुड वाई साँग्रिला" जस्ता कुराहरू प्रसिद्ध पत्रिकामा प्रकाशित भएको तथ्य समग्र नेपालको पर्यटकीय छवि धुमिल हुनमा महत पुगेको सर्वविदितै छ ।

अर्कोतर्फ सगरमाथा लगायत विभिन्न हिमशिखर आरोहण गर्न आउने आरोहीहरू भने माथिको निक्यौलसंग सहमत देखिदैनन् । अझ व्यवसायिक पर्वतारोहीहरू सरसफाई अथवा अध्ययन अनुसन्धानका बहाना बनाई प्रायः प्रत्येक वर्ष उक्त क्षेत्रमा भ्रमण गर्दछन् र साथै सगरमाथा र अन्य हिम श्रृंखला आरोहण कार्यमा सरिक हुँदै पनि छन् ।

नेपालको हिमाली वातावरणका सम्बन्धमा प्रकाशित विभिन्न तथ्यहरूलाई समेत मनन् गरेर सरकारी तवरमा वातावरण संरक्षण र सम्बर्द्धनका लागि विभिन्न प्रयासहरू हुँदै आएका छन् । यसमा अन्नपूर्ण संरक्षण आयोजना, सगरमाथा प्रदूषण नियन्त्रण समिति अथवा नेपाल पर्वतारोहण संघ जस्ता गैर सरकारी संस्थाहरूसँग मिलेर काम गर्नु, निकुञ्ज स्थापना, संरक्षित क्षेत्र स्थापना, नियन्त्रित पदयात्रा अनुमति, फोहर मैला व्यवस्थापन सम्बन्धी कार्यक्रम आदि पर्दछन् ।

वि.सं. २०५२ मा प्रकाशित पर्यटन नीतिमा देशको प्राकृतिक, सांस्कृतिक तथा मानवीय वातावरणको सम्बर्द्धन गर्दै पर्यटन उद्योगको विकास र विस्तार गर्ने उद्देश्य रहेकोछ । ती उद्देश्य हासिल गर्न पर्यटन उद्योगको दीगो विकासका लागि जनसहभागितामा आधारित वातावरणीय संरक्षणका कार्यक्रमहरूलाई प्रभावकारी तथा एकीकृत रुपमा अघि बढाउने नीति रहेको पाइन्छ भने पर्यटनबाट वातावरणमा प्रतिकूल असर पर्न नदिन राष्ट्रिय स्तरमा पर्यटन, वातावरण, मार्ग दर्शन तर्जुमा गरी लागू गर्ने कार्यनीति पनि र हेबाट सो कुरा कार्यान्वयन भए पछि पर्यटकीय क्रियाकलापबाट वातावरणमा पर्ने नकारात्मक असरमा निश्चय नै नियन्त्रण हुने आशा राख्न सकिन्छ ।

पर्यटन ऐन त्यससंग सम्बन्धित नियम आदिले पनि वातावरण संरक्षणमा केही व्यवस्था गरेको छ । मूलतः पर्यटकहरूले दाउरा बाल्न नपाउने व्यवस्था छ । पदयात्रा अथवा पर्वतारोहणको दौरानमा इन्धनको रुपमा दाउरा बाल्न नपाइने, संवेदनशील क्षेत्रहरूमा पदयात्रामा जाँदा र पर्वतारोहणमा संगठित रुपमा मात्र जानु पर्ने, पदयात्रा, पर्वतारोहण अभियानमा जथाभावी फोहर गर्न नपाइने, फोहर तोकिएको ठाउँमा मात्र जम्मा गर्नुपर्ने कुराहरू प्रचलित छन् भने खुम्बु क्षेत्रका हिमालहरूमा आरोहणका लागि जाने पर्यटकले साथमा लगेका ब्याट्री, टिनका बट्टाहरू, अक्सिजन सिलिण्डर जस्ता कुराहरू काठमाडौंमा फिर्ता ल्याउनु पर्ने कुराहरू पनि तोकिएका छन् जसले त्यस क्षेत्रको वातावरण संरक्षण र पदयात्रा पर्वतारोहण कार्यलाई दीगो र भरपर्दो बनाउन महत पुग्ने देखिन्छ । यी कुराहरूको अनुगमन स्थानीय सगरमाथा प्रदूषण नियन्त्रण समितिले गर्दै रहेबाट वातावरण संरक्षण कार्य भविष्यमा अझ प्रभावकारी हुने आशा गर्न सकिन्छ । तर पर्यटकीय इलाकामा खुलेका आवास र भोजन सम्बन्धी इकाईहरूमा दाउरा प्रयोग भै नै रहेबाट मौजुदा वन जंगल निकै पातलिदै गएको अनुभव गरिएको छ । सगरमाथा प्रदूषण नियन्त्रण सम्बन्धी गैर सरकारी संस्थाहरूको सक्रियतामा समेत यस्ता ठाउँमा जनचेतना अभिबृद्धि गरी यस्ता क्रियाकलाप रोकथाममा सहयोग पुग्ने तर्फ ध्यान दिनु पर्दछ ।

फोहर मैला व्यवस्थापनका नयाँ नयाँ तरिकाहरूको प्रयोग र उर्जा विविधिकरणबाट पदयात्रा क्षेत्र र हिम शिखरहरू भविष्यका लागि आकर्षक बन्न सघाउ पुग्ने देखिन्छ । यसै सन्दर्भमा नेपालका हिम श्रृंखलाहरूको गरिमा अक्षुण्ण राख्न र पर्वतारोहण, पदयात्रा गतिविधिहरू आकर्षक राखी भविष्यका पिढीहरूलाई पनि साँचेर राख्न सबै सचेत रहनु पर्ने र मिलेर काम गर्नु पर्ने निर्विवाद छ ।

केशव धिमिरे

सगरमाथामा प्रदूषण नियन्त्रण: के कस्ता गतिविधि

मिङमा नोर्बु शेर्पा

विश्वको सर्वोच्च शिखर सगरमाथा, अन्य उच्च हिमपर्वत, स्थानीय अनुपम जनजीवन, संस्कृति, स्वच्छ वातावरण तथा दुर्लभ जीवन विविधताको कारणबाट सोलुखुम्बु जिल्ला विश्व समक्ष एक प्रमुख पर्यटकीय क्षेत्रको रुपमा सन् १९५३ देखि प्रख्यात हुँदै गएको तथ्य तमाम नेपालीलाई अवगत भएकै विषय हो । विगत तीन चार दशक यता बढ्दो जनसंख्या तीव्र गतिको पर्यटकीय बृद्धि दरले सोलुखुम्बु जिल्लाको



मूलत: खुम्बु क्षेत्रको वातावरण, संस्कृति, आर्थिक र सामाजिक अवस्थामा आमूल परिवर्तन आएको तथ्यलाई नकार्न सकिदैन । हुन त पर्यटन व्यवसायले यहाँको बासिन्दालाई आर्थिक रुपमा सकारात्मक दिशातर्फ उन्मुख गरे तापनि पर्यटन व्यवसायबाट सृजना हुने नकारात्मक प्रभावबाट यो क्षेत्र मुक्त हुन पनि सकेन । पर्यटक आवत जावत हुने मार्गदेखि लिएर विभिन्न हिमश्रृंखला तथा सगरमाथाको आधार शिविरसम्म थुप्रिएका फोहर मैला, वनजंगलको अनियन्त्रित फँडानी, आफ्नो पुर्खौली रीति–रिवाज र चालचलन लोप हुँदै गएर पश्चिमी चालचलनहरू भित्रिनु, आदि यसका केही उदाहरण हुन् ।

यसै सिलसिलामा सन् १९८९ मा नेशनल जीओग्राफी पत्रिकाले सगरमाथालाई संसारकै सबैभन्दा उच्च फोहरमैला फाल्ने ठाउँ अर्थात "World's Highest Garbage Dumping Site" भनी सगरमाथाको नामाकरण गरी नकारात्मक रुपबाट विश्व समक्ष प्रसारित गरियो । यति मात्र नभई ट्वाइलेट पेपर पछ्याउँदै गएमा सगरमाथा पुगिन्छ भन्ने खालका लेख र चनाहरू स्वदेशी तथा विदेशी सञ्चार माध्यमहरूले प्रचार समेत गरे। यसको फलस्वरुप सर एडमण्ड हिलारीले "सगरमाथालाई पाँच वर्षको लागि विश्राम दिइनुपर्छ" समेत भन्नुभयो । सगरमाथालाई त्यतिका वर्ष विश्राम दिएमा खुम्बु क्षेत्रका बासिन्दाको मात्र नभई राष्ट्रकै आयस्रोतमा ठूलो क्षति आउने कुरालाई तेङ्बोचे गुम्बाका प्रमुख लामाज्यूले "यो समस्या भनेको तपाई हामी सम्पूर्ण नेपाली जनताको हो" भन्ने विचार व्यक्त गर्दा समस्याको समाधान स्थानीय जनसहभागिताद्वारा नै सुल्झाउनु जरुरी छ भन्ने राय विश्व बन्यजन्तु कोष (डब्लु.डब्लु.एफ) समक्ष प्रस्तुत गर्दा सो संस्थाबाट स्थानीय बासिन्दाहरूको सहभागिता, स.रा.नि. र अन्य संस्थाहरूको सहयोगमा सगरमाथा प्रदूषण नियन्त्रण समिति (एस.पी.सी.सी.)को स्थापना सन् १९९१ मा नाम्चे बजारमा भयो । सगरमाथा प्रदूषण नियन्त्रण समिति (एस.पी.सी.सी.)को स्थापना भएपछि सो संस्थाबाट भएको सरसफाई कार्यक्रमले विस्तारै नासिदै गएको खुम्बु क्षेत्रको वातावरणमा सुधारका संकेतहरू देखा पर्न थाल्यो । यस कार्यको श्री ५ को सरकारबाट प्रशंसा भई सन् १९९३ देखि पर्यटन मन्त्रालयले पनि यस संस्थालाई खुम्बु भेगबाट उठेको पर्वतारोहण सलामीको केही अंश सोही क्षेत्रमा नै लगानी गरिनु पर्छभन्ने नीति अनुरुप सगरमाथा प्रदूषण नियन्त्रण समिति (एस.पी.सी.सी.)लाई आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ । यस संस्थाले हालसम्ममा वातावरण संरक्षण, दीगो पर्यटन प्रवर्द्धन, सामुदायिक विकास तथा संस्कृति संरक्षण क्षेत्रमा विशेष भूमिका निर्वाह गर्दै सुधारात्मक कार्यहरू गर्दै आएको छ ।

वातावरण संरक्षण

☐ लुक्लादेखि माथि मुख्य पर्यटकीय गन्तव्य स्थलहरूमा शौचालय तथा सयौं फोहरमैला खाडलहरूको निर्माण र फोहरमैला विसर्जन ।

☐ लुक्ला र नाम्चे जस्ता मुख्य पर्यटकीय क्षेत्रमा दैनिक रुपमा फोहर मैला संकलन गरी इन्सिनेरेटरमा जलाउने र यस अन्तरगत आ.व. १९९४–१९९५ मा १,२६,३७३ किलो, १९९५–१९९६ मा १,८९,८२४ किलो तथा १९९६–१९९७ मा २,४३,०९१ किलो फोहरहरू जम्मा गरियो र ३५,००० किलोभन्दा बढी खाली बोतल काठमाडौं र जिरीमा पुनः प्रयोगका लागि लुक्ला तथा स्याङ्बोचे विमानस्थलबाट पठाइयो ।

☐ पर्वतारोहीहरूबाट उत्पादन हुने फोहर मैला जताततै फाल्न नदिई व्यवस्थित रुपमा संकलन गरी ल्याउन लगाउने कार्य पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग समन्वय राखी पर्वतारोहण दलबाट हुने प्रदूषणलाई नियन्त्रण गर्ने कार्य प्रभावकारी रुपमा लागू गरिएको छ ।

☐ वन जंगल संरक्षण गर्न स्थानीय वन उपभोक्ता समूहहरूलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ । यस अन्तर्गत वन नर्सरीहरूको स्थापना, स्याउ तथा फलफूलको बीउ तथा बेर्ना वितरण, सागसब्जीको बीउ वितरण, डाले घाँसको खेती, स्थानीय वन उपभोक्ताहरूलाई अध्ययन भ्रमण आदि क्रियाकलापहरूमा सहयोग पुऱ्याइएको छ ।

☐ वातावरण संरक्षणलाई दीगो बनाउन खुम्जुङ तथा चौरीखर्क मा.वि.हरूमा वातावरण सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने खालका कक्षाहरू सञ्चालन गरिदै आएको छ भने यी विद्यालयहरूमा ECO-CLUB हरू गठन गरी विद्यार्थीहरूलाई वातावरण संरक्षणमा संरिक बनाउने कामहरू गरिदै आएको छ । साथै यस विषयमा वातावरण संरक्षण सम्बन्धी ज्ञान दिलाउन विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई ECO-CLUB तथा CTC CAMP मार्फत् तालिम दिइएको छ ।

☐ वातावरण सम्बन्धी जनचेतना अभिबृद्धि गर्न स्लाईड प्रदर्शन गर्ने, बेलाबेलामा गाउँलेहरूसँग बसी छलफल मार्फत् उक्त विषयमा ज्ञान दिने जस्ता काम जारी छ ।

☐ बन्य ऊर्जामाथि मानिसको अधिक शोषण नहोस् भन्ने उद्देश्यले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू जस्ता HAT- I, WWF सँग समन्वय कायम गरी आय आर्जनका लागि चौरीखर्क क्षेत्रमा फलफूल, सागसब्जी खेती लगायत आय मूलक कार्यक्रमहरू सञ्चालन गरिदै आएको छ ।

☐ दाउराको अत्यधिक प्रयोगबाट जङ्गलमाथि पर्न गएको चापलाई न्यून गर्न

स्याङ्बोचेमा मट्टितेल डिपोको स्थापना गरिएको छ । र फेरिचे र दोलेमा पनि थप डिपोहरू तत्काल स्थापना गरिने कार्यक्रम छ ।

❒ नेपाल पर्वतारोहण संघ, मकालु बरुण राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज TAAN जस्ता विभिन्न संस्थाहरूसँग समन्वय राखी खुम्बु क्षेत्रमा ट्रेकिङ्ग पीकहरूमा सरसफाई अभियान संचालन गरिएको छ ।

दिगो पर्यटन प्रवर्द्धन गर्न सञ्चालित कार्यक्रम

❒ नाम्चे तथा लुक्लामा पर्यटन सूचना केन्द्रहरू स्थापना गरी पर्यटक तथा सूचना केन्द्रहरूमा खुम्बु क्षेत्र तथा मकालु बरुण राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रको पर्यटन, वातावरण, संस्कृति, रहनसहन, जीव तथा वनस्पति सम्बन्धमा सूचनाहरू दिइन्छ । साथै विदेशी पदयात्रीहरूलाई ती स्थानहरूमा यात्रा गर्दा कस्तो किसिमले गरेमा त्यहाँको वातावरण तथा संस्कृतिमा नकारात्मक प्रभाव पर्दैन भनी यात्रा अगावै सचेत गराइन्छ ।

❒ स्थानीय बासिन्दा तथा पर्यटकहरूलाई आपत्कालीन अवस्थामा प्रयोग गर्न लुक्ला, नाम्चे, तेङ्बोचे तथा काठमाडौंमा सञ्चारका लागि HF/SSB Radio Set हरू राखिएका छन् ।

❒ पर्यटकहरूको सेवाको लागि तेङ्बोचेमा Rescue Post स्थापना गरिएको छ र उक्त पोष्टमा साधारण औषधिदेखि लिएर Gamow Bag, Oxygen Cylinder जस्ता प्राथमिक उपचारका सामग्रीहरू राखिएका छन् ।

❒ पर्यटकहरूलाई गुणस्तरीय सेवा दिन खुम्बुका लज तथा होटलवालाहरूलाई लज व्यवस्थापन तथा सञ्चालन सम्बन्धी तालिमहरू बेलाबेलामा दिइदै आएको छ ।

सामुदायिक विकासका लागि ठाउँठाउँमा सुधारिएको पानी घट्ट, बाटो घाटो तथा पुलहरू निर्माण तथा मर्मत गरिएको छ भने संस्कृति संरक्षण गर्न गुम्बाहरूको मर्मत तथा सभार (पुनः निर्माण)को लागि आर्थिक सहयोग उपलब्ध गराउने, धार्मिक सामग्रीहरू खरीद गर्नमा सहयोग गर्ने तथा पर्यटकहरूलाई यस क्षेत्रमा र हँदा यहाँको रीतिरिवाज तथा चालचलनमा प्रभाव नपार्न विभिन्न सूचनामूलक संकेत तथा सूचनाहरूको माध्यमबाट सूचना प्रवाह गराइन्छ ।

अतः विश्व सम्पदा सूचीमा परेको सगरमाथा राष्ट्रिय निकुञ्ज तथा खुम्बु क्षेत्रको वातावरण, संस्कृति, जीव विविधताको दीर्घकालीन रुपमा संरक्षण र सम्बर्द्धन गर्न नसकेसम्म सोलुखुम्बु जिल्लाको मात्र नभई सिगो नेपालकै आर्थिक तथा सामाजिक संरचनामा नै ह्रास आउने तथ्यलाई गहनताका साथ मनन गरी सोलुखुम्बु जिल्लाका तमाम बासिन्दा, संघ, संस्था लगायत केन्द्रका सम्बन्धित व्यक्ति तथा संस्थाहरू सबै एक जुट भई वातावरण, संस्कृति र जीव विविधताको संरक्षण गरी दीगो पर्यटन उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ । "नेपाल भ्रमण वर्ष– ९८" यस प्रसंगलाई प्रभावकारी रुपमा गाउँदेखि जिल्लासम्म, जिल्लादेखि केन्द्रसम्म र देशदेखि विदेशसम्म प्रचार प्रसार गरी नेपाललाई विश्व समक्ष एक नमूना पर्यटकीय गन्तव्य स्थानको रुपमा परिचित गराई नेपाल र नेपालीको आर्थिक तथा सामाजिक विकास गर्ने एक अभियानको रुपमा सारा नेपाल र नेपालीको दैलोमा आइपुगेको छ । त्यसैले हामी सबै मिली आफ्नो घर आँगन, चोक, टोल, शहर, बजार, मठ–मन्दिर, आदि सफा सुग्घर राखी पर्यटकहरूलाई आकर्षित गरौं र उनीहरूलाई यहाँको अनुपम संस्कृति र वातावरण उपहार टक्र्याई हृदयदेखि नै स्वागत गरौं र नेपाल भ्रमण वर्ष १९९८ सफल पारौं ।

(लेखक नाम्चेबजार स्थित सगरमाथा प्रदूषण नियन्त्रण समितिसँग सम्बद्ध हुनुहुन्छ ।)

नेपाल पर्वतारोहण संघ

वातावरण संरक्षण समितिको अपील

वातावरण जोगाऔं भूसंरक्षण गरौं

१. वन वनस्पतिको स्याहार सुसार गरी जगेर्ना गरौं ।
२. वनस्पतिको आवरण बढाई भूमिलाई सुरक्षित पार्न नाङ्गा जग्गामा बोट विरुवा रोपौं ।
३. आफ्नो घर कम्पाउण्ड, खेतवारीको कान्ला, सार्वजनिक स्थल, सडक छेउ, नदी किनार, स्कुल हाता, मन्दिर वरपर वृक्षारोपण गरौं ।
४. धेरै दाउरा लाग्ने परम्परागत चुल्होको सट्टा दाउरा किफायत गर्ने उन्नत चुल्हो प्रयोग गरौं ।
५. सम्भव भएका ठाउँहरुमा गोवर ग्यांस, घाम चुल्हो आदिको प्रयोग गरौं ।
६. आफ्नो बारीका कान्ला र खाली जग्गामा उन्नत घाँस तथा विरुवा रोपेर वस्तु भाउलाई चाहिने घाँसको आपूर्ति गरौं ।
७. गन्हाको छेउछाउमा कोशेवाली, कान्लामा घाँस, डिलमा डालेघाँस र दाउराका रुखहरु रोपौं ।
८. पहाडको सबभन्दा माथिल्लो भागमा वन जंगल पालौं ।
९. मध्य भागको कम भिरालो जग्गामा घाँसवाली वा फलफूल खेती गरौं ।
१०. जथाभावी फोहर मैला नगरौं ।
११. नगल्ने वस्तुहरु र प्लाष्टिकका सामानहरु जथाभावी नफ्याँकौं ।
१२. प्लाष्टिकका सामानहरु नबालौं, यसले क्यान्सर जस्तो घातक रोग ल्याउँछ । यस्ता सामानहरु जम्मा गरेर बेचेमा पैसा आउँछ ।
१३. खाली सिसी तथा टिनका बट्टाहरु जथाभावी फूटाउने, फ्याँक्ने नगरौं । यी सामानहरु जम्मा गरेर बेचेमा पैसा आउँछ ।
१४. खोला नाला तथा तालमा फोहर मैला नफालौं,प दिसा पिसाब पनि नगरौं । यस्ता कार्यले रोगहरु ल्याउँछ ।
१५. खोला नाला, ताल तथाकुवा नजिक लुगा धुने नगरौं । साबुन, सर्फ आदिले पानी दूषित बनाउँछ । लुगा धुन नजिकै छुट्टै ठाउँमा जाऔं ।
१६. जथाभावी वन्यजन्तु तथा चरा चुरुङ्गीहरु नमारौं ।

यसरी हामी सबैले संरक्षण तथा विकासका कार्यहरुमा सक्रिय सहभागी भई देशको वातावरण तथा भूसंरक्षण सुधारका कार्यहरुमा सक्दो सहयोग गरेको खण्डमा भविष्यका आफ्ना भावी सन्तानका निम्ति जगेर्ना मात्र नभई सबैलाई लाभव हुनेछ । त्यसकारण हामी सबै मिली देशलाई सफा तथा हराभरा बनाऔं ।

वर्तमान पर्वतीय पर्यटन गतिविधिको सन्दर्भमा नेपाल पर्वतारोहण संघको भूमिका

अन्तरक्रिया कार्यक्रमको एक टिपोट

दोर्जी जाङबु (लामा) शेर्पा

नेपाल पर्वतीय पर्यटन क्षेत्रमा अग्रणी स्थानमा रहेको छ । नेपालको पर्वतीय पर्यटन गतिविधिलाई समय र परिस्थिति अनुसार अझ सशक्त र योजनाबद्ध ढंगले कसरी अगाडि बढाउने बारे ठोस नीति निर्माण गर्ने उद्देश्य लिई नेपाल पर्वतारोहण संघले यही २०५४ चैत्र १६ गते प्रदर्शनीमार्गस्थित पर्यटन विभागको भवनमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । नेपाल पर्वतारोहण संघले विगतका कार्यहरुको मूल्यांकन गर्दै वर्तमान अवस्थामा नेपालको पर्वतीय पर्यटन विकासलाई अगाडि बढाउन संघले खेल्नु पर्ने भूमिका र निश्चित दृष्टिकोण तयार गर्ने कार्यको लागि आयोजित उक्त अन्तरक्रिया कार्यक्रम एक उपलब्धिमूलक कार्यको रुपमा रहेको पाईन्छ ।



नेपाल पर्वतारोहण संघ पच्चिस वसन्तमा प्रवेश भैसकेको छ । यस अवधिमा संघले धेरै तिता मिठा अनुभवहरु हासिल गरे र विभिन्न चुनौतीहरुलाई पार गर्दै नेपालको पर्वतीय पर्यटनको विकासका लागि श्री ५ को सरकारको एक महत्वपूर्ण र प्रमुख स्वायत्त संस्थाको रुपमा रही क्रियाशील भई अघि बढेको छ । पर्वतीय पर्यटनको विकासका लागि नेपाल पर्वतारोहण संघको आवश्यकता महसूस गरी संघको स्थापना र कुशल संचालन गर्नु हुने संस्थापक अध्यक्ष कुमार खडग विक्रम शाहको ठूलो योगदान रहेको पाइन्छ । संघको स्थापनाकालदेखि रहनु भएका संस्थापक अध्यक्ष कुमार खडग विक्रम शाह, भूतपूर्व प्रथम उपाध्यक्ष छिरिङ तेन्जिङ लामा, भूतपूर्व अध्यक्ष तथा संस्थापक सचिव टेकचन्द्र पोखरेल, भूतपूर्व उपाध्यक्ष डा. हर्क गुरुङज्यू, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव दीपेन्द्र पुरुष ढकाल, वर्तमान कार्यवाहक अध्यक्ष सोनाम ग्याल्जेन शेर्पा, महासचिव श्री आङ कर्मा शेर्पा आदि विशिष्ट महानुभाव लगायत पर्यटन व्यवसायीहरु, हिमचितुवा वीर पर्वतारोही आङरिता शेर्पा लगायत पर्वतारोहीहरु, पत्रकारहरु, विभिन्न विद्वान महानुभावहरु, संघका सदस्यहरुको वृहत उपस्थितिमा सम्पन्न उक्त कार्यक्रम एक महत्वपूर्ण तथा ऐतिहासिक रहेको पाईन्छ । उक्त अन्तर क्रिया कार्यक्रमबाट नेपालको वर्तमान पर्वतीय पर्यटनको विकासमा संघले खेल्नु पर्ने भूमिका र संघलाई निश्चित दिशाबोध गराउन ठोस नीति निर्माण गर्ने कार्यमा ठूलो सहयोग पुग्न गएको पाइन्छ ।

नेपाल पर्वतारोहण संघको संस्थापक अध्यक्ष कुमार खड्ग विक्रम शाहबाट श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारको तस्वीरमा माल्यार्पण गरिएपछि कार्यक्रमको विधिपूर्वक उद्घाटन भएको थियो । तत्पश्चात पर्वतमा जीवन गुमाउनु भएका वीर पर्वतारोहीहरुको सम्झनामा गरिएको थियो ।

श्रद्धाञ्जलि कार्यक्रम पश्चात संघका महासचिव आङ कर्मा शेर्पाद्वारा अन्तरक्रिया कार्यक्रमको उद्देश्यमाथि विस्तृत प्रकाश पारिएको थियो । कार्यक्रमको पहिलो उद्देश्य संघको इतिहास तथा संघ स्थापनाभन्दा अघि पर्वतीय गतिविधिको अवस्था बारे प्रकाश पार्नुथियो भने दोस्रो उद्देश्य श्री ५ को सरकारको संघप्रतिको दृष्टिकोण के छ ? संघलाई कसरी विकास गर्दै लैजाने सवालमा सरकारको कस्तो सहयोग रहने छ भन्ने कुराको जानकारी गराउनु थियो । साथै कार्यसमितिलाई मात्र नभै भविष्यमा संघलाई कसरी अगाडि लैजाने बारे निश्चित दिशाबोध गराउने उद्देश्य राखिएको थियो ।

कार्यक्रममा संघको प्रमुख कार्यक्रमहरु जानकारी गराउने क्रममा पोखरामा निर्माणधीन अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय १०६ रोपनी जग्गा करीव ४००० वर्गमीटर क्षेत्रफलमा रहेको र मे १९९७ देखि निर्माण कार्य शुरु भएको जानकारी गराइयो । हाल भवनको मुख्य भाग प्रदर्शनी हलको निर्माण भैरहेको र शुरुमा विदेशी सहयोगको अपेक्षा गरेकोमा अहिले पर्याप्त सहयोग पाउन नसकिएको जानकारी दिइयो । अरुले दुई करोडमा तयार पारिने उक्त संग्रहालयको लागि श्री ५ को सरकारबाट पहिले चरणमा रु. ११ लाख, दास्रो चरणमा रु. ६ लाख सहयोग प्राप्त भैसकेको र थप ५० लाखको सहयोगको लागि अनुरोध भएको साथै जापानको ६ वटा संस्थाहरुबाट आर्थिक सहयोग संकलन गर्ने भन्ने सूचना अनौपचारिक ढंगबाट पाएको समेत कार्यक्रममा जानकारी गराइयो ।

त्यस अवसरमा महासचिव शेर्पाले प्रचार प्रसार कार्यको लागि ब्रोसर तयार पारिएको, त्यसलाई इन्टरनेटमा राखिएको साथै सुधार गर्ने कार्य भैरहेको जानकारी गराउनु भयो । पोखरामा निर्माणाधिन संग्रहालय निम्ति सम्बन्धमा डा. हर्क गुरुङको अध्यक्षतामा छुट्टै समिति गठन होस भन्ने धारणा प्रस्तुत गरियो ।

त्यस्तै सगरमाथाको सरसफाई कार्यक्रमलाई निरन्तरता दिइने, उक्त कार्यको लागि मेसोडोनिक माउण्टेनियरिंग एशोसियसनबाट पनि सहयोग गर्ने बचनबद्धता भएको, १८ वटा पीकलाई क्रमै संग सरसफाई गर्दै जाने कार्यक्रम रहेको विशेषज्ञको राय लिई चोरी गरी चढ्ने कार्यलाई निरुत्साहित गर्ने योजना रहेको बारे महासचिवले प्रष्ट पार्नुभयो ।

अहिले सम्म ६६० जनालाई तालीम प्रदान गरेको, यस सम्बन्धमा कार्यपत्र पनि तयार पारिएको र विदेशीहरुको सहयोगमा मात्र तालिम प्रक्रिया सुधार गर्दै लगिने, भर नपर्ने सोच राखिएको, पर्वतारोहीहरुको हितको लागि अक्षय कोष खडा गरेको र त्यसमा प्रतिवर्ष रु. ३ लाख राख्ने निर्णय भएको र हाल बुक होल्डरबाट संकलित रकम रु.



एक लाख ७० हजार पनि उक्त कोषमा राखी हालसम्म चार लाख ७० हजार रुपैंयाँ अक्षय कोषमा राखिएको प्रगतिबारे जानकारी दिनुभयो ।

यस्तै महासचिव शेर्पाले ककनीमा १४४ रोपनी जग्गालाई श्री ५ को सरकारको राय लिई प्रयोग गर्ने सोच रहेको जानकारी दिइयो । श्री ५ को सरकारले झण्डै १० जना पर्वतारोहीहरुलाई गोरखा दक्षिणबाहुबाट सम्मानित गरिसकेको र १९८० मा आयोजित जस्तै त्रिपक्षीय सगरमाथा आरोहण कार्यलाई निरन्तरता दिने बारे पनि सोच रहेको जानकारी दिनुभएको थियो ।

चालीस वर्ष भन्दा पहिले हिमालयन सोसाईटी मेरै अध्यक्षतामा गठन भयो । केही साथीहरुले धेरै सहयोग गरे र उक्त संस्था करीव २०, २२ वर्ष सम्म संचालन भयो । हिमालयन सोसाईटी जन्म हुनुका कारण खुलाउनु उचित होला । देशमा प्रशस्त हिमालहरु छन् । सोलुखुम्बुको उत्तरी भेगमा शेर्पाहरु रहेका र शेर्पाहरु राणाकालदेखि शिक्षा आर्जन गर्न नपाई पछाडि परेका थिए । भारी बोकेर विदेशीहरुको पछि लाग्नु बाध्यता थियो । पेट पालनको लागि केही सरदारहरु विदेशमा बसाई सरे । यिनै अवस्थालाई ध्यानमा राखी शेर्पा लगायत सबै नेपालीको हित होस भनी त्यो संस्था खोल्नु परेको हो । तेन्जिङ्ग नोर्गे शेर्पा र एडमण्ड हिलारीले सगरमाथा आरोहणबारे पछि उक्त संस्थाले स्वागत कार्यक्रम आयोजना गरेको थियो । त्यस बेला पोङ्गमा छ्याङ राखी फेमार बोकेर काम लिन सरदार हुन दार्जिलिङ्गमा गएको मेले देखें । हिमालयन सोसाईटी स्थापना भए पछि योग्यता अनुसार विभिन्न पद शेर्पा , सरदार , गाईड , कुक भई काम गराउने प्रयत्न भए, प्रमाणपत्रको व्यवस्था भयो २० (२२ वर्ष काम गरे पछि कुनै कारणवश सो संस्था त्यसै हरायो र पछि नेपाल पर्वतारोहण संघको जन्म भयो । कुमार खड्ग विक्रम शाह अध्यक्ष रहनु भयो र म उपाध्यक्ष बनें ।

"समय र परिस्थिति अनुसार धेरै परि वर्तन भए । धेरैले प्रगति गरे । श्री ५ महाराजाधिराजबाट पनि हिमाल आरोहीहरुलाई पुरस्कृत भयो । आरोहीहरुको हिम्मतले यो संघलाई महत पुऱ्याउनु पर्दछ । हामी ईमान्दारी, छलकपट नभएको नेपालीले कोही संग डराउनुपर्ने स्थिति छैन र झुक्ने अवस्था पनि छैन ।"

"महासचिवद्वारा सरकार झुक्नेसँग माग गरेका कुरा सुने । सरकारले पनि कम सहयोग गरेको जस्तो महशुस हुन्छ । लुम्बिनी जस्तो स्थान भएको देश नेपालमा लगानी गरेमा यो भ्रमण वर्ष सफल हुन्थ्यो । चाहिने ठाउँमा खर्च नगर्ने नचाहिने ठाउँमा खर्च हुने हन्छ । सोलुको नाम बेचेर यहाँ सुटेड बुटेड भएर बस्ने प्रवृत्ति रहेमा बाध्य भएर सोलुबासीले निर्णय गर्ने पर्छ ।"

कुमार खड्ग विक्रम शाह

"हाम्रो आङ बाबु लामाले हिमालयन सोसाईटीको स्थापनाको पृष्ठभूमि बताउनु भयो । शायद त्यही उद्देश्यलाई बढाउन तथा पर्वतारोहण क्षेत्रलमा व्यापकता ल्याउनका २० (२२ वर्ष अघि राष्ट्रिय खेलकूद परिषद सचिव हुँदा कुरै कुरामा यो खुलेको हो । त्यो बेला भेला गर्ने र भेलाको लागि आवश्यक कार्य राष्ट्रिय खेलकूदमा हुन्थ्यो । विचारहरु एक आपसमा खुल्दै गए । विधान बन्ने तर्फ अग्रसर भए । विधिपूर्व नेपाल पर्वतारोहण संघलाई अगाडि बढाउने प्रयास भयो । यही प्रयासमा नेपाल पर्वतारोहण संघको जन्म भयो ।"

"यसमा केही पक्षहरु पाएँ । नेपाली पर्वतारोहीहरु ले पाउने सुविधा , कानूनी समस्या, यस क्षेत्रमा देखिएका समस्याहरुको कारण थाहा नभएर वा ज्ञान नभएर होस् त्यस अवस्थालाई लिएर यो कार्य भएको छ । यो अनुभव सोलुवासीलाई मात्र नभएर National Sentiment को हुनुपर्दछ । अठार वर्षको उमेरले सगरमाथा चढ्दा त्यसको अन्तर्राष्ट्रिय मान्यता हुनुपर्छ कि पर्दैन ? हाम्रो आर्थिक अवस्था , मिडियाको अभाव , संकुचित विचारको कारणले यसलाई विस्तार गर्न सकिएन कि ? त्यसलाई संस्थागत गर्नका लागि NMA को स्थापना भयो । "

"नेपालमा रोयल्टी मात्र तिर्ने र यहाँ प्रदूषण हुने । तसर्थ प्रदूषण कम गरी वातावरण जोगाई र राख्न र हिमाल चढ्दा वातावरणीय पक्षमा सम्वेदनशीलमा कमी आएकोले त्यसलाई सुदृढ गराउने उद्देश्य लिई नेपाल पर्वतारोहण संघको स्थापना भएको हो ।" "हिमाल मार्फत अन्तर्राष्ट्रिय क्षेत्रमा छवि राख्ने उद्देश्य लिई पनि यसको जन्म भयो । अहिले UIAA र विभिन्न देशहरुसंग सम्बन्ध विस्तार भएको छ ।"

"पोखराको संग्रहालय सफल भएमा एशियाकै आकर्षक स्थल हुन सक्दछ । संग्रहालयलाई भवनको शारीरिक विकास मात्र नभै Dynamic तिर उन्मुख गराउनु पर्दछ । Center Himalaya को आधारमा यसको विकास गर्नु पर्दछ । "

"यसमा निरन्तरता लागेको हुनाले यसको भविष्य राम्रो होस् । नेपालमा तीस हजार लनड्ा ले आफ्नो देशको साधन श्रोत संचालन गरेर कसले कति कार्यहरु संचालन भएको छ तसर्थ त्यसलाई हेरेर NMA नमूनाको रुपमा स्थापित भएको छ र यसप्रति सबैले गर्व गर्नु पर्छ । यसलाई विकास गर्न सबैले विचार गर्नुपर्दछ । यो त्यबअप लाई हेर्दा सरकारले केही तीन चारवटा पीक बढी दिनु उपयुक्त नै छ जस्तो लाग्दछ र मेरो दृष्टिकोणमा श्री ५ को सरकारलाई बाधा हुने छैन । सचिवबाट सोचिएमा त्यहाँ छाना मात्र नभै गज्रु पनि व्यवस्था गर्न सकिन्छ । संघका हस्तीहरुले र हिमालयन सोसाईटीको केही सदस्यहरुले यस संस्थाको स्थापनामा सहयोग पुऱ्याई आएका छन् । युवा पुस्तालाई Adventure Sports तिर लानु पर्यो । Disco - Bar तिर मात्र जाने प्रवृति निरुत्साहित गरी यस तर्फ उत्साहित गर्नुपर्यो । स्कूल कलेजका युवाहरुलाई यस क्षेत्रमा आकृष्ट गर्न संघले विभिन्न कार्यक्रम ल्याउने भन्ने सोच राखेको छु ।

टेक चन्द्र पोखरेल

"मलाई बोल्न दिईएको विषय "नेपालको पर्वतीय विकासको उद्देश्य र आगामी दिनमा खेल्नु पर्ने भूमिका" बारे हो । झण्डै ६ वर्ष संघको भेलामा यस अवधिमा के भयो मलाई राम्ररी थाहा छैन । तर संघको स्थापना देखि नै क्रियाशील भइआएको विधान ०४७ सालमा संशोधन भयो र त्यहाँ म पनि थिएँ, तर उद्देश्यमा फरक छ जस्तो लाग्दैन । विभिन्न प्रकृयाहरुमा फरक होला । हामी गोष्ठी गर्छौं , विधान बनाउँछौं तर त्यो घिर्सने गर्दछौं त्यो खराब बानी बसेको छ । त्यो उद्देश्य तथा प्राथमिकतालाई सधैं परिवर्तन नगरौं । १९७३ सेप्टेम्बरमा संघको स्थापना भयो । त्यस बेला HRA को स्थापना पनि भयो र म अध्यक्ष थिएँ । त्यस बेला अखबारमा केही कुरा आयो । अध्यक्षको नाताले मलाई खेलकूद परिषदमा बोलाइयो । चार वर्ष सम्म एउटा छाप र सानो कोठामा संघ संचालन भयो । पैसा थिएन र कार्यक्रम भएन । त्यस बेला ७००० मीटर मुनिको पीकको रोयल्टी पाएमा सजिलो हुन्थ्यो भनी निवेदन दियौं तर पाइएन । त्यसपछि तत्कालीन पर्यटन राज्यमन्त्री डा. हर्क गुरुङ्गलाई विन्ति गर्यौं र उहाँको निगाहामा १८ वटा पीक प्राप्त भयो । त्यो टेवा अहिले अति महत्वपूर्ण रहेको छ । त्यही हो हाम्रो तागत , त्यही हो हाम्रो बल । त्यसपछि NMA को चुनाव भयो । त्यहाँ असहज स्थिति पनि भयो र १८ वटा पीकलाई खोस्नु पर्छ भनी केही साथीहरु दौडे । डम्बर बहादुर बस्नेतले मलाई दरबारमा सिधै कुरा राख्ने भनी जागेर कुरा गरे । यसलाई बहुत कठीनाईबाट जोगाईएको छ । त्यसलाई राम्ररी सदुपयोग नगरेमा विग्रनु समय लाग्दैन । विधानमा उल्लेखित १८ वटा उद्देश्यलाई छोट्याएर सात वटा बनाई सबैलाई समेट्नु सकिन्छ जस्तो लाग्छ ।"

संघले प्राथमिकतामा तालीमलाई महत्व दिनु पर्दछ । तालीममा ईन्सा र युगोस्लाभियाबाट प्रदान गर्ने कार्यलाई छोड्नु हुँदैन ।

दीपेन्द्र पुरुष ढकाल, पर्यटन सचिव

नेपाल पर्वतारोहण संघका संस्थापक , संरक्षकहरु धुक्क हुनुहोस् नयाँ पुस्ताले निरन्तरता दिने छ । संग्रहालयको छाना लगाउने कार्य पनि हुन्छ । यहाँहरुको विशेष प्रयासबाट संघले स्थायित्व प्राप्त गरेको छ । संघमा विभिन्न घडीमा विभिन्न समस्याहरु आएको रहेछ र आफैले समाधान पनि गर्दैआएको पाएँ ।

पोखराको संग्रहालय खडा गर्नु नेपाल

पर्वतारोहण संघको ऐतिहासिक कार्य भएको छ । तसर्थ कुनैपनि पूर्ण योजना विना हिम्मत गरी स्व. दावा नोर्बु शेर्पाको विशेष पहलबाट यो कार्य भएको छ । तसर्थ उहाँप्रति धन्यवाद दिन चाहन्छु । पर्वतीय पर्यटनको विकास र नेपाल पर्वतारोहण संघलाई हिजो पनि सरकारको सहयोग थियो र अहिले पनि सहयोग रहीरहन्छ र चुली थप्ने कुरामा मेरो तर्फबाट कुनै कन्जुस्याई हुँदैन । अब यस क्षेत्रमा नयाँ मोडेलको विकास पनि गरौं मेरो सहयोग रहिर हनेछ ।

"नेपाल पर्वतारोहण संघले उदाहरण देखाउनु पर्दछ । नेपाल पर्वतारोहण संघ र हिमालय उद्धार संघ बीच समन्वय छैन । संयुक्त प्रयासबाट काम भएको पाईदैन । तसर्थ देशको "माउण्टेन अथरिटी" को रुपमा नेपाल पर्वतारोहण संघ छ भन्ने उदाहरण देखाउनु पर्दछ ।"

"पर्वतारोहीहरुले सरकारबाट पदवी पायो तर जनताले के पायो । यो देशमा सुन्दरे शेर्पा कसरी मऱ्यो, त्यो हामीलाई पनि थाहा नै छ । सम्मान गर्ने परिपाटी हुनुपर्दछ । जनताको हृदयबाट सम्मान गर्ने प्रक्रियाको थालनी गर्नुपर्दछ । त्यसमा सरकारको ठूलो सहयोग रहनेछ ।"

हामीले "माउण्टेन" को नामलाई बेचेर खायौं र दिनु पर्ने कुरा खास दिएनौं । तिब्बतबाट हिमाल चढ्दा नेपालभन्दा सस्तो हुन्छ भन्ने कुरो आयो । त्यसमा सरकार ले बोल्नु पर्ने असहज स्थिति आयो । हिमाल चढ्दा कहाँबाट सस्तो हुन्छ भन्ने चिन्ता गर्नु हाम्रो काम होइन । त्यसको आफ्नै विशेषता छन् । UIAA को बैठकमा कुन चाहिले नेपालको रोयल्टी महँगो भयो भन्यो । तसर्थ यो विश्वकै सम्पदालाई सस्तोमा बिक्री गर्नु र म्रो होइन भन्ने नीति श्री ५ को सरकारको रहेको छ ।"

कार्यक्रमको दोस्रो सत्रमा डा. हर्क गुरुङको अध्यक्षता अन्तरक्रिया कार्यक्रम शुरु भयो । सहभागी वक्ताहरुको धारणा यसप्रकार छ :

शैलेन्द्रराज शर्मा

हिमालयन सोसाइटीले नेपालीहरुलाई काम दिलाउने र त्यसबाट दार्जिलिङमा गईरहन नपर्ने भई सरदारहरुलाई विदेशमा पलायन हुनुबाट जोगाउने कार्य भएको छ । त्यसको श्रेय हिमालयन सोसाइटीलाइ जान्छ । "लियाजो अफिसर" हरुमा योभन्दा पहिले पैसा कमाउने प्रवृत्ति रहयो । अब रिटायर्ड पर्वतारोहीहरुलाई "लियाजो अफिसर" को व्यवस्था गराउने तर्फ प्रयास गर्नु पर्दछ । विदेशी सहयोग प्राप्त गर्न प्रयास गरिनु पर्दछ भने अर्कातिर विभिन्न व्यक्तिहरुबाट उहाँहरुको अनुभवलाई लिनु पर्दछ । नेपाल पर्वतारोहण संघको स्थापनाकालका गतिविधि, पर्वतीय पर्यटनमा भएको प्रगति र संग्रहालयको अवधारणाको पक्षमा प्रकाश पार्नुभयो ।

जे.वी. सिंह

पर्वतीय पर्यटन भन्नाले पर्वतमा पुग्नुभन्दा अघिको सम्पूर्ण गतिविधि नै पर्वतीय पर्यटन हो । टानको उद्देश्य र नेपाल पर्वतारोहण संघको उद्देश्यमा भिन्नता पाईदैन । अहिले पर्वतीय पर्यटनको विकास भएको छ छैन यसबारे संघले सोच्नु पर्दछ । नेपालको आन्तरिक पर्यटन दुई नम्बरीहरुले मात्र गर्न सक्दछ र घुसखोरीले मात्र गर्न सक्दछ । तसर्थ अहिलेको आन्तरिक पर्यटन गतिविधि सन्तुष्ट छैन । "लियाजों अफिसर" निम्ति बार्गेनिंगको अवस्था रहिरहेको छ । जता गए पनि पैसा उठाउने प्रचलन रहेकोले पर्वतीय पर्यटनको गतिविधि सन्तोषजनक छैन ।

श्रीमती यांकिला शेर्पा, अध्यक्ष टान

"माउन्टेनियरिङ्ग र ट्रेकिङ्गको गतिविधिमा भिन्नता छैन । विभिन्न प्रशिक्षणहरुमा NMA , TAAN बीच एक आपसमा सहयोग हुनुपर्दछ । वर्तमान पर्यटन नीतिले गर्दा हुनसक्दछ पर्यटन गतिविधिमा ह्रास पुग्न गएको छ । यहाँ के भैरहेको छ यस बारे मोनिटरिङ्ग हुन नसकेको पाइन्छ । ट्रेकिङको गतिविधि पनि पर्वतारोहण क्षेत्रसँग संलग्न हुने हुनाले यसको क्षेत्रलाई विस्तार गरिनु पर्दछ । पर्वतारोहीहरुको हित हेरिनु पर्दछ ।

डा.सूर्य लाल अमात्य

नेपाल पर्वतारोहण संघको शुरुकालको अवस्था र वर्तमान अवस्थामा कता कता विश्वासको संकट छ जस्तो लागेको थियो त्यो यस कार्य बाट निरुत्साहित हुने कार्य भयो ।



विश्वसनीयता बाहेक संघ अघि बढ्न सक्दैन । लियाजों अफिसरको बारेमा नेपाल पर्वतारोहण संघले प्रेसर ग्रुप बनाउनु पर्ने जस्तो लाग्छ तर प्रेसर कारलाई घचघच्याउने खालको हुनुपर्छ ।"

डा.रमेशराज कुंवर

"मेरो आफ्नो झण्डै १५ वर्षको अनुभव नेपालको हिमाली वातावरणमा संलग्न छ र हाल तराईमा कार्यरत रहे तापनि मेरो मन सोलु जुन्वेशीमा रहेको ।"

"पर्वतीय पर्यटनलाई विभिन्न क्षेत्रबाट हेरिनु पर्दछ । नेपालको उत्तरी भेगमा ८० % पर्यटक जाने गर्दछन् । आज भन्दा १५ वर्ष अघिको पर्यटकहरुबाट पैसा किन धेरै आयो र १५ वर्ष पछि किन थोरै भयो । किनभने हाम्रो समाजको सामाजिक संस्कृतिहरु परिवर्तन भई ह्रास भैर हेको छ । आज हाम्रो पुर्खाले बनाईरहेको स्थानहरु सांस्कृतिक सम्पदाहरु लोप हुँदै हाम्रो गुम्बामा हुने कार्यहरु अब अमेरिकामा हुने गर्दछन् । यसैले त्यसको जगेर्ना तर्फ लाग्नु पर्दछ । यहाँ ट्रेकिङ्ग एजेन्सीको निर्देशकहरु नै नेपाल पर्वतारोहण सघमा रहने भएकोले यसको कारण केही मतभिन्नता भएको जस्तो लाग्दछ । मनाङमा पुग्ने लियाजों अफिसर , टीका लगाउने आफ्नो घरमा पुग्ने हुँदा पर्वतीय पर्यटनको गतिविधि सन्तोषजनक छैन ।"

लवराज जोशी

"हाम्रो चुनौतीहरुलाई समाधान गर्दै नेपाल पर्वतारोहण संघलाई अगाडि बढाउनु पर्दछ । यस कार्यक्रममा सबै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई पनि समावेश गरको खण्डमा अझ राम्रो हुन्थ्यो । ८००० मिटर आरोहण गरेका पर्वतारोहीहरुको जन्म दिन मनाउने कार्य गर्नुपर्दछ ।"

मिङ्गमा नोर्बु शेर्पा

"सगरमाथा प्रदूषण नियन्त्रण समितिले नेपाल पर्वतारोहण संघबाट पनि सहयोग पाईं त्यहाँ विभिन्न सरसफाई कार्यहरु भएको छ । हाल त्यहाँ भैरहेको प्रदूषण नियन्त्रण गर्ने कार्य प्रभावकारी भएमा अन्य ठाउँहरुमा पनि प्रयोग गर्नु पर्दछ । "

विश्वजित किराती

"पोखरामा रहेको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा विभिन्न देशको कक्ष राखेर ती देशको नमूनाहरु राखियोस् । विश्वका पर्वतारोहीहरुलाई निम्त्याएर तिनीहरुको विचार सुनेर रेकर्ड राखिनु पर्दछ । व्यक्तिगत ढंगबाट पनि तिनीहरुको विचार टेप गरी राख्नु पर्दछ र त्यसलाई बुद्धिजीवीहरुलाई सुनाएर त्यसबाट केही सहयोग पुग्न सक्दछ ।"

नारायण सुन्दर श्रेष्ठ

विभिन्न ठाउँमा रहेका व्यक्तिहरुलाई त्यस ठाउँको वातावरणले असर पर्दछ । रक क्लाइम्बिंग एउटा खेलकूद रहेको र त्यसका सामानहरु अति महँगो भएकोले गर्दा यो क्षेत्र महँगो खेलको रुपमा आएको छ । यो संसारकै लागि महँगो खेल हो तर यससलाई प्रचारमा ल्याउन सकिएन ।

रक क्लाइम्बिंगलाई खेलकूदको माध्यमबाट प्रचार प्रसारमा ल्याउनु पर्दछ । यस कार्यमा संघको ठूलो भूमिका रहन्छ ।


डा.हर्क गुरुङ्ग (अध्यक्ष, अन्तरक्रिया कार्यक्रम)

नेपाल पर्वतारोहण संघको शुरुवात गर्नुहुने नाटककारहरुले राख्नुभएको विचार निकै स्वस्थ छ । संघ क्रमबद्ध रुपमा विकास हुँदै आएको छ । संघ पनि "क्याम्प वन क्याम्प टु" जस्तै विभिन्न क्याम्पमा पुगेको छ र संग्रहालयको छाना छाउनसम्म धेरै क्याम्पमा पुग्न सक्छ । मूलतः कार्यक्रम अति फलदायी भएको छ ।"

का.वा. अध्यक्ष, सोनाम ग्याल्जेन शेर्पा

"संघले निर्वाचित अध्यक्ष स्व. दावा नर्बु शेर्पाको निधन पश्चात मलाई कार्यवाहकमा रही काम गर्नु पर्ने जिम्मेवारी सुम्पेको छ । यस कार्यक्रमबाट पुरानो र नयाँ पिढीको बीच समन्वय ल्याउन र संघलाई अगाडि बढाउन व्यापक छलफल भई त्यसको राय कार्यान्वयन गर्नमा कार्य समितिलाई मद्दत पुगेको छ ।

उहाँले कार्यक्रम सफलतापूर्वक संचालन गर्नुभएकोमा संचालिका श्रीमती कृष्णा ताम्राकार, श्री ५ को सरकारका प्रतिनिधिहरु, क्याटरिङ गर्ने होटल मर्स्याङदी सबैलाई हार्दिक धन्यवाद दिई कार्यक्रमको समापन गर्नुभएको थियो ।



पर्वतीय पर्यटनको भविष्य ?

नेपालको पर्वतीय पर्यटन ओरालो लाग्दैछ। एक दशक अघि प्रतिदिन एक पदयात्रीलाई ८० अमेरिकी डलरमा ट्रेकिंग सुविधा उपलब्ध गराउने व्यवसायीहरू अहिले अस्वस्थ प्रतिस्पर्धाको फलस्वरुप प्रतिदिन १८ अमेरिकी डलरमा ट्रेकिंग बिक्री गर्न विवश छन्। हालका वर्षहरूमा देशमा ट्रेकिंग एजेन्सीहरूको संख्यामा निरन्तर वृद्धिभई दर्ता गरिएका एजेन्सी संख्या ३५० नाघेको छ । तर अपेक्षित रुपमा पदयात्री बढ्न सकेका छैनन्। पदयात्रा र हिमाल आरोहणका निम्ति देशका विविध क्षेत्रहरू खुला गरिए पनि पदयात्री र पर्वतारोहीहरूको सीमित क्षेत्रमा चाप केन्द्रित छ । मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चलका कतिपय "भर्जिन" र आकर्षित क्षेत्रहरूले पदयात्री र पर्वतारोहीलाई मोहित तुल्याउन सकेको छैन । निकै लामो समयदेखि पदयात्रा व्यवसायमा समर्पित निजी क्षेत्रका व्यवसायीहरू पदयात्रा व्यवसायतर्फ सरकारी उपेक्षाको कारण समेत ट्रेकिंग व्यवसाय विकास विस्तार हुन नसकेको गुनासो गर्दछन्।

पर्यटन व्यवसायीहरूले दुई वर्षदेखि प्रतीक्षा गरेको नेपाल पर्यटन बोर्ड हालै गठन गरिएको छ, तर त्यसमा निजी क्षेत्रबाट प्रतिनिधित्व गर्ने पाँच व्यक्तिहरूमा पदयात्रा तथा पर्वतारोहण पेशामा संलग्नहरूको तर्फबाट प्रतिनिधित्व छैन । पदयात्रा व्यवसायमा संलग्न व्यक्तिहरूका अनुसार, श्री ५ को सरकारले नवगठित पर्यटन बोर्डमा ट्रेकिंग व्यवसायका तर्फबाट कसैलाई समावेश नगरी अन्याय गरेको छ र यसबाट सरकार पदयात्रा र पर्वतारोहण क्षेत्रको विकास विस्तारप्रति त्यति गम्भीर छैन भन्ने संकेत मिल्दछ । स्मरणीय छ पर्यटन सचिवको अध्यक्षतामा नवगठित दश सदस्यीय नेपाल पर्यटन बोर्डमा सरकारी निकायका तर्फबाट अर्थ मन्त्रालयका सहसचिव, अध्यागमन विभागका महानिर्देशक, हवाई विभागका महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक तथा निजी क्षेत्रका तर्फबाट प्रभाकरशम्सेर जवरा, कर्ण शाक्य, रविन्द्रराज पाण्डे, बसन्तराज मिश्र तथा किशोर पाण्डे नियुक्त गरिएका छन्। महत्वाकांक्षी बजेटको अभावमा छटपटाई रहेको र गतिहीन नेपाल पर्यटन बोर्डको सदस्य सचिव नियुक्त गर्ने तथा पर्यटन विभागलाई अस्तित्वहीन बनाउने काम गर्न बाँकी नै छ।

सन् १९९६ मा विश्वका विभिन्न भागबाट कूल तीन लाख ९३,६१३ पर्यटकहरूले नेपाल भ्रमण गरे, त्यसमा एक लाख २२,५१२ भारतीय पर्यटक थिए। त्यसवर्ष समुद्रपार मुलुकबाट आएका करीव दुई लाख ७१ हजार पर्यटकमा पदयात्रा र पर्वतारोहण प्रयोजनका निम्ति ८८,९४५ पर्यटक नेपाल आएको तथ्यांक बोल्दछ। यस स्थितिलाई दृष्टिगत गर्दा ६ हजार मिटर उच्च १३१० पर्वत भएको र प्राकृतिक मनोरम हिमश्रृंखला र पर्वतले समेत नेपालले कूल पर्यटक आगमनको बढी संख्यालाई आकर्षित पार्न सकेको छैन। विज्ञहरूका अनुसार नेपालको पर्वतीय पर्यटनको दीगो विकास हुन नसक्नुका प्रमुख कारणहरूमा पर्वतीय क्षेत्रमा ह्रासोन्मुख पर्यावरणीय समस्या, स्थानीय उत्पादन प्रणालीसँग पर्यटनको तादात्म्यताको अभाव, पर्यटकीय क्षेत्रहरूमा उठ्ने राजस्व नगन्य, परिमाणमा ती क्षेत्रमा खर्च गर्ने प्रवृत्ति, "सिजनालिटी"को समस्या पर्यटन गतिविधिबाट ती क्षेत्रमा परेको सामाजिक सांस्कृतिक प्रतिकूल असर एवम् नीतिगत र संस्थागत विकासका समस्या छन्। पर्वतीय पर्यटनको विकास तीव्र गतिमा हुन नसकेकोले त्यसबाट स्थानीय विकास र समुदायको जीवनस्तर अभिवृद्धिमा पनि योगदान पुग्न सकेको छैन।

पर्वतीय पर्यटनको प्रसंगमा पदयात्रा र पर्वतारोहण अभियान सञ्चालित क्षेत्रबाट प्राप्त राजस्व स्थानीय विकासमा खर्च नगरिएको आरोप पनि आफ्नो ठाउँमा छँदैछ। यस सन्दर्भमा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव दीपेन्द्रपुरुष ढकाल श्री ५ को सरकारद्वारा मुस्ताङ, अन्नपूर्ण र खुम्बु लगायतका क्षेत्रमा पर्यटन क्षेत्रबाट प्राप्त आम्दानीको ६० प्रतिशत रकम ती क्षेत्रहरूको विकासमा खर्च गर्ने गरिएको तथा सरकारले पदयात्रा र पर्वतारोहण व्यवसायलाई पनि प्राथमिकता दिएको बताउनु हुन्छ । पर्यटन विभागका महानिर्देशक प्रचण्डमान श्रेष्ठको विचारमा नेपालमा पर्वतीय पर्यटनको विकासमा अपार सम्भावना भएकोले त्यस क्षेत्रको वातावरणीय पक्षमा देखा परेको लगायतका विविध समस्या समाधान गर्न सामूहिक सक्रियता आवश्यक छ, तथा पर्वतीय क्षेत्रको संरक्षण सम्बर्द्धनमा स्थानीय समुदायलाई पनि परिचालन गरिनु पर्दछ।


ट्रेकिंग एजेन्ट्स एसोसिएशन अफ नेपाल (टान)का अध्यक्ष श्रीमती याकिंला शेर्पा नेपालमा पदयात्रा व्यवसायको समुज्ज्वल भविष्य रहेको तर अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवर्द्धनको अभावमा लक्षित उद्देश्य हासिल हुन नसकेको बताउनु हुन्छ। नेपालको पर्यटन व्यवसायमा कैयन वर्षदेखि प्रतिवद्ध व्यक्तित्वहरू तथा विभिन्न ट्रेकिंग एजेन्सीका प्रबन्ध निर्देशकहरू एसियन ट्रेकिंगका आङछिरिङ शेर्पा, इन्टरनेशनल ट्रेकर्सका फिन्सो लामा, हिमालयन जर्निजका अशोक पोखरेल, थामसेर्कु ट्रेकिङ्का ल्याक्पा सोनाम शेर्पा, वाइल्डरनेश एक्सपेरियन्सका आङफुर्वा शेर्पा तथा लास्ट फ्रन्टियर्स ट्रेकिङ्का मिङमादोर्जी शेर्पाको अभिमतमा देशमा पर्वतीय पर्यटनको विकास तथा पर्वतारोहण गतिविधिको विस्तारतर्फ उच्च प्राथमिकता दिइनु जरुरी छ र पर्वतीय पर्यटनको विकासले मात्र समग्रमा नेपालको पर्यटन व्यवसायले नयाँ आयाम लिन सक्नेछ।

विगतमा नेपाल पर्वतारोहण संघ तथा ट्रेकिंग एजेन्टस एसोसिएशन अफ नेपालले देशमा पर्वतारोहण एवम् पदयात्राको प्रवर्द्धनका दिशामा देखा परेका अवरोध हटाउन विविध अग्रसारिता सञ्चालन गर्दै आएका छन्। सन् १९९७ को मे २८–३१ मा काठमाडौंमा सम्पन्न अन्तर्राष्ट्रिय पर्वतारोही सम्मेलनले नेपालमा पर्वतारोहण र पदयात्रा क्षेत्रको विकास विस्तारमा औंल्याएका समस्या समाधान गर्नेतर्फ सरकारी तथा निजी क्षेत्रका सम्बद्ध निकायहरूबीच समन्वयात्मक प्रयास भएमा विद्यमान स्थितिमा सुधार देखा पर्न सक्नेछ।

पर्वतीय पर्यटनको क्षेत्रमा हालका वर्षहरूमा बढ्दो अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका कारण नेपालले एकाधिकार गुमाई सकेको परिप्रेक्ष्यमा समयमै पर्वतीय पर्यटनका पक्षमा देखिएका समस्या समाधान गर्नेतर्फ चालिने कदमले नै नेपालको पर्वतीय पर्यटन ह्रासोन्मुख हुने स्थितिबाट सुरक्षित रहन सक्नेछ। पर्वतीय पर्यटनको विकास विस्तारलाई नारा र प्रचारप्रसारमा सीमित राख्नुसट्टा समस्याको "पोष्टमार्टम" गरी विद्यमान समस्या र चुनौती अन्त्य गर्नेतर्फ गम्भीर चिन्तन गरिनु आवश्यक छ।

– रमेश तिवारी

t - the NMA Peaks



खुम्बुमा पर्वतारोहण प्रशिक्षण

नेपाल पर्वतारोहण संघको प्रमुख उद्देश्य अन्तरगत नेपालीहरूलाई पर्वतारोहण सम्बन्धी ज्ञान दिलाउन र त्यस सम्बन्धी प्रशिक्षण दिने उद्देश्य लिई संघले बेलाबेलामा विभिन्न किसिमका प्रशिक्षणहरू प्रदान गर्दै आइरहेकोमा हालै मात्र सोलुखुम्बु जिल्लाको उत्तरी भेग खुम्जुङ्ग गाविस वडा नं. ९ स्थित नुप्चे बेसक्याम्पको नजिक कर्तुङ आइसमा गत जुन २० देखि जुलाई २३, १९९७ सम्म भएको प्रशिक्षण एक महत्वपूर्ण र रोचक प्रशिक्षणको रुपमा प्रस्तुत भएको पाइन्छ ।

यस प्रशिक्षण कार्यक्रममा प्रशिक्षार्थीहरूको रुपमा ११ जना पेम्बाग्याल्जेन शेर्पा, शान्तबहादुर गुरुङ्ग, नुरीछिरी शेर्पा, दानु शेर्पा, कर्साङलामा शेर्पा, छिरिङ्ग तेन्जी शेर्पा, नुरु जाङबु शेर्पा, निमा देण्डी शेर्पा, रामकुमार गुरुङ्ग, देवराज गुरुङ्ग, कुमार गुरुङ्ग थिए भने प्रशिक्षकहरूमा दावागोम्बु शेर्पा प्रमुख प्रशिक्षक, इमान गुरुङ्ग र प्रेमबहादुर गुरुङ्ग संलग्न भएका थिए । बेसक्याम्पसको लागि तीन व्यक्ति समेत संलग्न रहेको उक्त टोली जुन २० तारीख काठमाडौंबाट श्याङ्बोचे तिर हेलिकोप्टर मार्फत् प्रस्थान गरेको थियो । श्याङ्बोचेबाट तेङ्बुचे, फेरुचे, लबुचे, बेसक्याम्प कर्तुङ्ग आईसमा पुगी त्यहाँ प्रशिक्षण कार्य भएको र फर्किंदा बेसक्याम्पबाट लबुचे, लबुचे बेसक्याम्प, फेरुचे, तेङ्बुचे, नाम्चे, रोकखम्बा, लुक्ला हुँदै काठमाडौं आइपुगेको थियो। जम्मा ३५ दिन भित्र सम्पन्न गर्ने कार्यक्रम रहेता पनि ३३ दिन भित्रै यो कार्यक्रम सम्पन्न भएको थियो। लोबुचे हिमाल आरोहण गर्ने कार्यक्रम रहेकोमा मौसमको खराबीका कारण निर्धारित समयभन्दा दुई दिन अगावै यो कार्यक्रम सम्पन्न भएको थियो ।


यस "Advance Mountaineering Training" मा आधारभूत तालिम लिइसकेका प्रशिक्षार्थीहरू मात्र सहभागी हुने प्रावधान रहेको छ। सहभागीहरूको तालिम शुल्क स्वरुप रु. पाँच हजार उपलब्ध गराउनु पर्दछ । उक्त शुल्क निर्धारण गरेका कारण प्रशिक्षार्थीहरूबाट जिम्मेवारी बहन गरियोस्, अनुशासन रहोस्, जस्ता मनसाय लिई सो शुल्क निर्धारण गरेको कुरा संघका कार्यकारिणी सदस्य एवम् टोली नेता ल्हाक्पादोर्जी शेर्पा बताउनु हुन्छ ।

यो तालिम अन्य तालिम झैं नभै हिउँ र आईसमाथि डोरी अगाडि नराखी अथवा बाटो पहिले नै नबनाएर प्रशिक्षार्थीहरूले आफैले डोरी टाँगी बाटो बनाएर माथि चढ्ने र तल फर्किदा आफैले पुनः त्यो डोरी र किला (पिकतुङ) फुकालेर सँगै लिई आउने प्रशिक्षण भएको पाइन्छ । प्रशिक्षणमा हिमाल आरोहण गर्दा चाहिने सम्पूर्ण सामग्रीहरूको प्रयोग भएको थियो । हिमाल चढ्दा खुट्टाको हिंडाई तरिका, शरीरको स्थिति, आदिबारे राम्ररी प्रशिक्षण दिइएको थियो । साथै तालिममा महत्वपूर्ण अध्ययनतर्फ हिमाल सम्बन्धी नक्साको अध्ययन कार्य भएको छ । नक्साको अध्ययनबाट हिमालको दूरी र स्थिति, हिउँको गुण, इतिहास, नक्सा कसरी हेर्ने आदिबारे ज्ञान प्रदान गरिएको थियो । टोलीको अर्को महत्वपूर्ण कार्य उक्त टोलीले काठमाडौंबाट करीब २५०० किलो खानेकुरा र सामानहरू गरी जम्मा ३२ किलो भार ीमा टिनका बस्तुहरू, प्लाष्टिक ब्याग, शिशी आदि समेत जम्मा ४० किलो फोहर वस्तु काठमाडौं ल्याएको र त्यसलाई सम्बन्धित निकायमा पुऱ्याउने कार्य गर्ने भएको छ ।

प्रशिक्षणको अवसरमा प्रशिक्षार्थीहरूको मूल्यांकन कार्य अघि बढाइएको स्मरणीय छ । प्रशिक्षार्थीहरूको अनुशासन, आत्मनिर्भर, सरसफाई, दक्षता, स्मरण शक्ति, खुट्टाको स्टेप, आदिलाई प्राथमिकता दिई प्रशिक्षार्थीहरूलाई "ए" ग्रेड र "बी" ग्रेडमा छान्ने कार्य गरिएको थियो । "ए" ग्रेडमा ५ जना र "बी" ग्रेडमा ६ जना मध्ये पेम्बागल्जेन शेर्पा र प्रेमबहादुर गुरुङ्ग (प्रशिक्षक) जुलाई २६ देखि सेप्टेम्बर २७, १९९७ मा भार तको हिमाञ्चल प्रदेशमा भएको अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुनुभयो । संघले त्यस्ता किसिमका प्रतियोगिताहरूमा सहभागिता बढाउँदै जाने कार्यलाई प्रमुख प्राथमिकता दिने सोचाई र खेको छ ।

विगतमा संघबाट हुने प्रशिक्षण कार्यक्रमहरूमा विदेशी प्रशिक्षकको सहभागिता हुँदै आएकोमा यस पटक नेपाली प्रक्षिकबाट मात्र प्रशिक्षण गराइएको थियो । नेपाली प्रशिक्षक र विदेशी प्रशिक्षकबाट प्रशिक्षण हुँदा नेपालीहरूलाई विशेषतः अंग्रेजी शब्दको कमी कमजोरी हुने र कतिपयले बोलेको कुरा पनि प्रष्ट बुझ्न नसक्नुले प्रशिक्षार्थीहरूले नेपालीहरूबाट भएको प्रशिक्षणबाट सन्तोष मानेको पाइन्छ। यस सम्बन्धमा प्रशिक्षणमा सहभागी एक सदस्य कर्साडलामा शेर्पा भन्नुहुन्छ– "यसपल्ट प्रशिक्षण कार्य राम्रो भएको छ । प्रशिक्षणमा विगतमा लिएको प्रशिक्षणलाई प्रायः दोहोऱ्याउने कार्य गरिएको छ। विदेशी प्रशिक्षकबाट भाषाका कारण अलि कठिनाइ भएता पनि "टेक्निकल" कुराहरू बढी सिकाउने र समयलाई महत्व दिई प्रशिक्षण गर्ने कार्य हुन्छ भने नेपाली प्रशिक्षकहरूले समयलाई वास्ता नराख्ने तर भाषाको समस्या नभएकोले राम्ररी बुझ्ने चाहिं हुन्छ । समग्रमा यो प्रशिक्षण अति राम्रो भएको र यसबाट हामीलाई थप उर्जा मिलेको छ ।"

प्रशिक्षणमा सफल प्रशिक्षार्थीहरूलाई गत जुन ३, १९९७ का दिन नक्सालस्थित नेपाल पर्वतारोहण संघको भवनमा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव दीपेन्द्रपुरुष ढकाल र सहसचिव श्रीकुमार पौडेलको प्रमुख आतिथ्यमा प्रमाण–पत्र वितरण गर्ने कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा त्यस प्रशिक्षण कार्यक्रममा टोली नेता ल्हाक्पादोर्जी शेर्पाले प्रशिक्षणको बारेमा जानकारी गराउँदै हिमालमा हुने विभिन्न समस्याको पर्यटन सचिव समक्ष प्रष्ट पार्नुभयो। त्यस क्रममा सचिवले सफल प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नु भई नेपाली दाजुभाइहरूबाट प्रशिक्षण प्रदान गर्न सफल



भएकोमा सराहना गर्नु हुँदै भविष्यमा पनि सफलता मिलोस् भनी कामना व्यक्त गर्नुभयो । साथै विशेष कीर्ति राख्ने व्यक्तित्वहरूको सम्मान जिउँदो हुँदै गर्ने परिपाटी बसाल्नु पर्ने कुरामा उहाँको जोड थियो । कार्यक्रमको अन्तमा संघका अध्यक्ष स्व.दावानोर्बु शेर्पाबाट नेपालमा माउन्टेनियरिंग स्कूलको आवश्यकता भएको चर्चा गर्दै सहभागी सबैलाई धन्यवाद् व्यक्त गर्नुभयो भने कार्यक्रमका संचालन कार्य समितिका सदस्य भूमिलाल लामाले गर्नुभएको थियो ।

निश्चय नै देशमा पर्वतारोहण सम्बन्धी आधारभूत प्रशिक्षणका साथै उच्चस्तरका प्रशिक्षणहरूको आवश्यकता छ । विगतमा नेपाली पर्वतारोहीहरूमा बाध्यात्मक पेशाका कारण प्रशिक्षणको अभाव आदिले गर्दा हिमालमा हुने कैयौं दुर्घटनाबाट बच्न कठिन भएको पाइन्छ । अहिलेको परिस्थितिमा यो पेशा मात्र नभै खेलकूद जगतमा महत्वपूर्ण भाग पनि भएको हुनाले नेपाली पर्वतारोहीहरूलाई यस क्षेत्रमा उपलब्ध हुने जिल्ला स्तरका प्रशिक्षणहरू उपलब्ध गराउनु जरुरी छ । नेपालीहरूलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन बेला बेलामा विदेशबाट पनि उच्च प्रशिक्षकहरू झिकाई प्रशिक्षण गराउनु पर्दछ । नेपाली युवाहरूलाई मात्र नभै महिलाहरू विशेष गरी युवा महिलाहरूलाई यस क्षेत्रमा आकृष्ट गर्न विभिन्न किसिमका कार्यक्रमहरू संचालन गरिनु पर्दछ र उनीहरूलाई पनि यस सम्बन्धी प्रशिक्षणको व्यवस्था गर्नु आवश्यक छ । यसबाट नेपालको पर्वतारोहण क्षेत्रमा संख्यात्मक मात्र नभै गुणात्मक रुपमा विकास गरी अन्तर्राष्ट्रिय जगतमा समेत सफलता प्राप्त गर्न सकिनेछ र नेपाल र नेपालीको शिर सदा उच्च राखिरहन नेपाली पर्वतारोहीहरूबाट विशेष भूमिका निर्वाह गर्न सफलता प्राप्त हुनेछ ।

– दोर्जी जाङ्बु लामा

नयाँ उच्च हिम शिखर

विश्वमा अब आठ हजार मिटरभन्दा उच्च हिमशिखरहरुको संख्या १५ पुगेको छ । चीनको समाचार समिति सिन्ह्वाका अनुसार, चीनको भूगर्भविदहरूले उत्तरपश्चिमी चीनको सिनजियाग, युगुर स्वशासित क्षेत्रको काशी प्रान्तमा ८०११ मिटर उच्च अर्को नयाँ हिमशिखर पत्ता लगाएका छन् । "सेन्ट्रल पीक" नाम दिइएको नयाँ हिमशिखर काराकोरम पर्वतीय श्रृंखलामा विश्वको दोस्रो उच्च माउण्ट कर्गीरको ८.३५ किलोमिटर दक्षिणपूर्वमा अवस्थित छ र उचाईमा पन्ध्रौं स्थानमा पर्दछ ।

समाचार समाचार समाचार

१९ वटा शिखर आरोहण गर्न रोयल्टी तिर्नु नपर्ने

श्री ५ को सरकारले नेपाल भ्रमण वर्ष १९९८ को सन्दर्भमा मुलुकका १९ वटा शिखर आरोहणका लागि रोयल्टी तिर्नु नपर्ने व्यवस्था गरेको छ ।

ती शिखरहरू आरोहणमा रोयल्टी तिर्नु नपर्ने सुविधा सन् १९९८ र १९९९ दुई वर्षका लागि हो । पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार उक्त सुविधा अन्तरगत पाँच हजार ७६४ मिटर देखि सात हजार एकसय मिटर उचाई भित्रका शिखर परेका छन् ।

रोयल्टी मुक्त गरिएका शिखरहरूमा चाङ्ला, नाला कंकर, जेठी बहुरानी, त्रिपुरा हिउँचुली, होडदे, जाग्दुला, शे शिखर, काण्डे हिउँचुली, कान्जिरोवा, नामपा, सिस्ने, फिमकोफ पश्चिम, नाम्पा दक्षिण, रक्षा उराई, सैपाल पूर्व, सुरमा सरोवर, सो कार्पो, कागमारा र अपी पश्चिम रहेका छन् ।

पर्वतारोहणका लागि छ हजार मिटरमाथिका शिखरका लागि स्वीकृति प्राप्त गर्न एक हजार पाँचसय डलर र सातहजार एकसय मिटरभन्दा माथिका शिखरका लागि दुईहजार पाँच सय डलर रोयल्टी तिर्नुपर्ने व्यवस्था छ । पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सो सुविधाले पर्वतारोहीहरू आकर्षित हुने विश्वास लिएको छ ।

माउण्ट हिवा स्काईलाइन रेस

माउण्टेनियरिङ एसोसियसनको आयोजनामा जापानको हिरोसिमा नगरमा गत जेठ, २०५४ मा हिरोसिमा माउण्ट हिवा स्काईलाइन रेस प्रतियोगिता सम्पन्न भयो । पर्वतारोहण र पदयात्रासँग सम्बन्धित व्यक्तिहरूलाई समावेश गरी सञ्चालन गरिएको सो प्रतियोगितामा विभिन्न देशका ४१० जना पुरुषका साथै ४० जना महिला प्रतियोगीहरूसमेत कूल ४५० जना प्रतियोगीहरूले भाग लिएका थिए ।

नेपाल पर्वतारोहण संघले पर्वतारोहण र पदयात्रासँग सम्बन्धित प्रतियोगीहरू समावेश रहेको छनौट दौड प्रतियोगिता सञ्चालन गरी प्रथम स्थान प्राप्त गर्ने महिला तथा पुरुष प्रतियोगीहरूलाई जापानको हिरोसिमामा भएको सो प्रतियोगितामा नेपालको तर्फबाट समावेश गरेको थियो । प्रतियोगितामा महिलातर्फ नेपालकी धाविका सुश्री डोल्मा शेर्पाले १४ किलोमिटर दूरी रहेको उक्त दौड एक घण्टा ३२ मिनेट २५ सेकेण्डमा पूरा गरी पाँचौं स्थान (डिप्लोमा) प्राप्त गरेकी थिइन भने पुरुषतर्फ नेपाली धावक अनिल भट्टराईले सो दूरी १ घण्टा १३ मिनेट ५६ सेकेण्डमा पूरा गरी अठारौं स्थान प्राप्त गरे । स्मरण रहोस् धावक अनिल भट्टराईले गत साल सोही ठाउँमा भएको उक्त प्रतियोगितामा छत्तीसौं स्थान प्राप्त गरेका थिए ।

उक्त दौड प्रतियोगितामा पुरुष तथा महिलातर्फ पेरुका धावक तथा धाविकाहरूले क्रमशः १ घण्टा १० सेकेण्ड र १ घण्टा १५ मिनेट २८ सेकेण्डमा उक्त दूरी पूरा गरी प्रथम भएका थिए ।

पाल्दोर पिक क्षेत्रमा हिममानव यतिको पदचिन्ह १

नेपाल हिमालयन पथ प्रदर्शक संघका अध्यक्ष तथा नेपाल पर्वतारोहण संघका कार्यसमिति सदस्य लाक्पादोर्जी शेर्पाले रसुवा तथा धादिग जिल्लाको सीमा क्षेत्रमा रहेको पाल्दोर पिक (५८९६ मिटर) क्षेत्रमा आरोहणका सिलसिलामा सन् १९९८ मार्च १९ मा आधार शिविरतर्फ फर्कदा करीब ४००० मिटरको उचाईमा हिममानव यतिको पदचिन्ह देखिएको बताउनु भएको छ। जापानको शिवा इस्टिच्युट अफ टेक्नोलोजी अल्पाइन क्लबको टोलीलाई लिएर अन्य दुई आरोहीका साथ पाल्दोर पिक आरोहण गर्न जानु भएका आरोहण अभियान दलका मुख्य सरदार लाक्पा दोर्जी शेर्पाले स्किलौरोले नाप गर्दा यतिको पदचिन्ह १२२ से.मी. लामो तथा ४१ से. मी. चौडा भएको दावी गर्नुभएको छ।



त्यस क्षेत्रमा लगातार हिउँ परेकोले हिममानव यति पाल्दोर पिकको उच्च क्षेत्रबाट तल्लो क्षेत्रतर्फ आएको हुनसक्ने उहाँको धारणा छ। श्री शेर्पाले निकै मिहेनतका साथ यतिको पाइतालाका चारवटा तस्वीर त खिच्नु भयो तर ती पदचिन्ह प्रष्ट देखा नपरेकोमा आश्चर्यचकित हुनुभएको छ। यति खुम्बु क्षेत्रमा मात्र होइन अन्य हिमाली क्षेत्रमा पाइनसक्ने सम्भावना पाल्दोर पिक क्षेत्रमा यतिको पदचिन्ह फेला परेपछि देखिएको छ।

हिमालय आचार संहिता

हिमालयको वातावरणीय स्वच्छता नेपालीहरूको मात्र होइन विश्वभरिकै प्रकृतिप्रेमी तथा पर्वतारोहीहरूको सरोकारको विषय बन्न पुगेको छ। जापानमा नोभेम्बर १९९१ मा सम्पन्न पर्वतीय वातावरण संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय भेलाद्वारा पारित "हिमालय आचार संहिता"ले त्यही अन्तर्राष्ट्रिय चासो र प्रतिवद्धतालाई प्रतिविम्बित गर्दछ। त्यो "संहिता"को पूर्ण विवरण :

"प्राकृतिक बातावरण जोगाऔं"

- ☐ क्याम्पिङ्ग गर्ने ठाउँ सफा राख्नोस्। तपाईले क्याम्पिङ्ग गरेको ठाउँ छाडेर गए पछि अरुले पनि प्रयोग गर्नेछन् भन्ने कुरा नविर्सिनोस्। त्यसैले त्यस ठाउँलाई पहिलेकोभन्दा सफा र सुग्घर पारेर मात्र छाड्नुहोस्।
- ☐ वन बिनास रोक्नोस्। खुल्ला ठाउँमा आगो बालेर ताप्ने नगर्नोस् र अरुलाई पनि त्यस्तो गर्न भरसक नदिनोस्। पानी उमाल्न दाउरा बाल्नु पर्ने ठाउँमा थोरै पानीले काम चलाउनोस्। सभव भएसम्म मट्टितेलको स्टोभ वा कम दाउरा चाहिने सुधारिएको स्टोभ बाल्ने, लज या होटेलहरूमा मात्र बास बस्नोस्।
- ☐ फोहोर जलाउनोस् वा गाड्नोस्। आफै सडेर नजाने बस्तुलाई भने आफूसाथ फिर्ता लैजानोस्। अरुले बाटामा फ्याँकेका रद्दी वस्तु फेला पार्नु भएमा तिनलाई पनि टिपेर ठीक ठाउँमा पुऱ्याउनुहोस् वा तह लगाई दिनुहोस्। आफ्नो खानेकुराहरूलाई स्थायी झोला वा थैलामा अथवा सजिलैसित गलेर जाने बस्तुले बनेका प्याकेटहरूमा पोको पारेर लैजानोस्।
- ☐ खानेपानीको श्रोतलाई दूषित नपार्नोस्। खोला वा कुवामा साबुन जस्ता हानिकारक बस्तुको प्रयोग नगर्नोस्। पानीको मुहान वा पानी भएको ठाउँबाट घटीमा पनि ३० मिटर पर्तिर गएर मात्रै शौचआदि कार्य गर्नोस् र फोहरलाई माटोले पुरिदिनोस्।
- ☐ फूल विरुवा अछुतो रहन दिनोस्। तिनको बीज वा जरा निकाल्ने अथवा कलम काटी लैजाने काम नगर्नोस्।
- ☐ तपाईको साथमा जाने भरिया अथवा पथ–प्रदर्शकलाई पनि वातावरण जोगाउन के के गर्नुपर्छ, त्यो सिकाउनोस्। भान्से र भरियाहरूलाई फोहर कुरा खोला वा नदीनालामा मिल्काउन नदिनोस्।
- ☐ कसैको तस्वीर खिच्नु अघि अनुमति लिनुहोस्। मानिसको निजी गोपनियता भंग हुने हिसाबले तस्वीर नलिनुहोस्।
- ☐ पवित्रस्थलहरूको आदर गर्नोस्। तपाई जे हेर्न आउनु भएको हो त्यो वस्तुलाई जस्ताको तस्तै रहन दिनोस्। कुनै पनि पूजनीय वस्तुलाई छुने या चलाउने काम नगर्नोस्। मन्दिर भित्र पस्नु अघि जुत्ता अवश्य फुकाल्नोस्।
- ☐ केटाकेटीलाई खानेकुरा वा पैसा बाँडेर मागी खाने प्रवृत्तिलाई प्रोत्साहित नगर्नोस्। केही चन्दा वा दान दिनु नै छ भने कुनै पाठशाला, स्वास्थ्य केन्द्र वा उपयोगी आयोजनालाई दिनुहोस्।
- ☐ रैथाने मान मर्यादाको पालना गर्नाले तपाईको आफ्नै इज्जत बढ्छ। त्यसैले सानो कट्टु वा अंग प्रदर्शन हुने किसिमका साह्रै कसिला वा पातला पहिरन नलगाउनोस्। सबैले देख्ने गरी हातेमालो गरेको वा म्वाई खाएको गाउँघरमा निको मानिदैन भन्ने सम्झनोस्।

यस हिमालय आचार संहिताको प्रमुख हस्ताक्षरकारीहरूमा हुनुहुन्छ– श्री एडमण्ड हिलारी, न्यूजील्याण्ड, श्री क्रीस बोनिङटन, बेलायत, श्री सि फान चुन, चीन, श्री मोरिस हरजोग, फ्रान्स, डा. पियट्रो सेगान्तिनी, अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघ, श्री एडवर्ड मिस्लोभस्की, पूर्व सोभियत संघ, श्रीमती जुन्को तावेई, जापान, श्री टेकचन्द्र पोखरेल, नेपाल, क्याप्टेन एम.एस.कोहली, भारत तथा जनरल जेड.ए.मिर्जा, पाकिस्तान।

अन्तर्राष्ट्रिय पर्वतारोही सम्मेलन

तेन्जिंग नोर्गे शेर्पा तथा एडमण्ड हिलारीले विश्वमा सर्वप्रथम सन् १९५३ को मे २९ मा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेको दिनलाई "सगरमाथा दिवस"का रुपमा मनाउने सिलसिलामा गत मे २८–३१, १९९७ मा नेपालमा प्रथम पटक नेपाल पर्वतारोहण संघद्धारा अन्तर्राष्ट्रिय पर्वतारोही सम्मेलन– १९९७ को सफल आयोजना गरियो । अन्नपूर्ण हिमाल सन् १९५० मा सफल आरोहण गरेर पर्वतारोहण गतिविधिलाई व्यापकता दिने मोरिस हेर्जोग, अन्तर्राष्ट्रिय पर्वतारोहण संस्था यु.आई.ए.ए.का अध्यक्ष इयान म्याकनट डेभिस, टोनी हेगनलगायत संयुक्त अधिराज्य फ्रान्स, जर्मनी, चीन, भारत, मंगोलिया, अष्ट्रिया, जापान, दक्षिण कोरिया, युक्रेन, पाकिस्तान, टर्की, स्वीट्जरल्याण्ड र नेपालका करीब ५० प्रसिद्ध पर्वतारोहीहरूको सहभागिता र हेको अन्तर्राष्ट्रिय पर्वतारोही सम्मेलनको नेपालमा आयोजनाबाट अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाललाई प्रवर्द्धन गर्न तथा नेपाल भ्रमण वर्ष– १९९८ को सन्देश प्रत्यक्ष परोक्ष प्रसारित गर्न सघाउ पुगेको छ ।

पर्वतीय पर्यटन तथा पर्वतारोहण नेपालको बामे सर्दै अघि बढेको पर्यटन उद्योगको एक प्रमुख मेरुदण्ड रहिआएको छ । नेपालमा सगरमाथा आरोहण प्रयास थालनी भएको सात दशकभन्दा बढी अवधिमा विभिन्न राष्ट्रका चारसय भन्दा बढी आरोहण दलमा आवद्ध हजारौं साहसीहरूले आरोहण प्रयास गरे पनि हालसम्म करीव ६७० पुरुष तथा ४० महिलाले सगरमाथा चुचुरोमा पाइला टेकेर इतिहास निर्माण गरेका छन् । सगरमाथाको सफल आरोहणको सँढिचार दशकका अवधिमा सगर माथाले विश्वव्यापी रुपमा पर्वतारोहीहरूलाई जति आकर्षित पारेको छ, त्यो आधारमा पर्वतारोहण क्षेत्रमा नयाँ प्रवृत्ति र समस्या बढ्दै गएको जगजाहेर छ । विगतमा साहसिक गाथा बोकेको पर्वतारोहण केही वर्षयता व्यापारिक प्रवृत्तिसँग गाँसिएको छ । वातावर णीय समस्याले ग्रस्त छ । पर्वतारोहण क्षेत्रमा समस्या बढेका छन् ।

पर्वतारोहण गतिविधि प्रसंगमा नेपालीबाट सगरमाथा आरोहण गर्दा रोयल्टी निकै बढी भएकोले पर्वतारोहीहरू तिब्बततर्फ आकर्षित भएका र पर्वतारोहणबाट प्राप्त आम्दानी हिमाली क्षेत्रको विकासमा खर्च नगरिएको गुनासो आफ्नो ठाउँमा छँदैछ । अन्तर्राष्ट्रिय पर्वतारोही सम्मेलन सन्दर्भमा समेत पर्वतारोहीहरूले यसतर्फ सम्बद्ध पक्षको ध्यानाकर्षण गरेका थिए । यस सन्दर्भमा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव दीपेन्द्रपुरुष ढकालको अभिमत छ– "पर्वतीय पर्यटन नेपाली पर्यटन उद्योगको प्रमुख स्रोत हो, हामीले राजस्व बढाउन सगरमाथा आरोहणको रोयल्टी बढाएका छौंनौं, हिमालय आरोहणमा लिइने रोयल्टी हिमाली क्षेत्रको सामाजिक आर्थिक विकासमा खर्च गर्ने गरेका' छौं र त्यसबाट स्थानीय समुदाय लाभान्वित भएका छन् । तथापि पर्वतारोहीहरू हिमाली आरोहणका क्रममा लिइने रोयल्टी रकमको कति प्रतिशत ढुकुटीमा जान्छ तथा कति स्थानीय क्षेत्रमा नै फिर्ता हुन्छ भन्ने सवाल अध्ययन र अनुसन्धानको विषय भएको जोड दिन्छन् ।

नेपालमा मे २८–३१, १९९७ मा सम्पन्न अन्तर्राष्ट्रिय पर्वतारोही सम्मेलनमा पर्वतारोहीहरूबीच



विपद् छलफलका विषय थिए– राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा हिमाली क्षेत्रको पर्वतारोहण प्रवर्द्धन गर्न र पर्वतारोहण गतिविधि प्रोत्साहित गर्न के कस्ता कदम चाल्नु आवश्यक छ ? स्थानीय अर्थतन्त्र, सुरक्षा र जोखिम, वातावरण संहिता तथा सांस्कृतिक प्रदूषणको सम्बन्धमा व्यापारिक प्रवृत्तिले सञ्चालित आरोहण अभियान उपयुक्त छ, छैन ? पर्वतारोहण क्षेत्रका वर्तमान प्रवृत्ति के कस्ता छन् ? आरोहण अनुमति लिने प्रक्रिया अन्तर्गत के कस्ता समस्या छन् ? तथा पर्वतीय वातावरण तथा संस्कृति संर क्षण गर्न के कस्ता नीति र कार्यक्रम सञ्चालन गर्नुपर्दछ ? पर्वतारोही सम्मेलनमा विभिन्न राष्ट्रका पर्वतारोहीहरूले यी जल्दाबल्दा प्रश्नमा प्रस्तुत गरेका सुझावको प्रभावकारी कार्यान्वयन गर्न सकिएमा नेपालको पर्वतारोहण गतिविधि ओझेलमा पर्ने छैन ।

सम्मेलनका क्रममा कतिपय पर्वतारोहीहरूले देश, देशान्तरमा पर्वतारोहण गतिविधि व्यापक पार्न तरुणहरूलाई पर्वतारोहणतर्फ प्रोत्साहित गर्नुपर्ने, पर्वतारोहण गतिविधि सगरमाथातर्फ मात्र केन्द्रित गर्नु सट्टा अन्य हिमालयतर्फ विकेन्द्रित गर्नुपर्ने, नयाँ क्षेत्रहरू खुला गर्दै अघि बढ्नु पर्ने, आरोहण अभियानको सुरक्षा तथा उद्धारतर्फ सुव्यवस्था गर्नुपर्ने, हिमाली क्षेत्रको दीगो वातावरण संरक्षणतर्फ सामूहिक प्रयास हुनुपर्ने, पर्वतारोहणलाई व्यापक पार्न बढी अल्पाइन स्कूलहरू स्थापना गर्नुपर्ने आवश्यकता औंल्याएका थिए । विगतका प्रसिद्ध पर्वतारोही फ्रान्सका ज्याकम क्यामुतको विचारमा "सेक्स" का विषयमा असंख्या चलचित्र छन्, तर पर्वतारोहण गतिविधिको प्रसंगमा राम्रा पुस्तक, सूचना जानकारी, पर्याप्त नभएको तथा पर्वतारोहणबारे चलचित्र नभएकोले पर्वतारोहण फस्टाउन सकेको छैन ।

पर्वतारोहीहरूबीच बढ्दो व्यापारिक प्रवृत्तिको आरोहण अभियानप्रति समेत मतभिन्नता कायमै छ । इयान म्याकनट डेभिस व्यापारिक आरोहण अभियान (कमर्सियल एक्सपेडिसन) बेग्लाबेग्लै रुपमा परिभाषित गर्न सकिने ठान्नुहुन्छ भने नेपाल पर्वतारोहण संघका अध्यक्ष दावानोर्बु शेर्पा यही कारण नै खुम्बु क्षेत्रका शेर्पा र स्थानीय अर्थतन्त्र लाभान्वित भएको विचार अघि सार्नु भएको थियो । डा. हर्क गुरुङको विचारमा पर्वतीय पर्यटनको दीगो विकासका लागि "कमर्सियल" दृष्टिकोण आवश्यक छ तर एम.एस.गील एवम् क्याप्टेन एम.एस. कोहली व्यापारिक प्रवृत्ति अपेक्षित रुपमा लाभान्वित हुन नसकेको दृष्टिकोण अघि सार्नुहुन्छ । सगरमाथा आरोहणका सिलसिलामा दुई वर्षयता हिमाली क्षेत्रमा भएका प्राकृतिक दुर्घटनामा कतिपय पर्वतारोहीहरूले जीवन गुमाउनुपरेका पृष्ठभूमिमा पर्वतारोहण क्षेत्रमा सुरक्षा र उद्धारकार्य व्यवस्थित पारिनुपर्ने तथा सञ्चार तथा उद्धार व्यवस्था सुधार गर्नुपर्नेमा समेत पर्वतारोहीहरूको समान दृष्टिकोण देखा परेको छ ।

एक लाख ४७,१८१ वर्ग कि.मी. क्षेत्रभित्र पूर्व पश्चिम विभिन्न उचाईका १३१० पर्वत र हिमश्रृंखला तथा आठ हजार मिटर उच्च विश्वको १४ हिम शिखरहरूमध्ये आठ वटा त्यस्ता हिमशिखर ले समृद्ध नेपालमा पर्वतारोहण गतिविधि तीव्र पार्न अझै प्रयास आवश्यक छ । हालसम्म १४२ हिमशिखर र पदयात्रा चुली खुला गरिएको तर आरोहण अभियान केही क्षेत्रमा केन्द्रित रहेको प्रसंगमा अन्य सबै क्षेत्रतर्फ पर्वतारोहीहरूको आकर्षण बढाउन पनि चिन्तन जरुरी छ । पर्वतारोहण क्षेत्रमा नयाँ प्रवृत्ति, समस्या र चुनौतीहरू देखा परेका बेला नेपालमा आयोजित अन्तर्राष्ट्रिय पर्वतारोही सम्मेलन अति सामयिक कदम मानिनु पर्दछ र नेपाल पर्वतारोहण संघद्धारा अन्तर्राष्ट्रिय महत्वका पर्वतारोही भेलालाई निरन्तरता दिनेतर्फ पाइला चालिनुपर्दछ । यस प्रकार का अग्रसारितले नै नेपालको पर्वतीय पर्यटनलाई एक्काइसौं शताब्दीको शुरुमा नयाँ आयाम प्रदान गर्न सकिनेछ ।

– रमेश तिवारी

अन्तर्राष्ट्रिय पर्वतारोही भेलाका चिन्तन र सुझाव ?

कृष्ण श्रेष्ठ

"विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा प्रथमपटक सन् १९९५ मा आफ्ना पाइलाहरू राख्न सफल भएपछि सर्वप्रथम मैले सगरमाथालाई पूजा गरें, त्यसपछि सगर माथालाई न्यानो अभिवादनसहित चुम्बन गरें र हिउँ नै हिउँले भरिएको त्यस चुचुरोले मलाई न्यानोपन दियो । त्यतिबेला मलाई आकाशको समुद्रमा बादलहरूबीचमा उडिरहेको जस्तो भान भयो ।"

गत साल रुसी महासंघ अन्तर्गत उत्तरी ओसिटियन अलानिया गणराज्यका पर्वतारोहण महासंघका सभापति काजबेक खामितसायबले दोस्रो पटक सगरमाथा आरोहण गर्न नेपाल आउँदा सो विचार व्यक्त गर्नुभएको थियो ।

मुस्लिमहरूका लागि मक्का र मदिनाको, हिन्दु धर्मावलम्बीहरूका लागि पशुपतिनाथको तथा बौद्ध धर्मावलम्बीहरूका लागि लुम्बिनीको जति महत्व छ, त्यत्तिकै महत्व विश्वका पदयात्री तथा पर्वतारोहीहरूका लागि नेपालको छ ।

राणाकालीन समयदेखि नै विश्वका पर्वतारोहीहरूले नेपालका हिमश्रृङ्खलाहरूका बारेमा चासो लिनथालेका भए पनि खासगरी २००७ सालपछि नेपाल विश्वका पर्वतारोहीहरूका लागि एउटा महत्वपूर्ण गन्तव्य स्थलको रुपमा विकसित हुनथालेको हो । तेन्जिंग नोर्गे र एडमण्ड हिलारीले सन् १९५३ मा सगरमाथाको सफल आरोहण गरेपछि नेपाल पर्वतारोहीहरूका लागि आफ्नो अदम्य साहसको परिचय दिने र पर्वतारोहणको इतिहासमा आफ्नो नाम अंकित गर्ने थलो भएको छ । यस दौरानमा पुग नपुग ५० जना महिलासहित छ सयभन्दा बढी साहसी मानवीय पाइलाहरूले सगरमाथा टेकिसकेका छन् । र, यही अदम्य साहस प्रदर्शनको क्रममा पुग नपुग दुई सयले आफ्नो ज्यान गुमाइसकेका छन् । तर नेपालको सगर माथा मात्र होइन, अन्य हिमशिखरहरूप्रति आकर्षित भएर विश्वका पर्वतारोहीहरू नेपाल आउने क्रम जारी छ ।

सन् १९९६ को प्रसंगमा त्यस वर्ष कुल १२९ पर्वतारोहण टोलीका कुल ८५१ पर्वतारोहीहरूले पर्वतारोहणका लागि अनुमति लिएका थिए । त्यसबाट करीब पाँच हजार व्यक्तिले प्रत्यक्ष मौसमी रोजगारी पाएका थिए । मुलुकले रोयल्टीबापत करीब १० करोड रुपियाँ आर्जन गरेको थियो ।

निश्चय नै नेपालका हिमशिखरहरू विश्वका पर्वतारोहीहरूका लागि आकर्षणको कारण बनेका छन् । तर यसका साथसाथै, यस क्षेत्रसँग गाँसिएका थुप्रै समस्याहरू पनि देखापरेका छन् । पर्वतारोहण क्षेत्रको भविष्यसँगै गाँसिएका त्यस्ता समस्याहरूप्रति पर्वतारोहीहरूमा गम्भीर चिन्ता र चासो छ ।

यसै वर्ष काठमाडौंमा आयोजित अन्तर्राष्ट्रिय पर्वतारोही भेला यस्तै चिन्ता र चासोको परिणामस्वरुप निस्केको गम्भीर भेलाको रुपमा लिन सकिन्छ । नेपाल पर्वतारोहण संघको अग्रेसरतामा गएको जेठ महिनामा भएको सो अन्तर्राष्टिय भेलामा पर्वतारोहण क्षेत्रसँग सम्बन्धित समस्याहरूको मात्र चिरफार गरिएन अपितु भविष्यका लागि मनन गर्नुपर्ने उपायहरूका बारेमा पनि सुझावहरू दिइए । भेलामा उपस्थित राष्ट्रिय तथा अन्तराष्ट्रिय सहभागीहरूले उच्च हिमशिखरहरूको आरोहणको भविष्य, रोयल्टी उठाउने सम्बन्धमा विभिन्न मुलुकहरूबीच र हेको ठूलो भिन्नता, पर्वतारोहीहरू र वातावरणबीचको सम्बन्ध, उद्धार समस्या र प्राकृतिक प्रकोप नियन्त्रणका सम्बन्धमा आतिथेय मुलुकहरूहरूले अपनाउने गरेका उपायहरू एवं पर्वतीय पर्वतारोहणको भविष्य आदि विषयमा



व्यापक छलफल गरे । भेलामा अन्तर्राष्ट्रिय पर्वतारोहीहरूको संघहरूको संस्था (यूआइएए) का अध्यक्षलगायत संयुक्त अधिराज्य, फ्रान्स, चीन, भारत, मंगोलिया, अष्ट्रिया, जापान, कोरिया, युक्रेन, पाकिस्तान, टर्की, थाइल्याण्ड र नेपालका गरी करीब ५० प्रसिद्ध पर्वतारोहीहरूको सहभागिता थियो ।

भेलामा उठेका सवालहरू:

जेठ महिनाको १५ देखि १७ गतेसम्म आयोजना गरिएको सो भेलामा भएका छलफलहरू मूलतः राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा हिमाली क्षेत्रको पर्वतारोहणलाई प्रोत्साहित गर्ने एवं लोकप्रिय पार्ने अर्थात् अर्को शब्दमा भन्ने हो भने पर्वतारोहणको प्रवर्द्धन गर्ने, स्थानीय अर्थतन्त्र, जोखिमका तत्वहरू, वातावरणीय अचार संहिता र सांस्कृतिक प्रदूषणका सम्बन्धमा व्यावसायिक पर्वतारोहण, वर्तमान पर्वतारोहण प्रवृत्तिले निम्त्याएका खतराहरू, पर्वतारोहणका लागि अनुमति लिने सिलसिलामा आइपर्ने कर्मचारीतन्त्रजन्य समस्याहरू र पर्वतीय वातावरण र संस्कृतिको संरक्षणका लागि अपनाउनुपने उपायहरू जस्ता विषयहरूमा केन्द्रित रहेको थियो ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पर्वतारोहण प्रबर्द्धन

पर्वतारोहणको भविष्य कसैको हातमा सुरक्षित छ भने युवा पुस्ताको हातमा नै सुरक्षित छ । युवा पुस्तालाई यसप्रति आकर्षित नगर्ने हो भने पर्वतारोहण भविष्य टिक्न सक्दैन । राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पर्वतारोहण प्रबर्द्धन गर्ने सम्बन्धमा यो सवाल निकै गम्भीर रुपमा उठ्यो । युवा पुस्तालाई वास्तवमा पर्वतारोहणप्रति आकर्षित गर्ने हो भने यो महँगो हुनु नहुने, युवा पुस्तालाई पर्वतारोहणबारेमा तालिम दिनुपर्ने, तिनीहरूलाई प्रोत्साहित गर्नुपर्ने आदि विषयमा भेलामा आवाज उठाइयो ।

पर्वतारोहण प्रवर्द्धनका सिलसिलामा सुरक्षालाई अर्को महत्वपूर्ण सवालका रुपमा उठाइयो । जहाँ सुरक्षाको सवाल उठ्छ त्यहाँ पथप्रदर्शकको भूमिका महत्वपूर्ण हुन आउँछ । भेलामा अन्तर्राष्ट्रिय मान्यताप्राप्त पथप्रदर्शकहरूको निर्माणलाई महत्वपूर्ण बुँदाको रुपमा उठाइएको थियो ।

सगरमाथा जस्ता हिमशिखरहरूमा चाप बढ्दो छ । कुनै बेला एकजना पर्वतारोहीले सगरमाथाको शिखरमा टेक्नु निकै रोमाञ्चक हुन्थ्यो भने अहिले एकै दिनमा दुई दर्जन पर्वतारोहीसम्मले सगरमाथामा टेक्दा पनि त्यति रोमाञ्चको लहर सिर्जना गर्न सकिरहेको छैन । सन् १९९३ को मे महिनामा त सगरमाथा आरोहणको इतिहासमा नै नयाँ अध्याय थपियो । त्यो महिनामा एकै दिन ४० जना आरोहीहरू साउथ कोलको बाटो भएर सगरमाथाको शिखरमा पुगे । तर पर्वतारोहणको अर्थ विशाल हिमालहरूको आरोहण मात्रै होइन, नवआगन्तुकहरूका लागि पाँचहजार पाँच सय मिटरका चुचुराहरू पनि त्यत्तिकै आकर्षक हुनसक्छन्, चुनौतीपूर्ण हुनसक्छन् । पर्वतारोहणका लागि पर्वतारोहीहरू आमन्त्रण गर्ने मुलुकहरूले अब नयाँ चुचुराहरू खोल्दै जानुपर्ने, त्यस्ता चुचुराहरूतर्फ जान प्रोत्साहन दिनुपर्ने, शुल्क हटाउनुपर्ने जस्ता सुझावहरू पनि भेलाले दियो ।

भेलामा नै दिइएको एक जानकारी अनुसार, हिमालय क्षेत्रमा अझ पनि ऊचाइको हिसाबले सात हजार मिटरभन्दा कम अग्ला तर पर्वतारोहीहरूका लागि चुनौतीपूर्ण थुप्रै हिमशिखरहरू छन् तर जसका बारेमा जानकारी भने छैन । यस्ता कतिपय हिमचुचुराहरूमाथि पर्वतारोहीहरूले टेक्ने कुरा त परै रहोस् नामाकरण पनि भइसकेको छैन ।

नेपालको सन्दर्भमा यो एउटा सकारात्मक कदम हो, नेपालले यस्ता हिमशिखरहरू आरोहणका लागि विस्तार-विस्तार खुला गर्दै आएको छ । तर पर्वतारोहीहरूका विचारमा नेपालले अझै नयाँ नयाँ हिमचुचुराहरू पर्वतारोहणका लागि खुला गर्नुपर्दछ ।

पर्वतारोहणलाई एउटा खेलकूद संस्कारको रुपमा विकसित गर्न युवा पुस्तालाई थप तालिम सुविधाहरू उपलब्ध गराइनुपर्ने तथा पर्वतारोहण प्रबर्द्धनको सिलसिलामा आन्तरिक पर्यटनमा विचार गरिनुपर्ने र हिमालय क्षेत्रमा बढीभन्दा बढी पर्यटकहरूको आकर्षणका लागि स्थानीय जनचेतना र स्थानीय सुविधाहरूमा वृद्धि गरिनुपर्ने कुरामा पनि जोड दिइएको थियो ।

यसै सिलसिलामा एउटा महत्वपूर्ण चर्चा यहाँ प्रासङ्गिग हुन आउनसक्छ । श्री ५ को सरकारले नेपालमा पर्वतारोहीहरूलाई आकर्षित गर्नाका लागि हालै मात्र मुलुकका १९ वटा हिमशिखर सन् १९९८ र १९९९ मा आरोहण गर्न चाहनेहरूका लागि रोयल्टी तिर्न नपर्ने व्यवस्था गरेको छ । यसरी सुविधा उपलब्ध गराइएका हिमशिखरहरू ५,७६४ मिटरदेखि ७,१०० मिटरसम्मका छन् । श्री ५ को सरकारले गरेको यो निर्णय नेपाल भ्रमण वर्षको सन्दर्भमा गरेको भए पनि यसलाई नेपालको पर्वतारोहण प्रबर्द्धनको सिलसिलामा महत्वपूर्ण घटनाको रुपमा लिइएको छ ।

स्थानीय अर्थतन्त्र, जोखिमका तत्वहरू, वातावरणीय आचारसंहिता र सांस्कृतिक प्रदूषणका सन्दर्भमा व्यावसायिक पर्वतारोहण:



सदस्य संगठनहरूबाट, सञ्चार माध्यम तथा सरकारहरूबाट समेत व्यावसायिक पर्वतारोहणबारे अन्तर्राष्ट्रिय पर्वतारोहण संघको धारणा जान्न विगत केही समययता थुप्रै सोधखोज भएको जानकारी दिदै व्यावसायिक पर्वतारोहण हुनुपर्ने वा नपर्ने भन्नेबारेमा छलफल गर्नु संघको कार्य नभएको जानकारी सो संघका अध्यक्षले भेलामा दिनुभयो । तर एउटा कुरो निश्चित छ, आठ हजार मिटरमाथि हुने कुनै पनि काम खतरमुक्त भने हुनसक्तैन । भेलामा उठेको अर्को पक्ष थियो, व्यावसायिक पर्वतारोहण टोलीहरूले सक्षम शेर्पाहरूलाई नियुक्त गरुन् । सन् १९९६ मा प्रायशः राम्रा शेर्पाहरूलाई व्यावसायिक पर्वतारोहण टोलीले आफ्नो साथमा लिएका थिए ।

व्यावसायिक पर्वतारोहण टोलीहरूले स्थानीय शेर्पाहरूलाई भाडामा लिएर र स्थानीय उत्पादनहरू खरिद गरेर स्थानीय अर्थतन्त्रलाई सघाउने गरेको तर यसको विपरीत अल्पाइन शैलीका पर्वतारोहीहरूले एउटा भान्छेसमेत राख्ने नगरेको कुरा पनि भेलामा उठाइयो । यसै सिलसिलामा उठाइएको अर्को महत्वपूर्ण कुरो थियो व्यावसायिक टोली र अल्पाइन शैलीका टोलीले समान रोयल्टी तिर्ने गरेका छन् । व्यावसायिक टोलीले स्थानीय अर्थतन्त्रलाई समेत सघाउ पुऱ्याउने गरेको छ तर अल्पाइन शैलीका टोलीबाट आउने रकमबाट सरकारले स्थानीय गाउँहरूका लागि अलिकति पनि रकम छुट्याउने गरेको छैन । यसै सिलसिलामा नेपालको सन्दर्भमा सगरमाथा आरोहणका लागि निर्धारण गरिएको रोयल्टी अधिक भएको कारण पनि व्यावसायिक पर्वतारोहण प्रोत्साहित भएको कुरा पनि सहभागीहरूले बताएका थिए ।

सगरमाथा र उच्च हिमालय क्षेत्रका आसपासका जिल्लाहरूमा आय आर्जन र खर्चका बारेमा अध्ययन गरिनुपर्ने सुझाव पनि भेलाका सहभागीहरूले दिए ।

स्थानीय अर्थतन्त्र, जोखिमका तत्वहरू, वातावरणीय आचारसंहिता र सांस्कृतिक प्रदूषणका सन्दर्भमा व्यावसायिक पर्वतारोहण विषयमा भएका छलफल क्रमको निचोडमा भने "व्यावसायिक पर्वतारोहण" को स्पष्ट परिभाषाको खाँचो रहेको, पर्वतारोहणलाई दिगो बनाउने हो भने पनि व्यावसायिक पर्वतारोहणको खाँचो रहेको, हिमाली क्षेत्रहरू आर्थिक रुपले विपन्न क्षेत्र हुने हुनाले हिमाल आरोहणबापत सरकारले उठाउने गरेको रोयल्टी अथवा राष्ट्रिय निकुञ्ज शुल्क अथवा वन्यजन्तु आरक्ष शुल्क सोही क्षेत्रमा खर्च गर्न उपलब्ध गराइनुपर्ने धारणा व्यक्त गरिएको थियो ।

पर्वतारोहणको वर्तमान प्रवृत्तिले निम्त्याएको खतरा

अहिले व्यावसायिक पर्वतारोहण टोलीहरूको संख्या बढिरहेको छ । सगरमाथा आरोहणका लागि इच्छुक टोलीहरूको संख्यामा पनि त्यत्तिकै वृद्धि भइरहेको छ । यसको सँगसँगै अनुभवहीन पर्वतारोहीहरूको संख्या पनि बढेको पाइएको छ । अनुभवहीन पर्वतारोहीहरूले आफ्नो मात्र ज्यान गुमाउँदैनन्, तिनीहरू अर्काको जिन्दगीलाई खतरामा पार्ने मूल कारण पनि बन्न पुग्दछन् । तर कस्ता पर्वतारोहीहरूलाई असक्षम भन्ने प्रश्न अर्को गम्भीर प्रश्न हो । अर्को गम्भीर पक्ष पनि यससँगै गाँसिएको छ, अधिक ऊचाईको मामिलामा मौसमसम्बन्धी अति वैज्ञानिक औजारहरूको सहायताबाट गरिएको भविष्यवाणी पनि सही नहुनसक्छ ।

व्यावसायिक ढर्रामा गरिने पर्वतारोहणमा खतराको अंश बढी रहेको हुन्छ । कारण, व्यावसायिक पर्वतारोहीहरूले पर्वतारोहण कार्यका लागि निकै ठूलो धनराशि खर्च गरेका हुन्छन् । त्यसकारण पनि उनीहरू हिमचुचुरामा पुग्न बढी लालयित मात्र होइनन् बढी खतरा मोल्न पनि तयार हुन्छन् ।

अन्तर्राष्ट्रिय पर्वतारोहण भेलामा वर्तमान पर्वतारोहण प्रवृत्तिले निम्त्याएको जोखिम

विषयक छलफल कार्यक्रममा सहभागी पर्वतारोहीहरूले यी कुराहरू मात्र उठाएनन्, केही महत्वपूर्ण सुझावहरू पनि दिए । सहभागीहरूको विचारमा:

- पर्वतारोहणसम्बन्धी वर्तमान प्रवृत्ति र युवा पुस्ताको अपेक्षालाई ध्यानमा राख्नु एकातिर जरुरी छ भने अर्कोतिर पर्वतारोहणका पुराना सिद्धान्तहरूको सम्मान पनि त्यत्तिकै खाँचो छ । यति मात्र होइन, कुनै आधिकारिक निकायले खासगरी सगरमाथा आरोहण गर्न चाहने पर्वतारोहीहरूको प्रकार र उनीहरूको क्षमताको अनुगमन गर्नु पनि त्यत्तिकै जरुरी छ । समन्वयको अभावको कारण पनि जोखिमको स्थिति विद्यमान रहेको छ ।

- कुनै पर्वतारोहीलाई असक्षम भन्नु सहज कुरो होइन । यसकारण अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघले पर्वतारोहणको सिलसिलामा निधन भएकाहरूको तथ्यांक संकलन गर्नुपर्दछ । सो तथ्यांकको विश्लेषणबाट दुर्घटना वा निधनका आमकारण फेला पार्न सजिलो हुन्छ । कुल दुर्घटनामध्ये दुई प्रतिशतभन्दा कम उपकरणहरूले काम नगर्नाले हुने गरेको छ ।

- तथ्याङ्क निश्चित अवधिको सङ्कलन गरिनुपर्दछ । सुरक्षाको सवाल भर्खर पर्वतारोहणमा लाग्नेहरूका लागि मात्र होइन खप्पिसहरूका लागि पनि लागू हुन्छ ।

- पर्वतारोहणका लागि आवश्यक वस्तु वा सामग्रीहरूमा कस्ता सामग्रीहरू ल्याउनुपर्ने हो त्यसका बारेमा केही निर्देशनहरू तथा नियमावलीहरू हुनुपर्दछ ।

- आठ हजार मिटरभन्दा बढीको ऊचाइमा सहयोग गर्नसक्नेहरूमा शेर्पाहरू मात्र रहेका छन् ।

- शेर्पाहरूलाई बढी तालिम दिइनुपर्दछ ता कि तिनीहरूले पहिरो, चट्टान खस्ने वा खराब मौसम जस्ता समयमा स्थितिलाई कुशलतापूर्वक नियन्त्रणमा ल्याउन सकून् ।


अर्थात्, संक्षेपमा भन्ने हो पर्वतारोहण भनेको जानी जानी गरिने (क्यालकुलेटेड) जोखिम हो । पर्वतारोहणको सिलसिलामा अनुभव अनिवार्य तत्व हो भने भाग्य ऐच्छिक तत्व हो ।

कर्मचारीतन्त्रजन्य अवरोधहरू, निवेदन कागजात, अनुमति प्रक्रिया, भन्सार महसूल, स्थानीय सार्वजनिक विदाका कारण हुने ढिलाइ

अन्तर्राष्ट्रिय पर्वतारोहीहरूको भेलामा पर्वतारोहणसँग सम्बन्धित कर्मचारीतन्त्रजन्य अवरोधहरू, निवेदन कागजात, अनुमति प्रक्रिया, भन्सार महसूल तथा स्थानीय सार्वजनिक विदाका कारण हुने ढिलाइ जस्ता विषयहरूमा पनि विस्तृत छलफल भएको थियो ।

केही सम्पर्क अधिकारीहरू काठमाडौंमा बस्ने गरेका र उनीहरू पर्वतारोहण टोलीसँग सहभागी हुने नगरेका तथा आधार शिविरसम्म नपुग्ने गरेका, तिब्बती क्षेत्रबाट हिमाल आरोहणका लागि अनुमति प्राप्त गर्न छोटो समय लाग्ने तर नेपालका सन्दर्भमा दुई-तीन महिनासम्म कुर्नुपर्ने, अल्पाइन क्लबको सिफारिश चाहिनाको कुनै कारण नभएको हुनाले टोली नेताको सिफारिश नै पर्याप्त हुनुपर्ने, राष्ट्रिय प्रतिष्ठानहरूको पत्रको सन्दर्भमा युरोपका सन्दर्भमा फाल्तु कुरा भएको र त्यसरी पत्र लिनु समयको बर्बादी मात्र भएको,युरोप एकीकृत भएको खण्डमा वैयक्तिक राष्ट्रियताको कुनै अर्थ नहुने, केही संस्थाहरूले त्यस्ता पत्र जारी नै नगर्ने र केहीले जसलाई पनि त्यस्ता पत्र दिने भएको कारण पनि जुन उद्देश्यका लागि त्यस्ता पत्रहरूको माग गरिएको हुन्छ त्यो उद्देश्य पूरा नहुने कुरा पनि सहभागीहरूले उठाए । सहभागीहरूका विचारमा, पर्वतारोहण टोलीका सदस्यहरूका सम्बन्धमा टोली नेतालाई जिम्मेवार बनाइनुपर्दछ ।

सहभागीहरूका विचारमा चीनमा



सम्पर्क अधिकारीहरू बढी कुशलतापूर्वक काम गर्न सफल छन् । तर नेपालमा त्यस्तो भइर हेको छैन । पर्यटन मन्त्रालयसँग आबद्ध भएकै कारणले कतिपय मानिस सम्पर्क अधिकारी हुनपाएका छन् । पर्यटन मन्त्रालयका एकजना टाइपिष्टले समेत त्यसरी सम्पर्क अधिकारी हुन अवसर पाउँछ तर अनुभवी अधिकारीहरू उदाहरणका लागि नेपाल पर्वतारोहण संघका पर्वतारोहीहरूले त्यस्तो मौका पाउँदैनन् । नेपाल पर्वतारोहण संघले निकै लामो समयदेखि न्यूनतम योग्यता पुगेका त्यस्ता पर्वतारोहीहरूलाई सम्पर्क अधिकारी बनाउनुपर्ने विचार राख्दै आएको छ तर त्यसको सुनुवाइ भएको छैन । सहभागीहरूका विचारमा नेपालले सम्पर्क अधिकारीका सम्बन्धमा अपनाउँदै आएको नीतिलाई परिवर्तन गर्नु जरुरी छ ।

यति मात्र होइन, सहभागीहरूका विचारमा पर्वतारोहीहरूले दिएको निवेदनमा कुनै प्रकारको कमी कमजोरी भएको अवस्थामा वा निर्धारित शर्तहरू पालना नगरिएको खण्डमाबाहेक अन्य अवस्थामा निवेदनलाई स्वीकार गरी तत्काल अनुमति पत्र जारी गर्नुपर्ने राय पनि सहभागीहरूले व्यक्त गरे ।

आरोहण क्षेत्रका केही ऐन नियमहरू पूरै लागू नहुने अवस्थाको रहेको, सम्पर्क अधिकारीहरूलाई दिइने तालिम निकै अपूरो र कक्षाकोठामा आधारित भएको र तिनीहरूलाई बाहच स्थितिका बारेमा कुनै जानकारी नभएको, नेपाल पर्वतारोहण संघ त्यस्ता सम्पर्क अधिकारीहरूका लागि आवश्यक तालिम दिन तयार रहेको, सगरमाथा जस्ता मुख्य हिमालहरूका लागि एकजना सम्पर्क अधिकारीले सबै काम गर्ने व्यवस्था हुनुपर्ने, सम्पर्क अधिकारीलाई दिइने शुल्क र सुविधाहरूबापतको रकम रोयल्टीमा नै समावेश गर्न सकिएमा प्रक्रियागत झञ्झट कम हुने सुझाव पर्यटन मन्त्रालयलाई दिइएको, पर्वतारोहण मात्र गर्न चाहने नभएर त्यस क्षेत्रको चित्राङ्कन पनि गर्न चाहने टोली रहेको खण्डमा पर्यटन मन्त्रालयका अतिरिक्त सञ्चार मन्त्रालयले पनि सम्पर्क अधिकारी खटाउने गरेको र अझ छायङ्कन गरिने क्षेत्र राष्ट्रिय निकुञ्जभित्र पर्ने रहेछ भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट पनि एकजना सम्पर्क अधिकारी थपिने कारण पर्वतारोहण टोलीलाई थप आर्थिक भार पर्नजाने गरेको कुरामा पनि सहभागीहरूले आवाज उठाए ।

वास्तवमा नै बढी पर्वतारोही लागि आकर्षित गर्ने हो भने यो समस्यालाई वैज्ञानिक तरिकाले सुल्झाउनुपर्ने राय पनि सहभागीहरूले व्यक्त गरे ।

भेलामा सम्पर्क अधिकारीको अवधारणा नै अहिले पुरानो भइसकेको र सम्पर्क अधिकारीका परम्परागत कामहरू सबै अचेल ट्रेकिङ्ग एजेन्सीहरूले गर्नथालेका चर्चा पनि सहभागीहरूले गरे । केही सहभागीहरूले ठूला पर्वतारोहण टोलीहरूका लागि त सम्पर्क अधिकारी उपयोगी हुनसक्ने तर साना पर्वतारोहण टोलीका लागि त सम्पर्क

अधिकारीको आवश्यकता नै नपर्ने विचार पनि व्यक्त गरे । केही सहभागीहरूका विचारमा एक क्षेत्रका लागि एकजना सम्पर्क अधिकारी पर्याप्त हुनसक्छ भने केही क्षेत्रका लागि भने एक वा दुई सम्पर्क अधिकारी पर्याप्त हुनसक्दछ ।

सहभागीहरूका विचारमा भविष्यमा युवा पुस्तालाई पर्वतारोहणप्रति आकर्षित गर्ने हो भने कर्मचारीतन्त्रजन्य अवरोधहरूलाई सरल पार्नैपर्छ ।

सन् १९९५ को अप्रिल २४ मा नेपाल र मंगोलियाका प्रधानमन्त्रीहरूबीच हस्ताक्षर भएको एक अभिलेखमा हिमालय श्रृङ्खलाहरूमध्ये एकमा संयुक्त आरोहण गर्ने सहमति पनि भएको थियो । भेलाका सहभागीहरूले त्यसका बारेमा पनि चर्चा गरे । सहभागीहरूमध्ये केहीले नेपाली पर्वतारोहीहरूमध्ये केहीले रोयल्टी तिर्न परेको र केहीले तिर्न नपरेको उल्लेख गर्दै नेपाली राष्ट्रिय टोलीका सवालमा ऐन नियम अस्पष्ट भएको पनि औंल्याए ।

जहाँसम्म सम्पर्क अधिकारीहरूका सम्बन्धमा उठेका गुनासाहरूका सम्बन्धमा पर्यटन मन्त्रालयको सवाल छ, पर्यटन मन्त्रालयले पर्वतारोही टोलीको साथमा नगएका सम्पर्क अधिकारीहरूमाथि कडा कारवाही गरिएको उल्लेख गर्दै पर्वतारोहण टोली वा सम्बन्धित एजेन्सीले त्यस्ता लापरवाह सम्पर्क अधिकारीका बारेमा उजूरी दिएको खण्डमा त्यस्ता अधिकारीमाथि कडा कारवाही गरिने आश्वासन भने भेलाका सहभागीहरूलाई दियो ।

यसका साथै आवेदन स्वीकृत हुन धेरै समय लाग्ने गुनासाका सम्बन्धमा पर्यटन मन्त्रालयका अधिकारीले अपूरा आवेदनहरूका मात्र त्यसरी ढिला हुने गरेको उल्लेख गर्नुभयो ।

कर्मचारीतन्त्रजन्य अवरोधहरू, निवेदन कागजात, अनुमति प्रक्रिया, भन्सार महसूल, स्थानीय सार्वजनिक विदाका कारण हुने ढिलाइ विषयमा भएको छलफलको मुख्य केन्द्रविन्दु भने सम्पर्क अधिकारीहरू र तिनीहरूको अक्षमता तथा सम्पर्क अधिकारीहरूको व्यवस्थाको कारण हुने गरेका अतिरिक्त व्ययमा नै केन्द्रित रहनपुग्यो ।

छलफल कार्यक्रमको संयोजकत्व गर्नुहुने डा. हर्क गुरुङले भने पर्वतारोहीहरूले सम्पर्क अधिकारीहरूका कमजोरीहरूका कारण सम्पर्क अधिकारी नै नहुनु बेश हुने धारणा राख्नु गलत हुने विचार व्यक्त गर्दै सीमा क्षेत्रको संवेदनशीलताको कारण सरकारले आफ्नै कार णले सम्पर्क अधिकारी राखेको हुनसक्ने राय व्यक्त गर्नुभयो । तर उहाँले पनि प्रक्रिया सरल पारिनुपर्नेमा भने त्यत्तिकै जोड दिनुभयो ।

पर्वतीय वातावरण र संस्कृति संरक्षणका लागि अपनाउनुपर्ने उपायहरू:

दुई वर्ष अगाडि भएको पाटाको एक सम्मेलनमा विश्वका सम्पूर्ण क्षेत्रले नेपालले जस्तो असाधारण र अग्ला हिमशिखरहरूका लागि गर्व गर्न नसक्ने उल्लेख गर्दै वातावरणप्रति सम्मान पर्यटनको एक महत्वपूर्ण पक्ष भएको उल्लेख गरेका थिए ।

पर्वतीय वातावरण र संस्कृति संरक्षणका कुराहरू अहिले निकै गम्भीर रुपमा उठ्न थालेका छन् । विश्वको सर्वोच्च शिखर सगरमाथा फोहोरको डुङ्गुरमा परिणत भएका समाचार सामग्रीहरू पनि बेलाबेलामा प्रकाशित हुने गरेका छन् । सगरमाथा सफा राख्ने निरन्तर प्रयास भइरहेको भए पनि यो सफा र हनसकेको छैन । स्थानीय संस्कृतिमाथिको अतिक्रमणको सवाल पनि त्यत्तिकै गम्भीर रुपमा उठिरहेका छन् ।

अन्तराष्ट्रिय पर्वतारोही भेलामा पनि पर्वतीय वातावरण र सांस्कृतिक संरक्षणका लागि अपनाइएका उपायहरूका सम्बन्धमा गम्भीर बहस र छलफल भयो । सहभागीहरूले वातावरणीय समस्याप्रति गम्भीर चिन्ता व्यक्त गरे । सहभागीहरूका विचारमा सबैभन्दा बढी प्रभावित क्षेत्र सगरमाथा भएको छ । फोहोरको डुंगुर नै यहाँको मूल समस्या भएको छ । सगर माथालाई महँगोसँग बेच्नेहरूका लागि केही पर्वतारोहीहरूले पर्वतारोहणको मूल्य त्यागेका छन् । सगरमाथा आरोहीहरूले लागू पदार्थ प्रयोग गरेको पनि बताइएको छ ।

हिमालहरूमा पुगेको क्षतिको बारेमा विचार हुनुपर्ने र भविष्यमा सुधार नै गर्न नसकिने गरी हुनसक्ने क्षतिबाट जोगाउनका लागि कार्यनीति तर्जुमा गर्नुपर्ने सुझाव पनि सहभागीहरूले दिएका छन् ।

भेलाका सहभागीहरूले पर्वतारोही र वातावरणविद्हरू एकाअर्काका मित्र रहेका र दुबैको चाहना हिमालहरूको संरक्षण र तिनीहरूको पूर्वकालिक स्थिति र स्वच्छता कायम नै राख्नु भएको उल्लेख गर्दै दुई पक्षबीच खुल्ला छलफल हुनुपर्ने कुरामा जोड दिए । भेलामा दिइएको जानकारी अनुसार, जर्मनीमा पाँच सय आरोहण क्षेत्रहरू बन्द गरिएका छन् । त्यसरी बन्द गरिनुका कारणमा एक अर्काबीच कुराकानी र समझदारी नभई एक आपसमा झगडा हुनुले भएको बताइएको छ । कुनै पनि क्षेत्र संरक्षणका लागि मानिसहरूलाई त्यहाँ जान प्रतिबन्ध लगाउन सम्भव हुँदैन । तसर्थ त्यस्ता क्षेत्रमा जाने व्यक्तिहरूका लागि उपयुक्त शिक्षा दिनुपर्ने धारणा पनि अन्तराष्ट्रिय पर्वतारोहण भेलाका सहभागीहरूले व्यक्त गरे ।

पर्वतारोहीहरूका विचारमा सगरमाथा सफाइका लागि केही मात्र प्रयास भएका छन् । केही समयअगाडि एक मार्ग एक पर्वतारोहण टोलीको नीति अख्तियार गरिंदा आरोहीहरूले सगरमाथा सफाइका नाममा आरोहण गर्न अनुमति लिने प्रयास गरे । अन्तराष्ट्रिय पर्वतारोहीहरूले सगरमाथा सफाइका लागि एकीकृत प्रयास नभएको गुनासो पनि व्यक्त गरे । सन् १९९६ मा नेपाल पर्वतारोहण संघले यस दिशामा कोशिस गरेको थियो पर्यटन मन्त्रालयको प्रतिक्रिया त्यति सकारात्मक रहेन ।

जति बढी पर्वतारोही, जति बढी पदयात्री हुन्छन्, त्यति नै बढी मात्रामा वातावरणमा प्रतिकूल असर पार्ने हुनाले यससम्बन्धी शिक्षा कार्यक्रम हुनुपर्ने, श्री ५ को सरकारको सहयोगमा स्थापित सगरमाथा प्रदूषण नियन्त्रण समितिले विगतमा निकै सराहनीय काम गरेको तर हालका दिनहरूमा त्यति राम्रो काम गर्न नसकिरहेको, सगरमाथा आरोहण टोलीहरूले सगरमाथा क्षेत्रको मात्र होइन मार्गको पनि पर्वतीय वातावरण सफा पार्ने र संरक्षण गर्ने काम गर्नुपर्ने, पदयात्रीहरूले सफाइका लागि शुल्क तिर्नुपर्ने, पर्वतारोहण रोयल्टीबापतको खर्चबाट स्थानीय व्यक्तिहरूलाई प्रत्यक्ष रोजगारी दिई सफाइका काममा लगाउनुपर्ने, हिमशिखर आरोहणको क्रममा पर्वतारोहण टोलीको कुनै सदस्यको निधन भएको खण्डमा टोलीका अन्य सदस्यहरूले आफ्नो साथीको मृत शरीरलाई कम्तीमा तल्लो आधार शिविरसम्म ल्याउने, पर्वतारोहीहरूले प्रयोग गर्ने गरेका डोरी, स्लिपिङ्ग व्याग, पाल, चटाइ आदि पर्वतारोहण टोली आफैंले फिर्ता ल्याउनुपर्ने जस्ता विषयहरूमा पनि सहभागीहरूले ध्यानाकर्षण गरेका थिए ।

छलफल कार्यक्रममा सहभागीहरूबाट मात्र होइन, सो सत्रका संयोजक डा. हर्क गुरुङ्गले प्रमुख आधार शिविरहरूमा स्थायी खालका कटेराहरू बनाउनेबारे विचार गर्न सकिने त्यस्ता कटेराहरू पर्वतारोहण टोलीहरूले भाडामा लिनसक्नेछन् । तर यस्ता कटेराहरू अल्पाइन शैलीका नभई ठूलाखाले हुनुपर्ने । र, त्यस्ता कटेराहरू निर्माणका लागि रोयल्टीबापत प्राप्त हुनआउने रकम प्रयोग गरिनुपर्ने यस विषयमा कुनै हिमालविशेषसँग आत्मीय सम्बन्ध भएका मुलुकहरूमा प्रस्ताव पठाउनसकिने उल्लेख गर्नुभयो । उहाँको विचारमा सगर माथासँग ब्रिटिश अल्पाइन क्लबको, अन्नपूर्णसँग फ्रेञ्च अल्पाइन क्लबको, धौलागिरीसँग स्वीसको, चो-ओयुसँग अष्ट्रियनको आत्मीय सम्बन्ध हुनसक्छ ।

भविष्यका लागि मार्गदर्शक

नेपालमा आयोजित अन्तराष्ट्रिय भेला यसकारण मात्र महत्वपूर्ण छैन, त्यो दिन हामीले पुनः एकपटक सम्मानका साथ सगरमाथाको स्मरण गऱ्यौ, नेपालमा विश्वका ख्यातिप्राप्त पर्वतारोहीहरू भेला भए । योभन्दा पनि महत्वपूर्ण, त्यो भेलाले हिमशिखर आरोहण क्षेत्रमा भएका विगतका कमीकमजोरीहरू केलाउने काम भयो । आगामी दिनहरूमा अपनाउनु पर्ने उपायहरूका बारेमा गम्भीर चिन्तनमनन भयो । पर्वतारोहणसम्बन्धी क्रियाकलापलाई कसरी दिगो रुपमा अगाडि लान सकिन्छ, के कस्ता समस्याहरूको समाधान कसरी गर्न सकिन्छ र पर्वतारोहण क्षेत्रमा अब नयाँ पुस्तालाई कसरी आकर्षित गर्ने भन्ने आदि विषयमा भएको छलफलले निश्चय नै एउटा दिशानिर्देश गरेको छ । भेलामा छलफल क्रममा निस्केका कुराहरूबाट नेपालले धेरै कुरा सिक्न सक्दछ र आफ्नो पर्वतीय पर्यटनलाई अझ बढी सशक्त, अझ बढी सफल र अझ बढी दिगो रुपमा अगाडि बढाउन सक्दछ ।

टोकियो सम्मेलनमा संघ सहभागी

हिमालय एड्भेन्चर ट्रष्ट अफ जापानको मैत्रीपूर्ण निमन्त्रणामा जापानको टोकियोमा अगस्ट २० देखि २७, १९९७ मा सम्पन्न 'OZE INTERNATIONAL FORUM' मा नेपाल पर्वतारोहण संघका कार्यवाहक सचिव पासाङ शेर्पा तथा माध्यमिक विद्यालयका दुई विद्यार्थीहरुको सहभागिता थियो ।

उक्त कार्यक्रममा नेपाल लगायत जापान, चीन, हङकङ, मङगोलिया, न्यूजील्याण्ड, कोरिया, ताइवान, भारत, भूटान, पाकिस्तान समेत ११ राष्ट्रका प्रतिनिधिको सहभागिता थियो । सप्ताहव्यापी कार्यक्रममा प्रमुख अतिथि सर एडमण्ड हिलारी र मिस जुन्को तावेई सम्मिलित हुनुहुन्थ्यो ।

कार्यक्रममा सबै राष्ट्रका विद्यार्थीहरु बीच वातावरण संरक्षणको स्थापना सम्बन्धमा छलफल तथा विचार विमर्श गरियो । समारोहमा नेपालको विद्यार्थी तर्फबाट फुग्याल्जेन शेर्पाले नेपाल तथा जापानको वातावरण सम्बन्धमा आफ्नो विचार प्रस्तुत गरेका थिए ।

हिमालय एड्भेन्चर ट्रष्ट अफ जापानको कार्यकारिणी सदस्य लगायत जुन्को तोवेई र अन्य सदस्य समक्ष श्री पासाङ शेर्पाले पोखरामा निर्माण हुन लागेको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको निर्माणमा सहयोगको कुरा उठाउँदा HAT-J बाट निकट भविष्यमा कार्यक्रम बनाई सहयोग गर्ने मौखिक आश्वासन प्राप्त भएको थियो ।

HAT-J को अर्को सम्मेलन आगामी अगस्ट महिनामा पाकिस्तानमा हुने निर्णय गरिएको छ ।

आरोहण अनुमति

(२०५३ साउन १ देखि २०५४ असार ३१)

	परमीट संख्या	आरोही संख्या
१. हिउँचुली	३	१४
२. सिंगुचुली	८	२२
३. मेरा पिक	११६	६९१
४. कुसुम काङ्ग्रु	३	४
५. क्वाङ्दे	७	३९
६. चुलु इष्ट	१६	७९
७. चुलु वेष्ट	१०	५९
८.आइल्याण्ड पिक	२२४	१,२२०
९. फार्चेमुचे	५६	२५३
१०. लोबुजे पिक	२०	१११
११. रामडुङ्ग	५२	२७१
१२. पिसाङ्ग पिक	१७	६५
१३. थार्पु चुली	३०	११६
१४. मेहरा पिक (खोङमात्से)	३	१८
१५. गञ्जला चुली	२६	१२०
१६. पोखाल्डे पिक	१८	११५
१७. मार्दी हिमाल	३	१९
१८. पाल्दोर पिक	११	१०३
जम्मा	६२३	३३१९

पर्वतारोहणमा भारी बोक्नु बेदिङवासीको मुख्य पेशा

विश्वको सर्वोच्च सगरमाथाको सफल आरोहण गर्ने विश्वभरिका करीब सात सय पर्वतारोहीहरुमध्ये दोलखा जिल्लाको गौरीशंकर गाविस वडा नं. १ बेदिङका मात्रै १९ जनाभन्दा बढी रहेका छन् ।

खाद्यान्नको नाममा आलु बाहेक केही पनि उब्जाउ नहुने र समुद्री सतहबाट चार हजार मिटर अग्लो ठाउँमा रहेको गौरीशंकर गाविस तथा उच्च हिमाली उपत्यका रोल्वालिङमा केबल दुई सय ५० जनसंख्या रहेको छ । केवल दुई सय ५० जनसंख्या रहेको यस गाविसको एउटा वडाका १९ जनाभन्दा बढी आरोहीबाट विश्वकै उच्च शिखर सगरमाथामा पाइला टेकिनाले दोलखा जिल्लाको मात्र नभएर नेपालकै गौरव बढाएको छ । आरोहणका निमित्त विदेशबाट आएका विदेशीहरुको सामान बोक्नु नै यस गाउँका मानिसहरुका मुख्य पेशा बन्दै आएको छ । पर्वतारोहणको मौसम आएपछि यस गाउँका १३/१४ वर्षे केटाहरुदेखि युवाहरु सबै यही कार्यमा संलग्न हुन्छन् ।

वर्षको आधा समय हिमालतिर बिताउन यहाँका हिममजदूरहरु विदेशीहरुका गह्रौं भारी बोकी पटक/पटक सगरमाथाको चुचुरोमा पुगिसकेका छन् ।

जिल्लाको अत्यन्त विकट मानिने यस बेदिङका मानिसहरुको जीवनस्तर ज्यादै पिछडिएको पृठभूमिमा पर्वतारोहणले रोजगारी दिएपछि हाल आर्थिक स्थिति सुदृढ हुनुको साथै समाजमा प्रतिष्ठा पनि कमाएका छन् र अझ प्रतिष्ठित हुन लागिपरेका छन् ।

सन् १९८३ देखि सगरमाथाको सफल आरोहण गर्न सफलता प्राप्त गर्ने बेदिङका साहसिक पर्वतारोहीहरुमा सोनाम छिरिङ शेर्पा, डिमादोर्जी शेर्पा, दावाटासी शेर्पा, पासाङछिरिङ शेर्पा, पेम्बादोर्जी शेर्पा, फिञ्चो शेर्पा, गेल्बु शेर्पा, नेर्बुशेर्पा, डावाङ योन्देव शेर्पा, आङतेम्बा शेर्पा, आङफूर्वा शेर्पा, फिन्जोनोर्बु शेर्पा, मिङमानोर्बु शेर्पा, डिमतिम्बा शेर्पा, दोप्साङ साङबु शेर्पा, मिङमाछिटी शेर्पा, डिमागुम्बु शेर्पा, डिवाङ दोर्जी शेर्पा आदि रहेका छन् ।

यिनै सफल पर्वतारोहीहरुमध्येका धेरै पटक सगरमाथाको विना अक्सिजन सफल आरोहण गरिसकेका सानोम छिरिङ शेर्पा ३५ वर्षको कलिलो उमेरमा २०५० साल बैशाख १० गतेदेखि हालसम्म सगरमाथा आरोहण गर्ने क्रममा नै बेपत्ता छन् । सगरमाथाको सफल आरोहण गर्ने नेपालको प्रथम महिला आरोही पासाङ ल्हामु शेर्पा पनि उनीसँग हराएकी तर, १८ दिनपछि मृत अवस्थामा हिमक्षेत्रमा नै फेला परेकी थिइन् ।

धेरै पर्वतारोही जन्माउने सानो गाउँलाई उचित संरक्षण दिई विश्वभरि नै चिनाउनको लागि श्री ५ को सरकारले पर्यटनक्षेत्रको रुपमा विकास गराउनेतर्फ ध्यान दिनुपर्ने धारणा यहाँका वहुसंख्यक बुद्धिजीवीको रहेको छ ।

दिनेशकुमार श्रेष्ठ

पर्वतारोहण क्षेत्रमा नेपाली महिला योगदान

दोर्जीजाङबु लामा


पासांगल्हामु शेर्पा

पर्वतारोहण क्षेत्रमा विशेष गरी पुरुषहरूले विश्वका अग्ला हिम शिखरहरूको सफल आरोहण गरेपश्चात् तिनीहरूको प्रेरणा र साहसिक उपलब्धिबाट महिलाहरू पनि पर्वतारोहण क्षेत्रमा विस्तारै प्रभावित बन्न पुगे। पर्वतारोहण जस्तो जोखिमपूर्ण कार्य निश्चय नै महिलाहरूका लागि ज्यादै चुनौतीपूर्ण छ र महिलाहरूको शारीरिक, सामाजिक, आर्थिक आदि विभिन्न कारणहरूले गर्दा झन् पर्वतारोहण क्षेत्रमा सोच्न समेत सकिदैन थियो। तर पर्वतारोहण क्षेत्रमा अनेकौ बाधा अड्चनहरू भएता पनि त्यसको सामना गर्दै विश्व सामु प्रथम पटक जापानी महिला श्रीमती जुन्को ताबेईले सन् १९७५ मे १६ तारीखमा विश्वको सर्वोच्च शिखर सगरमाथाको शिखरमा पाइला टेकी विश्वभरकै महिलाहरूको इज्जतलाई उच्च तुल्याइन्। त्यसबाट विश्वकै महिलाहरूको लागि प्रेरणा र थप श्रोतको बाटो खुल्यो। र पर्वतारोहण क्षेत्रमा पुरुष सरह महिलाहरू पनि अगाडि बढ्न सकिंदो रहेछ भन्ने आत्मविश्वासको वातावरण उत्पन्न भयो। त्यस पश्चात् विभिन्न मुलुकका महिलाहरूले सगरमाथाको सफल आरोहण पटक-पटक गरे। यसरी एक पछि अर्को गरी हालसम्म सगरमाथाको शिखरमा पुग्ने महिलाहरूको संख्या २६ पुगेको छ।


कुंगाडोमा शेर्पा

यसरी विभिन्न देशका महिलाहरू नेपालमा आई सगरमाथा लगायत विभिन्न हिमशिखरहरू आरोहण गर्दा नेपाली महिलाहरूले पनि यस क्षेत्रमा अगाडि बढ्नु पर्छ र नेपाली महिलाहरू पनि अन्य देशका महिला सरह सगरमाथाको शिखरमा पुग्न सक्छौं, नेपाल र नेपाली महिलाहरूको प्रतिष्ठा बढाउन सक्छौ भन्ने आत्मविश्वास लिई सगरमाथा आरोहण गर्न पटक-पटक प्रयासहरू भए र यसरी प्रयास गरिंदा एक दिन अवश्य सफल हुँदोरहेछ भन्ने कुराको प्रमाण स्व.श्रीमती पासाङल्हामु शेर्पाले सन् १९९३ अप्रिल २२ मा विश्वको सर्वोच्च शिखर सगरमाथामा पुग्न सफल भईन् र प्रथम सगरमाथा आरोही पद्वीबाट विभूषित पनि भईन। तर सगरमाथाको शिखरबाट तल झर्ने क्रममा उनको दुःखद निधन भयो। त्यस घटनाले सम्पूर्ण नेपालीहरूलाई दुःखित तुल्यायो भने नेपाली महिला आरोहो जगतमा नैराश्यताको अवस्था पनि बन्यो। नेपाली महिलाहरू पर्वतारोहण क्षेत्रमा चासो राखी अगाडि बढ्दै आएको अवस्थामा त्यस्ता दुःखद घटना घट्नाले नेपाली महिलाहरू पर्वतारोहण क्षेत्रमा अगाडि बढ्नमा शिथिलता आएको आभाष पाइन्छ।


डिमी शेर्पा

नेपालमा श्रीमती पासाङ ल्हामु शेर्पाले सगरमाथा आरोहण गर्नु अघि पनि धेरै महिलाहरू विभिन्न शिखरहरूको आरोहण गर्न सफल भएका थिए। नेपाली महिलाहरू पर्वतारोहण क्षेत्रमा विभिन्न व्यक्तिहरूको प्रेरणाबाट आकर्षित भए भने कतिपय आफ्ना साथी-भाइहरूको पेशासँग नजिक भएर पनि हिमाल चढ्नमा आकर्षित भए र कतिपय आफ्नो रुचिको कारणले हिमालमा आकर्षित भए।


आंगरिता शेर्पा

यसरी विभिन्न कारणबाट हिमशिखर आरोहण गर्ने दलसँग संलग्न भई महिलाहरूले विभिन्न उचाईका हिमशिखरहरू सफलतापूर्वक आरोहण गरेको पाइन्छ। तर महिला क्षेत्रमा हेर्ने हो भने नेपाली महिलाहरू आ-आफ्नै विशेषता लिएर अगाडि देखिन्छन्। कसैले बढी उचाईमा आरोहण गरेका छन् त कसैले बिना अक्सिजन आरोहण गरेको पाइन्छ। तर नेपाली पर्वतारोहण क्षेत्रमा प्रारम्भ भने सोलुखुम्बु जिल्लाको पाडबोचे गाउँकी श्रीमती आङरिता शेर्पाबाट भएको पाइन्छ। श्रीमती शेर्पाले ६,९८३ मिटर अग्लो लम्जुङ हिमालको सफल आरोहण गरेर महिला पर्वतारोहणको शुरुवात गरिन्। त्यस पश्चात् विभिन्न महिलाहरूले विभिन्न हिमशिखरहरू आरोहण गर्न सफल भए। नेपालका महिला आरोहीहरूको संक्षिप्त चिनारी यसप्रकार छ :

१.	श्रीमती आङरिता शेर्पा	६,९८३ मि. लम्बजुङ्ग हिमाल
२.	श्रीमती ल्हाक्पाडोमा शेर्पा	६,८८३ मि. काञ्जीरोवा हिमाल
३.	श्रीमती कुङ्गाडोमा शेर्पा	६,१४५ मि. लोबुचे हिमाल
४.	श्रीमती बसुन्धरा लामा	६,१४५ मि. लोबुचे हिमाल
५.	श्रीमती ल्हाकपुटी शेर्पा	६,४२० मि. मेरा हिमाल
		७,४०० मि. सम्म सगरमाथा
६.	श्रीमती डिमी शेर्पा	७,८५५ मि. नुप्चे हिमाल
		८,७७२ मि. साउथ समिट सगरमाथा
७.	स्व. श्रीमती पासाङ्ल्हामु शेर्पा (सगरमाथा आरोही प्रथम नेपाली महिला)	८,८४८ मि. सगरमाथा हिमाल

नेपाली महिलाहरूलाई पर्वतारोहण क्षेत्रमा जाकरुकता ल्याउनु पर्ने र यसतर्फ अगाडि बढाउन विभिन्न कार्यक्रमहरू तयार गरिनु पर्ने आवश्यकता देखिन्छ। विना आधार, विना प्रशिक्षण हिमाल आरोहण गर्नाले पर्वतारोहण क्षेत्रमा आइपर्ने विभिन्न जोखिमबाट बच्न कठिनाइ पर्दछ र त्यसबाट सानो कठिनाइ पर्नासाथ समस्या पर्दछ। तसर्थ हिमाल आरोहण जगतमा आरोहीहरूले पर्याप्त प्रशिक्षण र उच्च प्रशिक्षण लिन सकेमा निश्चय नै जोखिमबाट बच्न र आरोहीहरूको क्षेत्रमा संख्यात्मक बृद्धि हुनाका साथै गुणात्मक आरोहीहरूको सृजना हुन सक्दछ। यसबाट अन्तर्राष्ट्रिय क्षेत्रमा हुने विभिन्न प्रतियोगितामा समेत भाग लिई नेपालको प्रतिष्ठा बढाउनमा मद्दत पुग्नेछ। तसर्थ नेपाल पर्वतारोहण संघले महिलाहरूलाई पनि पर्वतारोहण क्षेत्रमा आकृष्ट गर्न विभिन्न शिक्षामूलक कार्यक्रम ल्याउनु पर्ने र तिनीहरूलाई पनि प्रशिक्षण आदिको व्यवस्था गरेमा निश्चय नै पर्वतारोहण क्षेत्रमा नेपाली महिलाहरू पनि अग्रसर हुन सक्दछन्। महिलाहरूले पनि विशेष गरी युवा महिलाहरूले यस क्षेत्रमा भएका नैराश्यता समाप्त गर्न र नयाँ कीर्तिमानहरू स्थापना गर्नका लागि पर्वतारोहण क्षेत्रमा प्रवेश गर्दै अगाडि बढ्नु आवश्यक छ।


ल्हाकपुटी शेर्पा

नेपाल पर्वतारोहण संघका कार्यक्रम र गतिविधि ?


नेपाल पर्वतारोहण संघको संशोधित नयाँ विधान २०५४ अनुसार भएको साधारण सभामा संघलाई विगत चार वर्षको अवधिमा सक्षम र सवल नेतृत्व दिनुहुने एक विशिष्ट व्यक्तित्व स्व. अध्यक्ष दावा नर्बु शेर्पाको गौरवशाली उपस्थितिको अभाव महशुस गर्दै दिवंगत आत्माप्रति चीर शान्तिको कामना गर्दछु । म यहां संक्षेपमा संघको प्रगति विवरण पेश गर्दछु ।

अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय

अन्तर्राष्ट्रिय वतीय संग्रहालय पोखराको निर्माण कार्य सम्बन्धमा प्रथम चरणमा रु. ४,४४,५०,३३३/७३ को लागतमा निर्माणधीन प्रदर्शनी भवनको कार्य ट्रस छाना र भ्याल राख्ने कार्य बाहेक बाहिरी बनोटको लागि आवश्यक अन्य कामहरु पूरा भइसकेको छ । मुख्य गरी ट्रस र छाना राख्न कन्सल्ट्याण्टको सल्लाह अनुसार थप एक करोड ६० लाख जति रकम चाहिने तथा त्यति धेरै रकम संघले धान्न हाल क्षमता बाहिर देखिएको हुँदा अन्य स्रोतको खोजी कार्य तदारुकताका साथ भइरहेको छ । ती स्रोत मध्ये हाल जापानका ६ विभिन्न पर्वतीय संघ संस्थाहरु मिली गठित SANPAKU भन्ने संस्था र नेपालका प्रदीप राणा मार्फत चिनिएका जापानी नागरिक प्रो. ताकासी अरिमा हुनुहुन्छ ।

जापानमा गठित SANPAKU संस्थाका प्रतिनिधि श्री यागिहारा यसै सिलसिलामा जापानका एक म्युजिओलोजिष्टलाई लिई निर्माणाधीन संग्रहालयको अवलोकन गर्न गत महिना नेपाल आउनु भएको थियो । त्यसै सन्दर्भमा उहाँहरु, दार्जिलिङस्थित Himalayan Mountaineering Institute को पर्वतीय संग्रहालयको अध्ययन गर्न संघका द्वितीय उपाध्यक्ष श्री मिङमा दोर्जी शेर्पा र का.स. सदस्य श्री पर्तेम्बा शेर्पाका साथ जानु भएको थियो ।

संग्रहालय भवनको दक्षिण तर्फको सिमानामा झण्डै ६० रोपनी जति विवाद रहेको जग्गा हालै सम्माननीय जिल्ला अदालत कास्कीले पर्ती ठहराएको फैसला पछि उक्त जग्गामा केही सुकुम्बासी परिवार बाट अतिक्रमण शुरु भई, पछि निर्माणाधीन संग्रहालयको सौन्दर्य र वातावरणमा असर पुग्ला कि भन्ने सोच राखी, उल्लेखित जग्गालाई श्री ५ को सरकारबाट पार्क घोषणा गरी संघको जिम्मामा लिने विभिन्न प्रयासहरु गरिएता पनि, हाल स्थिति अनुकूल रहेको छैन ।



संग्रहालय निर्माणप्रति व्यापक अन्तर ष्ट्रिय चासो जगाउने उद्देश्य लिई Internet संचार माध्यममा संघले स्थापना गर्ने भन्ने IMM Home Page मा संघका अन्य कार्यक्रम र गतिविधि समेत समावेश गरिएको छ ।

पर्वतारोहण प्रशिक्षण

संघले यस आर्थिक वर्षभित्र संचालन गर्ने दुई पर्वतारोहण प्रशिक्षण मध्ये भाद्र १६, २०५४ देखि असोज २१, २०५४ सम्म लाडटाङमा आधारभूत पर्वतारोहण प्रशिक्षणको तालिम सफलतापूर्वक संचालन गऱ्यो । त्यस प्रशिक्षणमा १३ प्रशिक्षार्थी, दुई नेपाली प्रशिक्षक र एक सहायक प्रशिक्षक तथा स्लोभेनियाका तीन प्रशिक्षक र एक डाक्टरको सहभागिता थियो ।

पर्वतारोहण प्रशिक्षणलाई निरन्तरता र स्तरयुक्त बनाउँदै लैजानु पर्ने वर्तमान का.स. को धारणा रहेता पनि विभिन्न कारणबाट पर्वतारोहण प्रशिक्षण कार्यक्रम संचालन गर्न संघले ठूलो आर्थिक दायित्व वहन गर्नु पर्ने तथ्यलाई दृष्टिगत गरी सकेसम्म संघको पर्वतारोहण प्रशिक्षण कार्यक्रमलाई अन्य स्रोत खोजी संचालन गर्ने अथक प्रयास पनि भइरहेको छ । यस अन्तर्गत अष्ट्रियाको OKO Himal सँग खुम्बु क्षेत्रमा संचालित हुने Thame Mountaineering School को सम्बन्धमा सहमति कायम गर्न कुराकानी भइरहेको छ भने जर्मनीको DAV Summit Club लाई संघको पर्वतारोहण प्रशिक्षण सम्बन्धी विस्तृत प्रस्ताव पठाइएको छ ।

कल्याणकारी योजना

यस आ.व. भित्र संघले गतआ.व. मा यस प्रयोजनको लागि स्थापना गरेको पर्वतारोहण कल्याणकारी अक्षय कोषमा र कम वृद्धि गरी दीर्घकालीन कल्याणकारी योजना बनाउने उद्देश्य लिए अनुरुप संघको

अन्य स्रोतबाट प्राप्त हुने रु. तीन लाख तथा पेशेवार पर्वतारोहीबाट सदस्यता शुल्क वापत प्राप्त हुन आएको रकम रु. १,७०,९७१।(उक्त कोषमा जम्मा गरिएको छ।

कल्याणकारी गतिविधितर्फ हिमालय पथ प्रदर्शक संघको सक्रियतामा संघकै लोकप्रिय चुली इमजात्सेको आधार शिविरमा भरियाहरुको बासको लागि निर्माण गरिने पोर्टर सेडको सहयोगको लागि रु. डेढ लाख आर्थिक सहयोग प्रदान गरिएको छ।

वातावरण संरक्षण

वातावरण संरक्षण कार्यक्रमतर्फ संघले यस वसन्त ऋतुमा श्री ५ को सर कारको सहयोग लिई सगरमाथा सफाई कार्यक्रम संचालन गर्ने सम्बन्धमा श्री ५ को सरकारबाट सगरमाथा सफाईको लागि यस आ.व. को बजेटमा रु. ५ लाख मात्र छुट्याइएको हुँदा यस प्रयोजनको लागि वातावरणसँग सम्बन्धित विदेशी संस्था तथा पर्वतारोहीहरुसँग सहयोगको लागि अनुरोध तथा पत्राचार भइरहेको छ।

यसै समितिको सक्रियतामा संघले मनाङ क्षेत्रमा रहेका पिसाङ चुली, चुलु इष्ट/वेष्ट चुली र अन्नपूर्ण क्षेत्रमा अवस्थित हिउँचुली, थर्पुचुलीको वातावरण सफाई गर्ने कार्य यस वर्षा ऋतुमा थाल्नेछ।

वैदेशिक सम्बन्ध समिति

वैदेशिक सम्बन्ध समितिको सक्रियतामा यस वर्ष सार्क मैत्री सगरमाथा अभियान संचालन गर्ने लक्ष्य लिई संघको तर्फबाट उक्त अभियानको उद्देश्य, कार्यक्रम र बजेट सबै समावेश भएको ब्रोसर तयार गरी सार्क सचिवालय मार्फत र सोझै उक्त देशहरुमा भएका पर्वतीय तथा पर्यटन संस्थासँग संयुक्त मैत्री आरोहणको प्रस्ताव गइसकेकोमा मुख्यतया आर्थिक कठिनाइको कारण अन्य सार्क मुलुकबाट उत्साहजनक सहभागिता जुट्न सकेको छैन। नेपाल भ्रमण वर्ष १९९८ र यही वर्ष नेपाल पर्वतारोहण संघको रजत वर्ष मनाउन ७,००० मिटर अग्लो Virgin Peak आर ोहणको लागि संघले Czech Mountaineering Association सँग मिली कञ्चनजंघा क्षेत्रमा रहेको ७,३५० मिटर अग्लो Talung Chuli आरोहण अनुमतिको लागि पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अनुरोध पठाइसकेको छ।

प्रचारप्रसार

अंग्रेजी संस्करणमा प्रकाशित हुने PARBAT आउँदो वर्षाकालीन साधारण सभाको अवसरमा प्रकाशित गरिने लक्ष्य



राखिएको छ। यस समिति अन्तर्गत टाईपीन, टी सर्ट प्रकाशनमा ल्याउने कार्यक्रम अन्तर्गत टी सर्ट को हकमा संघको लोकप्रिय चुली इमजात्सेको आकृति अंकित टी सर्टको डिजाइन कार्य सकिई छपाइको लागि पठाइएको छ। सार्क स्तरीय हाजिरीजवाफ कार्यक्रम सगरमाथा दिवसको अवसरमा गरिने लक्ष्य लिइएको छ।

नेपाल भ्रमण वर्ष

नेपाल भ्रमण वर्षको शुभारम्भको दिन जनवरी १, १९९८ मा संघले का.स. सदस्य, साधारण सदस्य र पर्वतारोहीहरु सहितको एक ठूलो जुलुस लिई भ्रमण वर्षको उद्घाटनमा भाग लिई नगर परि क्रमा गरेको थियो। यस्तै नेपाल भ्रमण वर्षमा संघले स्कुल तथा क्याम्पस स्तरका विद्यार्थीहरुलाई एकहप्ते परिचयात्मक रक क्लाइम्बिङ प्रशिक्षण दिने कार्यक्रम यसै वसन्त ऋतुभित्र सम्पन्न गर्नेछ।

अन्य गतिविधि :

ककनी Mountaineers Memorial Park

नेपाल भ्रमण वर्ष १९९८ को अवसर पारी संघले श्री ५ को सरकार पर्यटन विभाग र नेपाल भ्रमण वर्ष सचिवालयको सहयोग लिई प्रस्तावित Mountaineers Memorial Park ककनीको संचालन र व्यवस्थापनको प्रारम्भिक कार्य शुरु गर्ने योजना लिएको छ। सगरमाथा दिवस May 29 कै दिन उक्त पार्कको शिलान्यास गर्ने कार्यक्रम राखिएको छ।

HAT-J को Oze International Forum

२०५४ साउन ४ देखि १३ सम्म HAT-J ले आयोजना गरेको Young People's Oze International Forum जापानमा संघका तत्कालीन का.वा. सह(सचिव पासाङ शेर्पाको नेतृत्वमा तीन विद्यार्थीले भाग लिएका थिए। HAT-J को यस कार्यक्रम गत वर्ष यस संघको सहयोगमा नेपालमा भएको थियो।

SAARC Mountaineering and Expedition

Himalayan Mountaineering Institute, Darjeeling ले हिमाञ्चल प्रदेशमा सार्क राष्ट्रका पर्वतारोही सम्मिलित माउण्टेनियरिङ तथा एक्सपीडिसन तालिममा संघको तर्फबाट पेम्बा ग्याल्जेन शेर्पा र प्रेमबहादुर गुरुङले २०५४ साउन ११ देखि असोज ९ सम्म भाग लिनुभएको थियो।

डाटा बैंक

डाटा बैंक स्थापनाको सम्बन्धमा संघलाई ७२८ वटा फाइल प्राप्त भइसकेको र सोलाई कम्प्युटरमा समावेश गर्ने काम शुरु भइसकेको छ। यस्तै NMA चुलीको प्रोफाइल तयार पार्ने काम तीव्र पारिएको छ।

(महासचिव आङ कर्मा शेर्पाद्वारा २०५४ माघ २४ गते (फेब्रुअरी ६, १९९८) मा काठमाडौंमा बसेको शीतकालीन साधारण सभामा प्रस्तुत प्रतिवेदनबाट)

पर्वतारोहण गतिविधिको संवाहक
पर्वत

Mountaineering Expedition Team Permitted During 1997 Spring

No	Name of the team	Name of the leader	No of Member	Assent Route	Successes		Casualt	
					For	Nep	For	Nep
1	Amadablam Exp. 97	Franz Schrall (Austria)	11	Normal				
2	Amadablam Exp. 97	T.M. James Oleary (Newzealand)	5	S.E.R.				
3	97 Amadablam Internal Exp.	Denfel Mazur (USA)	11	Normal				
4	800 Amadablam Internal Exp	Enrico Rosso (Italy)	4	Normal				
5	97 Korean Annapurna Exp.	Taisun Kang (Korea)	7	Normal				1
6	Austrian Baruntse Exp.	Rodolf M. Alexander (Austria)	3	S.E.R.				
7	AustralianArmyDhaulagiri	Zack Zaharias(Australia)	11	N.E.R	3			
8	Venezula Dhaulagiri Exp.	Jobia Leisegng (Venezula	6	NER				
9	Arabako Dhaulagiri Exp.	Luis Carlos (Spain)	11	NER				
10	Japan Dhaulagri Exp.	Herohumi Konishi (Japan)	2	NER	2	1		
11	Dhaulagiri Spring Exp.	Kobi Reichen (Swiss)	2	NER				
12	Dhaulagiri I Exp.	Young Seok Pork (Korea)	5	NER	4			
13	British Gemmigela Exp.	P.H. Person (UK)	11	S.W.R.	6			
14	Himlung Himal 97 Exp	Jean Paul (France)	9	N.W.F.				
15	Challenge 8000 Kanchenjunga	Phillips Howoroc (UK)	3	Not climbed				
16	Slovak Steam Kanchenjunga Exp.	Joromir Stejska (Slovak)	11	North Face				
17	Swiss Kartsch Kanchenjunga Exp.	Norbert Joss (Swiss)	2	S.W.				
18	97 Kanchenjunga Exp.	Jonathan (UK)	9	N.F.				
19	Spanish Kanchenjunga Exp.	Ignacio Ochoade (Spain)	7	N.R,				
20	97 Korea Kanchenjunga Exp.	Taesun Kang (Korean)	7	S.W.S.				
21	United Kanchenjunga Exp.	Christopher (UK)	7	N.F.	1			
22	Lhotse'97 Exp.	Agostond (Italy)	12	S.E.R.	4			
23	Lhotse'97 Exp.	Arnard Clavel (Italy)	12	S.Col	4			
24	Russian Lhotse Exp.	Vladimir Bachkironussri (Russia)	12	W.F.	12	1		
25	Team Accent Lhotse	Andren Clarks (UK)	12	W.F.	1			
26	H.G. Lhotse Exp.	Henry Todd (UK)	12	W.F.	4			
27	Kuzibas Lhotseshar Exp.	Alexander Foight (Russia)	7	W.R.				
28	Challenge 8000 Makalu Exp.	Phillip Howard (U.K.)	4	Normal				
29	Russian Makalu Exp.	Serguel (Russia)	8	W.F.	5	2		
30	Int'nal Makalu Exp.	Claudy Bitz (Swiss)	2	N.R.				
31	Russian Nuptse Exp.	Victor Kozlov (Russia)	5	N.R.				
32	American Numbuer Exp.	Charles M. Armatys (USA)	6	S.W.R.				
33	British Gemmigela/Pathivara	Persons (U.K.)	11	Not climbed				
34	Pumori Exp.	Timoleary James (New Zealand)	5	S.E.R.				
35	Pumori Exp.	Hubert Fritzten (Austria)	12	Normal				
36	Osaka Alpine Patrasi Exp.	Sadao Yoshinaga (Japan)	5	N.F.				
37	Russian Shantishikhar Exp.	Alexander Ikoven (Russia)	8	S.F.				
38	Australian Dukuche	Alexander B.Van Roy(Australia)	10	S.R.				
39	Kubuz Tukuche Exp.	Aart Buit Tendijr (Netherland)	2	Normal			1	
40	97 American Everest Exp.	R. Todd Burleson (USA)	7	Normal	1	4	1	
41	Malayasian Everest Exp.	Md. Rizan MH (Malaysia)	12	S.E.R.	2	5		
42	Youth Exp.	Bhakta Bdr. (Nepal)	6	Normal		2		
43	Indonesia Exp.	Iwan Setnwan (Indonesia)	10	Normal	2	2		
44	Int'nal Everest Exp.	Jonathan Tinker (U.K.)	12	SER	4	3		
45	Audeo Everest Exp.	Petawatt (U.K.)	12	SER	4			
46	Noever Everest Exp.	Hiroshiokura (Japan)	10	SER				
47	Team Ascent Everest Exp.	Malcom Duff (U.K.)	3	SER	1	1		
48	97 Canadian Everest Exp.	Snen W. Mitous (USA)	7	SER	2	3		
49	Adventure Consultant Everest	Guy Cotter (New Zealand)	7	SER	4	4		
		Total	375		66	25	4	3


Mountaineering Expedition Team Permitted During 1997 Autumn

Name of the Expedition Team	Peak	Country	Name of the leader	No of Member	Ascent Route	Succes		Casalty
1. Peterslueg Tops Sport Amadab	Amadablam(6812m)	Russia	Mr. Alexei Choustrov	9	S.W.R.	For	Nep	For Nep
2. Adventure Consultant Amadablam	Amadablam(6812m)	Newzealand	Mr. David Heddlaston	3	S.W.R.	2	2	
3. Russian Amadablam	Amadablam(6812m)	Russia	Mr. Boris Sedoussov	9	S.R. 8			
4. T.A. Frence Exp. Amadablam	Amadablam(6812m)	France	Mr. Philippe Grener	6	S.W.R.	8	1	
5. United Amadablam	Amadablam(6812m)	UK	Mr. Jonathan	7	S.W.R.	7		
6. H.G, Amadablam	Amadablam(6813m)	U.K.	Mr. Henry B. Todd	7	S..W.R.	7	1	
7. Polish Int'l Amadablam	Amadablam(6812m)	Polish	Mr. Ryszar Powloski	5	S.W. 5			
8. Fukuoka Amadablam Exp.97	Amadablam(6812m)	Japan	Mr. Tsuyoshi Seki	4	S.W.Ridge	4.		
9. International Amadablam Exp'97	Amadablam(6812m)	Italy	Mr. Hermann Tauber	4	S.W.Ridge	11		
10. Amical Alpine Mt. Amadablam Exp97	Amadablam(6812m)	Germany	Mr. Andreas Kraus	10	S.W.Ridge	3	2	
11. Tyrolean Amadablam Exp.	Amadablam(6812m)	Autria	M. Peter Habelar	9	S.W.Ridge			
12. Annapurna South	Annapura South	Bulgaria	Mr. Bernardetle Laley	2	E.R.			
13. Glacia Desafio 8000	Annapurna 1(8091m)	Spain	Mr. Rocha Puga Alyandro	6	N.E.Side			
14. Dav Summit Annapurna IV	Annapurna IV	Germany	Mr. Herbert Strfibel	7	North			
15. Italian Annapurna-1	Annapurna-1(8091m)	Italy	Mr. Marco Stefeano Bianchi	4	North Side			
16. Annapurna Friendship	Annapurna-1(8091m)	Germany	Mr. Manfred Salcher	7	Normal Way			
17. Italian Baruntse Exp.	Baruntse (7129m)	Italy	Mr. Marco	5	S.E.R			
18. New England Baruntse Exp.	Baruntse(7129m)	USA	Mr. Roger Hassol	5	N.E.R.	2		
19. French Baruntse Exp.	Baruntse(7129m)	France	Mr. Danis Elicnne	9	S.R. 6	1		
20. T.A. French Exp. Baruntse	Baruntse(7129m)	France	Mr. Merc Lubin Lubin	7	S.R. 6	1		
21. Dutch Baruntse Exp.	Baruntse(7129m)	Netherland	Mr. Robert K.T.Klober	11	S.E.Ridge			
22.Swiss Baruntse Exp'97	Baruntse(7129m)	Switzerland	Mr. Nobert Joss	12	S.W. Ridge			
23. Baruntse Team 1997	Baruntse(7129m)	Germany	Mr. Christoph Hoerster	8	S.E.R.	3		
24. Galicia Derafis Desafio 8000	Cho-oyu	Spain	Mr. Racha Puga Alejadro	6	N.E. 1			
25. DAV Summit Dhaulagiri	Dhaulagiri	Germany	Mr. Siegfried Hupfaner	8	N.E.R.			
26. Galicia Desafio 8000	Dhaulagiri(8167m)	Spain	Mr. Martinez Novas Jesus	4	North East	3		
27. 97 Kharkov Mountaineering Club Dhaulagiri	Dhaulagiri(8167m)	Ukrane	Mr. Sergiil Bershov	7	N.E.Ridge			
28. The Japanese Alpine Club Dhaulagiri Exp'97	Dhaulagiri(8167m)	Japan	Mr. Masayuki Matsubara	7	N.W.Ridge			
29. Everest Bizkai	Everest (8848m)	Spain	Mr. Juan Raman	7	S.Co.			
30. French Expedition to Mt.Everest	Everest(8848m)	France	Mr. Yvan Estienne	7	S.E.Ridge			
31.Tokyo Alpinist Club Ganesh III Exp.97	Ganesh 3rd (7110m)	Japan	Mr. Keiji Nakamura	4	North Face			
32. 1997 Jannu North Face Exp.	Kumbhakarna(7710M)	USA	Mr. Damian Beneges	9	North Face			
33. 97 Korean Lhotse Exp.	Lhotse (8516m.)	Korea	Mr. Dong Hohee	8	N.E.R.	2	1	
34. Spanish Mt. Lhotse Exp.	Lhotse (8516m.)	Spain	Mr. Ignacio Ochoadeolea	3	West Face			
35. Japan SnowLeopard LhotseExp.'97	Lhotse(8516m.)	Japan	Mr.Kazuyoshi Kondo	7	N.W.Face	2		
36. SouthernCalfornia Exp. Makalu	Makalu	U.S.A.	Mr. David Coster	7	N.W.			
37. Danish Makalu Exp. 1997	Makalu 1st(8463m.)	Denmark	Mr. Per Bager	6	Makalu La			1
38. Makalu Swiss Expedition	Makalu 1st (8463m.)	Switzerland	Mr. Christopher Berclaz	7	N.W.Ridge			
39. Horolezecky Oddil Mountaineering	Makalu 2nd (7678m.)	Czech	Mr. Roman Koch	12	Normal			
40. Australian Makalu-II	Makalu-II	Australia	Mr. Susan Erica	2	S.E.R.	3	1	
41.Basque Int'nal Manaslu	Manaslu	Spain	Mr. Juan Eusolo	7	Normal	6		
42. International Manaslu 8163 Exp.'97	Manaslu (8163m.)	Switzerland	Mr. Kal Kobler	12	N.E.R.	2	2	
43. Japan Manaslu Research Exp'97	Manaslu (8163m.)	Japan	Mr. Hirohumi Konishi	2	N.E.R.			
44. Suzuka Alpine Club Manaslu Exp'97	Manaslu (8163m.)	Japan	Mr. Kaneo Nakamura	5	E. Ridge			
45. Meiji University Manaslu Exp'97	Manaslu (8163m.)	Japan	Mr. Toichiro Mitani	8	N.E.Ridge			
46. Salzkammergut Manasl Exp.'97	Manaslu (8163m.)	Austria	Mr. Markus Raich	11	N.E.Ridge			
47. Slovak Ski Mountaineering Exp'97	Manaslu (8163m.)	Slovakia	Mr. Peter Sperka	9	N.E.Ridge	3		2
48. Hans Nuptse Exp.	Nuptse (7855m.)	Italy	Mr. Johann Hans	2	S.E.			
49. Slovenian Expedition Nuptse'97	Nuptse (7855m.)	Slovania	Mr. Tomaz Humar	4	West Face	2		1
50. Italy Purmori Exp.	Pumori (7161m.)	Italy	Mr. Jinkhauser Waner	6	S.E.R.			
51. Czech Pumori Exp.	Pumori (7161m.)	Czech	Mr. Michal Brunner	7	S.E.R.			3
52. Polish Int'l Pumori	Pumori (7161m.)	Spain	Mr. Jacel Maselle	5	S.E.			
53. Pumori 1997	Pumori (7161m.)	Spain	Mr. Carlos Tirado Lopez	8	S.W.R.Face			
54. Slovenian Exp. Pumori'97	Pumori (7161m.)	Slovenia	Mrs. Tomaz Humar	8	S.E.Face	5		
55. British Pumori Exp. 1997	Pumori (7161m.)	UK	Mr. Richard Horsburgh	7	S.E.Face			
56. JWAF COWAC Pumori Exp. 1997	Pumori (7161m)	Japan	Mr. Akihiko Abe	3	East Face			
57. Canadian Putha Kimchuli	Putha Himchuli(7246m)	Canada	Mr. Stephan Adamson	10	S.R.			
58. French Putha Himchuli	Putha Himchuli(7246m)	France	Mr. Jean Paul Trichet	6	Normal (Nor)			
59. Raksha Urai Expedition'97	Raksha Urai (6593m)	Austria	Mr. Gunter Mussing	12	S.E.Route			
60. Swiss Tilicho Exp. 1997	Tilicho (7134m.)	Switzerland	Mr. Johannes Rauner	9	North Ridge			
61. Togakushi Dohjin Tukuche Peak Exp.97	Tukuche (6890m)	Japan	Mr. Kazuhiko Tokutake	10	North			
62. 97 Korean Annapurna Fang	Varahashi Khak(7647m)	Korea	Mr. Jea Hyoung Yo	12	E.S.R.			1
		Total:		421		109	15	8

Mountaineering Expedition Team Permitted During 1997 Winter

Name of the Peak & Expedition Team	Country	Name of The Leader	No.of Member	Ascent Route	Result	Casualty
Amadablam (6812m)						
1. Profit Christophe Expedition	France	Mr.Christophe Profit	4	South West Ridge	Successful (Foreigner3)	
2. Sanga Amadablam Expedition	Spain	Mr. Miguel Angel Vidal	7	South West Ridge	Abandoned	
2. Winter '97 Amadablam-	U.S.A.	Mr Sean Sullivan	12	South West Ridge	Successful (Foreigner 7 & Nepalese 1)	
Annapurna 1 (8991m.) 4. Meiji Universt Annapurna I Exp. 1997	Japan	Mr. Atsushi Yamamoto	4	North side	Abandoned	
5. **Dhaulagiri I (8167m.)** French Dhaulariri I-	France	Mr. Jean Christophe Lafaille	2	North East Ridge		
6. **Khhangtega (6779m.)** Khangtega Expedition	France	Mr. Christophe Profit	2	North Face	Cancelled	
7. Winter Manaslu Expedition	Korea	Mr. Park Young Seol	6	North East Face	Abandoned	
8. Annapurna I Winter Expedition	Italy	Mr. Simon Moro	2	South Face Route	Abandoned	Foreigner I
9. Basque Manaslu Winter Exp.	Spain	Mr. Albert Inurategui	7	North East Side		
10. **Amadablam (6812m.)** Spanish Amadablaim '98	Spain	Mr. Manuel Gorgalez	7	South West Ridge		

Condolence



Lt. Col. James Owen

Merion Roberts

(1916-1997)

Nepal Mountaineering Association is deeply shocked by the sad demise of Lt. Col. James Owen Merion Roberts, the pioneer of mountain tourism in Nepal. We extend our heartfelt condolence to the bereaved family and pray to the almighty for the eternal peace for the departed soul.

Nepal Mountaineering Association

नेपाल पर्वतारोहण संघद्धारा अनुमति प्रदान गरिने शिखरहरु

१. हिउँचुली	६४४१ मिटर	अन्नपूर्ण हिमाल
२. सिंगुचुली (फ्लुटेड पिक)	६५०१ मिटर	अन्नपूर्ण हिमाल
३. मेरापिक	६६५४ मिटर	खुम्बु
४. कुसुम कांगु	६३६७ मिटर	खुम्बु
५. ख्वादे	६०११ मिटर	खुम्बु
६. चुलु वेष्ट	६४१९ मिटर	
७. चुलु इष्ट	६५८४ मिटर	
८. इम्जात्से (आइल्याण्ड पिक)	६१६० मिटर	खुम्बु
९. पार्चेमुचे	६१८७ मिटर	रोल्वालिंग
१०. लोबुजे	६११९ मिटर	खुम्बु
११. रामदुंग	५९२५ मिटर	रोल्वालिंग
१२. पिसांग	६०९१ मिटर	
१३. थार्पुचुली (टेण्ट पिक)	५६६३ मिटर	अन्नपूर्ण
१४. खोमातसे (मेरा पिक)	५८४९ मिटर	खुम्बु
१५. गन्जाला चुली (नर्या कांगा)	५८४४ मिटर	लांगटांग
१६. पोखाल्दे	५८०६ मिटर	खुम्बु
१७. मार्दी हिमाल	५५८७ मिटर	अन्नपूर्ण
१८. पाल्दोर पिक	५८९६ मिटर	लांगटांग

THE ORIGINS OF MOUNTAIN ADVENTURE TOURISM

By Jimmy Roberts

Parbat, the Journal of the Nepal Mountaineering Association for May-June 1997, carries an article by Captain Mohan S. Kohli on Himalayan Tourism in which he refers to the history of trekking and adventure tourism in the Himalayas. I am sorry, but I must beg to differ from his version of that history. Capt. Kohli is an exceptionally distinguished mountaineer of world fame and he is also a very experienced tourism executive, and a good friend of mine. So it is with much diffidence that I write to put the record straight. I was in Nepal myself during the whole period to which I refer and know what I am talking about.

Captain Kohli writes that he joined Air India in 1971 and visited Kathmandu as an executive of Air India "25 years ago" (i.e. in 1972) "to launch Himalayan Tourism and to persuade leading Travel Agents to include Trekking Tours in their programmes." Infact trekking and non expeditionary mountain climbing (the major components of Adventure Tourism as we know it today) had been conceived and born in Nepal many years before it was "imported", so to speak by Air India in 1971/1972.

The first trekking agency in Nepal, Mountain Travel, was registered with H.M.G. in 1964 and began operations in 1965 and rapidly built up a considerable world wide volume of business. It was followed by "Annapurna Trekking" about three years later, established by Yeti Travel under Colonel Ongdi, and at that time aimed specifically at the German Alpine Club (DAV) market. Another prominent early entry into this field was Kalden Sherpa with his "Sherpa Trekking Service" aimed at French and other continental agents.

By 1972, in the eighth year of trekking operations in Nepal, there were probably three or four more licensed trekking agents operating and, between them and those mentioned by name, they were handling regular trekking and climbing programmes for Thomas Cook of San Francisco (later "Mountain Travel, USA") Cooks of London,Sporthaus Schuster and the DAV of Germany, Eiselin Sport (Switzerland) and "Ausventure" with clients from Australia and New Zealand. There were others too, but enough has been said to indicate that the coverage of the market was already world wide. Total numbers cannot compare with the present volume of traffic, 30 years later, but the foundations of the industry were laid and in those days numbers were not swollen by low budget "tea house" trekkers.

In conclusion, "trekking" is a product of Nepal and has played a very major role in the development of the tourism industry in our own country. And it has spread to other parts of the world as well. Wherever there are mountains or wild country you will find "trekking" advertised, with trips run on much the same lines as those pioneered in Nepal. In 1965, the word, of Dutch Boer origin, was strange to many. Now, "trekking", and not translations of the word is internationally understood and used.

August 10, 1997

नेपाल पर्वतारोहण संघ

कार्यसमिति

सोनाम ग्याल्जेन शेर्पा	-	कार्यवाहक अध्यक्ष
मिङ्मा दोर्जी शेर्पा	-	द्वितीय उपाध्यक्ष
आङ्ग कर्मा शेर्पा	-	महासचिव
पासाङ्ग शेर्पा	-	का.वा. सचिव
नरहरि भण्डारी	-	कोषाध्यक्ष
आङ्ग छिरिङ शेर्पा	-	कार्यसमिति सदस्य
भूमिलाल लामा	-	कार्यसमिति सदस्य
झलक थापा	-	कार्यसमिति सदस्य
पर्तेम्बा शेर्पा	-	कार्यसमिति सदस्य
आङ्ग जे.पी. लामा	-	कार्यसमिति सदस्य
ल्हाक्पा दोर्जी शेर्पा	-	कार्यसमिति सदस्य
आङ्ग फुरी शेर्पा	-	कार्यसमिति सदस्य
पासाङ्ग शेर्पा	-	कार्यसमिति सदस्य
स.श्री लामा पासाङ शेर्पा	-	कार्यसमिति सदस्य
प्रतिनिधि टान	-	कार्यसमिति सदस्य
प्रतिनिधि, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	-	कार्य समिति सदस्य

विविध समिति

पर्वतारोहण प्रशिक्षण समिति

१. आङ्ग फुरी शेर्पा	-	संयोजक
२. ल्हाक्पा दोर्जी शेर्पा	-	सदस्य
३. पासाङ्ग शेर्पा	-	सदस्य
४. ल्हाक्पा नोर्बु शेर्पा	-	सदस्य
५. प्रेम कुमार श्रेष्ठ	-	सदस्य

कल्याणकारी समिति

१. पर्तेम्बा शेर्पा	-	संयोजक
२. आङरिता शेर्पा	-	सदस्य
३. न्वाङ्ग योन्देन शेर्पा	-	सदस्य
४. श्रीमती निमी शेर्पा	-	सदस्य
५. पेम्बा दोर्जी शेर्पा	-	सदस्य

वातावरण संरक्षण समिति

१. आङ्ग जेपी लामा	-	संयोजक
२. आङ्ग जांग्बु शेर्पा	-	सदस्य
३. आङ्ग फुर्वा शेर्पा	-	सदस्य
४. हरिशरण श्रेष्ठ	-	सदस्य
५. डा. शंकरराज पन्त	-	सदस्य

प्रकाशन तथा प्रचार समिति

१. भूमिलाल लामा	-	संयोजक
२. रमेश तिवारी	-	सदस्य
३. हरिप्रसाद श्रेष्ठ	-	सदस्य
४. विजयबहादुर श्रेष्ठ	-	सदस्य
५. दोर्जी जाङबु लामा	-	सदस्य

वैदेशिक सम्बन्ध तथा नेपाल भ्रमण वर्ष १९९८ समिति

१. आङव छिरिङ शेर्पा	-	संयोजक
२. बसन्त थापा	-	सदस्य
३. सन्तकुमार सुब्बा	-	सदस्य
४. विक्रम पाण्डे	-	सदस्य
५. आर.पी. पन्त	-	सदस्य

अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय समिति

१. झलक थापा	-	संयोजक
२. मेजर पूर्णबहादुर गुरुङ	-	सदस्य
३. दिनेश गुरुङ	-	सदस्य
४. गिरिधारी शर्मा	-	सदस्य
५. जलकृष्ण श्रेष्ठ	-	सदस्य

बाँकी ३८ पेज्मा

विद्यार्थीहरुका लागि रक क्लाइम्बिंग प्रशिक्षण

नेपाल पर्वतारोहण संघको आयोजनामा विगत केही वर्ष अघिदेखि काठमाडौंको बालाजुमाथि नागार्जुन शाही वन आरक्षण स्थलको ढुंगेभीरमा विभिन्न इच्छुक व्यक्तिहरुलाई हिमाल चढ्दा आवश्यक प्रशिक्षणको व्यवस्था हुँदै आइरहेको छ । त्यहाँ इच्छुक व्यक्तिहरु समय समयमा आफै गई रक क्लाइम्बिङ गर्ने गर्दछन् । उक्त स्थानमा प्रशिक्षण व्यवस्था कायम राख्न संघले भीरमा रहेका झारपात, ढुंगाका टुक्राहरु फाली सफा राख्ने कार्य गर्दै आएको छ । रकको विभिन्न स्थानमा डोरी राख्न किल्लाहरु गाडिएकोले इच्छुक व्यक्तिहरुलाई उक्त स्थानमा गई प्रशिक्षण लिने कार्यमा सुविधा पुग्न गएको छ । विगत वर्षहरुमा त्यहाँ प्रशिक्षण लिन इच्छुक व्यक्तिहरुले संघले तोकेको शुल्क बुझाएर मात्र प्रशिक्षण लिने गरेकोमा यस वर्ष नेपाल भ्रमण वर्षको सन्दर्भमा स्कुल तथा क्याम्पसका युवा विद्यार्थीहरुलाई प्रशिक्षणका लागि आमन्त्रण गरिएको र तिनीहरुलाई निःशुल्क प्रशिक्षण प्रदान गरेकोले संघ र विशेषगरी पर्वतारोहण तथा प्रशिक्षण समितिको गतिविधिमा उल्लेखनीय कार्य भएको छ । रक क्लाइम्बिंग प्रशिक्षण विद्यार्थीहरुका लागि महत्वपूर्ण रहेको सहभागीहरुले बताएका छन् ।

यस प्रशिक्षणमा समूह क र ख गरी १७/१७ जनाको दुई समूह बनाई प्रशिक्षण दिइएको थियो । क समूहलाई २०५४ चैत्र ४।८ सम्म र ख समूहलाई चैत्र ९।१३ गतेसम्म तालिम प्रदान गरिएको थियो । प्रशिक्षणमा भाग लिने विद्यार्थी र स्कुल तथा क्याम्पसको नाम निम्न अनुसार छ:

टाशी छिरिङ शेर्पा	हिमालय विद्या मन्दिर
मनोज चौधरी	शान्ति विद्या गृह
राम काजी तामाङ	शंकरदेव क्याम्पस
ल्हाक्पा नुर्वु शेर्पा	रत्न राज्य लक्ष्मी क्याम्पस
अशेष मानन्धर	पब्लिक यूथ क्याम्पस
आङ छिरिङ शेर्पा	पब्लिक यूथ क्याम्पस
बलधन राई	रत्न राज्य लक्ष्मी क्याम्पस
सुवास राई	त्रि.वि. क्याम्पस कीर्तिपुर
होमनाथ कोइराला	रत्न राज्य लक्ष्मी क्याम्पस
सुरेन्द्र लिङ्गदाम	सरस्वती क्याम्पस
अमित राज खड्का	रत्न राज्य लक्ष्मी क्याम्पस
प्रेम विजय अधिकारी	शंकरदेव क्याम्पस
विनिराम पौडेल	रत्न राज्य लक्ष्मी क्याम्पस
नारायणप्रसाद पौडेल	महेन्द्र रत्न क्याम्पस
रविन्द्रकुमार सुवाल	इन्जिनियरिङ्ग क्याम्पस, पुल्चोक
सुनिल नकर्मी	त्रि(चन्द्र क्याम्पस
अच्युत प्रजापति	त्रि(चन्द्र क्याम्पस
संजीवन श्रेष्ठ	पब्लिक यूथ क्याम्पस
ल्हाक्पा नुर्वु शेर्पा	विश्व भाषा क्याम्पस
डेण्डी लामा शेर्पा	विश्व भाषा क्याम्पस
डिमा शेर्पा	त्रि.वि. क्याम्पस, कीर्तिपुर
उत्सव सुन्दर श्रेष्ठ	सरस्वती क्याम्पस
दावा शम्बू शेर्पा	नेपाल कमर्श क्याम्पस
जीतुकुमार विश्वकर्मा	नेपाल कमर्श क्याम्पस
जीवन मोक्तान	नेपाल कमर्श क्याम्पस
गंगा बराल	नेपाल कमर्श क्याम्पस
सरोजकुमार लामा	सरस्वती क्याम्पस
अजाङ भोटिया	बानेश्वर क्याम्पस
जिम्मी राज खड्गी	महेन्द्र रत्न क्याम्पस
गगन श्रेष्ठ	नेपाल कमर्श क्याम्पस
दिपक शर्मा	नेपाल कमर्श क्याम्पस
औरसकुमार थापा	नेपाल ल क्याम्पस
हरिकृष्ण न्यौपाने	सरस्वती क्याम्पस
ईन्द्रकुमार श्रेष्ठ	शंकरदेव क्याम्पस

प्रशिक्षकहरु :

श्री आङ नोर्वु शेर्पा
श्री दा गोम्बु शेर्पा
श्री नवाङ निमा शेर्पा
श्री प्रेमबहादुर गुरुङ

सहायक प्रशिक्षकहरु :

श्री पेम्बा शेर्पा
श्री ग्याल्जेन शेर्पा
श्री दानु शेर्पा
श्री तेण्डी शेर्पा

रक क्लाइम्बिङ प्रशिक्षणमा डोरीको नट कसरी बाँध्ने, शरीरमा लगाउने विभिन्न सामग्रीहरु आफू चढ्दा डोरीकों स्थिति, बाटो तयार गर्ने, साथीहरुबीच एक आपसमा सम्बन्ध राख्ने आदि विषयहरुमा प्रशिक्षण दिइएको थियो । यस क्षेत्र सामूहिक कार्य भएकोले रक क्लाइम्बिङ गर्ने कार्यमा एक आपसमा सहभागीहरुबीच विश्वसनियताको ठूलो महत्व रहेको पाइन्छ र एक आपसमा समन्वयको आवश्यकता पर्दछ । प्रशिक्षणमा र कमा गाडिएको किलाहरुमा सर्वप्रथम डोरी र ख्दै बाटो तयार गरी माथि पुग्ने गरिन्छ र माथिबाट डोरी तल फाली त्यस डोरीको सहायतामा अर्को व्यक्ति माथि चढ्ने गर्दछ र त्यसबेला माथि पुगेको व्यक्तिले डोरी समाती बेली गर्ने कार्य हुन्छ । माथि चढ्ने व्यक्तिले बाटोमा राखिएका नट फुकाल्दै आफूसँग राखी माथि चढ्ने गर्दछ । माथिबाट तल झर्ने कार्यमा एकजनाले डोरी समाती बेली गराई उक्त डोरीको सहायताबाट डोरीलाई विस्तारै छोड्दै हल्कासाथ तल झर्ने गर्दछ । उक्त कार्य Ascending र Descending दुवै किसिमबाट गर्न सकिन्छ । यी दुबै तरिकाबाट प्रशिक्षार्थीहरु माथि जाने र तल जाने कार्य हुन्छ । प्रशिक्षणमा चार पाँच वटा बाटोहरु तय गरिएको हुन्छ । कुनै सजिलो र कुनै कठिन यी सबैमा पालैपालो गई प्रशिक्षण गरेको पाइन्छ । प्रशिक्षणमा हातको औंलाले कसरी टेक्ने, खुट्टा कसरी टेक्ने र थकित भएको अवस्थामा केही क्षण कसरी रोक्ने वा आराम लिने बारेमा राम्ररी प्रशिक्षण कार्य भएको पाइन्छ । क्लाइम्बिङ गर्दा माथिबाट ढुंगाका टुक्राहरु लागि चोटपटकबाट बच्न टाउकोमा हेलमेट प्रयोग गरिन्छ । साथै विभिन्न सामग्रीहरुको प्रयोग गर्ने बारे ज्ञान दिइन्छ । रक वा हिमाल चढ्दा साथीहरुबीच तल र माथि दुबैले बुझ्ने गरी भाषाको प्रयोग गर्नु पर्दछ जस्तै : Ready, Wait, Climb, Ok, आदि स्पष्ट बुझ्ने गरी बोल्नु पर्दछ र त्यही आधारमा एकले अर्कोको स्थितिलाई ध्यानमा राखी सहयोग गर्ने कार्य हुन्छ । यसरी पटक पटक प्रशिक्षण गरी विद्यार्थीहरुले हिमाल चढ्दा चाहिने आधारभूत ज्ञानको प्रशिक्षण प्राप्त गर्न सक्दछन् ।

नेपाल पर्वतारोहण संघले नेपाली युवा विद्यार्थीहरु पर्वतारोहण क्षेत्रमा आकृष्ट होउन् भन्ने उद्देश्य लिई विद्यार्थीहरुलाई प्रशिक्षण प्रदान गर्ने र त्यसमा पनि विद्यार्थीहरुको अवस्थालाई बुझी निःशुल्क तालिमको व्यवस्था गर्नु अति प्रशंसनीय कार्य भएको छ । त्यस प्रशिक्षणबाट हिमाल चढ्नका लागि मात्र नभई व्यावहारिक जीवनमा पनि महत पुग्ने गर्दछ । यी साधारण पहिलो चरणको प्रशिक्षण मात्र नलिई विभिन्न उच्च चरणका प्रशिक्षणहरुको व्यवस्था गर्न पर्दछ र प्रशिक्षण लिनु पर्दछ । यी प्रशिक्षणहरु लिन सकेमा बौद्धिक क्षेत्रमा अगाडि बढेका विद्यार्थीहरुले निश्चय नै अन्तर्राष्ट्रिय क्षेत्रमा हुने विभिन्न प्रतियोगितामा सफलता पाउन सक्दछन् । एकातिर नेपाल पर्वतारोहण संघबाट यस्ता मौका पाउँदा पनि विद्यार्थीहरुको सहभागितामा कमी आउनाले कार्यक्रमको निरन्तरता दिने कुरामा प्रश्न उठ्न सक्दछ जुन सबैका लागि हानि पुगी नेपालीहरु पुनः पुरानै शैलीमा हिमाल चढ्न बाध्य हुन सक्दछन् ।. तसर्थ विद्यार्थीहरुले त्यस्तो मौकालाई राम्ररी सदुपयोग गर्नु पर्दछ र पर्वतारोहण क्षेत्रलाई अगाडि बढाउनमा विद्यार्थीहरुको काँधमा ठूलो जिम्मेवारी आइसकेको छ । अर्कोतिर संघले विद्यार्थीहरुको पढाइमा बाधा नपुग्ने, परीक्षाको अवस्था आदि पहिचान गरी प्रशिक्षण कार्यक्रमको आयोजना गरेमा निश्चय नै विद्यार्थीहरु यसतर्फ बढी आकृष्ट हुन सक्नेछन् ।

दोर्जी जाङबु (लामा) शेर्पा

Nepal Mountaineering Association

Calendar of Activities

during Visit Nepal Year 1998 (VNY '98)

Jan 1, 1998	- Official opening of VNY '98
March 10-15	- Rock Climbing Training for Students
March 30-April 10	- Everest cleaning campaign by climb ers
May 29	Everest Day to be observed with different activities
June 1-	Opening of the Mountaineering Me morial Park at Kakani
June 15	- Completion of the first phase of In ternational Mountain Museum in Pokhara
July 15-30	- Basic Mountaineering Training in Manang
Nov 1998	- Rock Climbing/Pokhara

अपांग टमको संकल्पः खुट्टा नभएर के भो...

सगरमाथामाथि विजय हासिल गर्न सपाङ्ग पर्वतारोही स्वयंलाई गाह्रो परिरहेकै बेला अमेरिकाका कृत्रिम खुट्टा भएका टम ह्वाइटकरले "सगरमाथामाथि पहिलो अपाङ्ग व्यक्तिको विजय हासिल गर्ने अभियान" शुरु गरेका छन् । केही वर्षअघि कार दुर्घटनामा दायाँ खुट्टा गुमाएका टमको कृत्रिम खुट्टा (फ्लेक्स फुट) को सहारामा सगरमाथा चढेर विश्वमै अद्भुत कीर्तिमान कायम गर्ने यो तेस्रो प्रयास हो । यसअघि उनले सन् १९८९ तथा १९९५ मा सगरमाथा चढ्ने प्रयास गरेका थिए तर सगरमाथाको चुचुरोमा पुग्ने उनको चाहना ती प्रयासहरुमा सफल हुन सकेन ।

सगरमाथा चढ्ने पहिलो प्रयासमा टमले २२० माइल चढे पनि मौसमको खराबीले उनी अगाडि बढ्न सकेनन् । त्यसपछि दोस्रो प्रयास अर्थात १९९५ मा टमले तिब्बततिरबाट पर्वतारोहण शुरु गरी २७,५०० फिटसम्म मात्र पर्वतारोहण पूरा गर्नसके ।

१९ वर्षअघि कार दुर्घटनामा परेर दायाँ खुट्टा गुमाउन पुगेपछि टमलाई लागेको थियो, शायद यो भयानक घटना नै उनको पर्वतारोहण जिन्दगीको अन्त साबित होला । तर पहिलेदेखि पर्वतारोहण गर्दैआएका टमले आफ्नो आत्मबल उच्च बनाउनसकेका कारण उनी दुनियाँका अन्य अपाङ्ग झैं विलुप्त भएनन् बरु सगरमाथा चढ्ने दरको मनोबलका साथ अगाडि बढिरहेका छन् ।

टमको लागि सगरमाथा चढ्न भनेको अठोराहरुलाई पन्छाउँदै आफ्नो सपना साकार पार्ने भौतिक तथा प्रतिकात्मक सफलता हो ।

दश वर्षअघि सगरमाथा चढ्ने विचार आएको बताउने टम भन्छन् मेरो यो प्रयास अरु अपाङ्गहरुलाई पनि वैशाखीमा अल्झेर नबस भन्नका लागि हो ।

सगरमाथामाथि विजय हासिल गर्ने यो पछिल्लो प्रयास एउटा ठूलो प्रयास भएको भन्दै टमले सगरमाथा आरोहण निकै आनन्दको विषय भएको टिप्पणी गरे । मेरो सगरमाथा चढ्ने चाहना मरेको छैन, यो नै एउटा महत्वपूर्ण कुरा हो टमले भने ।

विवाहित टम एक छोरीका पिता हुन् । अपाङ्गहरुको मनोबल उच्च पार्न विश्वव्यापी सन्देशका लागि टमले कोअपरेटिभ वाइल्डरनेस ह्यान्डिक्याब्ड आउटडोर ग्रुप नाम संस्था पनि संचालन गर्दैआएका छन् । टम अमेरिकाको एरिजोनास्थित प्रेस कट कलेजमा पर्वतारोहण तथा साहसिक यात्रासम्बन्धी विधाका प्राध्यापक पनि रहेका छन् ।

टमको पर्वतारोहण टोलीमा उनका केही विद्यार्थीहरु पनि छन् । यस टोलीले मई महिनाको दोस्रो हप्तातिर सगरमाथाको आरोहण पूरा गर्नेगरी पर्वतारोहण अभियान शुरु गरेको छ ।

संस्थागत सदस्य

१. ट्रेकिङ एजेन्ट्स एसोसिएसन अफ नेपाल (टान)
२. हिमालय रेस्क्यू एसोसिएसन
३. नेपाल हिमालयन गाइड एसोसिएसन
४. पासाङ ल्हामु पर्वतारोहण प्रतिष्ठान

नेपाल पर्वतारोहण संघ मानार्थ सदस्यहरु

नाम	राष्ट्रियता
श्री रिउतारो हासिमोतो	जापान
सर एडमण्ड हिलारी	न्यूजिल्याण्ड
श्रीमती जुन्को तावेई	जापान
श्री रेनहोल्ड मेसनर	इटली
प्रा. मिचियो युसा	जापान
श्री काबुओ	जापान
श्री केन्तारो ताकाज	जापान
स्व. माइक चेनी	वेलायत
सुश्री एलिजावेथ हली	वेलायत
श्री जेम्स रोबर्ट	अमेरिका
स्व. तेन्जिङ नोर्गे शेर्पा	नेपाल
स्व. सुन्दरे शेर्पा	नेपाल
श्री आङदोर्जे शेर्पा	नेपाल
श्री आङ छिरिङ लामा	नेपाल
श्री मिङमा शेर्पा	नेपाल
श्री तादाओ काम्बारा (आजीवन सदस्य)	जापान

सहसदस्य : २७६ ट्रेकिङ एजेन्सीज
साधारण सदस्य : ३२४

नेपाल पर्वतारोहण संघमा दर्ता भएका पेशागत कामदारहरु

सरदार	४९९
सिनियर सपोर्ट क्लाइम्बर	३०५
सपोर्ट क्लाइम्बर	८०५
किचन व्वाय	७४६
कुक	२८४
मेल रनर	२६४

पर्वतारोहण प्रशिक्षण

नेपाल पर्वतारोहण संघले सन् १९७९ मा पूर्व युगोस्लाभिया र स्लोभेनियाको सहयोगमा मनांग जिल्लाको हुम्रेबाघामा पर्वतारोहण प्रशिक्षण केन्द्र स्थापना गरेपछि कैयन पर्वतारोहण आधारभूत तालिम प्रदान गरिसकेको छ ।

प्रशिक्षण विवरण (२०५३ सम्म)

आधारभूत पर्वतारोहण प्रशिक्षण	४४२ जना
हाइ अल्टिचयुड पर्वतारोहण प्रशिक्षण	१११ जना
जुनियर वेसिक आरोहण	१७ जना
ट्रेकटूर लिडर ट्रेनिङ	३० जना
कूल	६०० जना

नेपाल भ्रमण वर्ष १९९८ किन ?

देशमा पर्यटन पूर्वाधारको विकास गर्न :

नेपालको भौगोलिक एवम् आर्थिक स्थितिलाई दृष्टिगत गर्दा पर्यटन एक महत्वपूर्ण आर्थिक विकल्पको रुपमा रहन सक्ने वास्तविकता स्पष्ट छ। यस परि प्रेक्ष्यमा पर्यटनको माध्यमबाट नै केही हदसम्म आवश्यक पूर्वाधार खडा गर्न सकिने र मौजुदा पूर्वाधारलाई अधिकतम उपयोगमा ल्याई देशको आर्थिक विकासको क्रममा थप टेवा पुऱ्याउने अवधारणामा भिजिट नेपाल कार्यक्रम आधारित रहेको छ।

विश्वमा नेपालको छवि उच्च पार्न :

पर्यटन, नेपाल अधिराज्यको विकट स्थानमा अवस्थित आकर्षणयुक्त गन्तव्य स्थलदेखि पर्यटक उद्गम हुने विकसित देश, समाजसम्म दरिलो अन्तरसम्बन्ध स्थापित गर्ने र देशको छवि प्रस्तुत गर्ने सशक्त माध्यम हो। प्रतिस्पर्धात्मक विश्व बजारमा देशको उच्च र प्रभावकारी छवि स्थापनाको लागि व्यापक एवम् समयवद्ध कार्यक्रम सञ्चालन गर्ने प्रकृयाको रुपमा भिजिट नेपाल १९९८ को प्रादूर्भाव भएको हो।

प्राकृतिक एवम् सांस्कृतिक सम्पदाहरूको एकीकृत रुपमा संरक्षण र सम्वर्द्धन गर्न :

पर्यटन एक बहुआयामिक कृयाकलाप भएकोले यसको सन्तुलित विकासको लागि अधिराज्यमा छरि एर रहेका प्राकृतिक एवम् सांस्कृतिक पर्यटन आकर्षणस्थल तथा सम्पदाहरूलाई स्थानीय समुदाय, सरकारी क्षेत्र एवम् पर्यटन व्यवसायीहरू समेतको संयुक्त सहभागितावाट एकीकृत रुपमा विकास गर्ने कार्यक्रमको रुपमा भिजिट नेपालाई लिइएको छ।

पर्यटन उत्पादनहरूको विविधीकरण गर्न :

पर्यटन व्यवसाय नेपालमा प्रारम्भ भएको चार दशक बितिसकेको छ। यसो भएता पनि एकैप्रकारका परम्परागत शैलीका पर्यटन उत्पादनमा मात्र व्यवसायीहरू संलग्न भएकाले पर्यटन व्यवसायमा दिनानुदिन अस्वस्थ प्रतिस्पर्धा बढ्न गई पर्यटन क्षेत्रबाट प्राप्त हुनुपर्ने अपेक्षित आय तथा गुणस्तरमा समेत ह्रास हुन थालेको छ। तसर्थ नेपालमा उपलब्ध अपार प्राकृतिक एवम् सांस्कृतिक आकर्षणका स्रोतहरूमा आधारित पर्यटन उत्पादन तथा कृयाकलापहरूलाई अन्तर्राष्ट्रिय बजार अनुरुप विविधीकरण गरी पर्यटन व्यवसायीहरूबीच मूल्यमाभन्दा पर्यटन उत्पादन एवम् गुणस्तरमा प्रतिस्पर्धा ल्याई नेपालको पर्यटनलाई नयाँ गति र दिशा निर्देश गर्नेतर्फ भिजिट नेपाल उन्मुख रहेको छ।

प्रमुख पर्यटन गन्तव्यस्थलको रुपमा विकास गर्न:

नेपालको मौजुदा कतिपय पर्यटन आकर्षणहरूलाई नै पर्यटन उद्यमीहरूले पर्यटन प्रयोजनको लागि PACKAGING गरी विशिष्ट पर्यटन उत्पादनको रुपमा विश्व बजारमा प्रस्तुत गर्न सक्ने भएकाले, नेपाललाई विश्व पर्यटन बजारमा एक प्रमुख पर्यटन गन्तव्यस्थलको रुपमा समेत स्थापित गर्ने मौका भिजिट नेपाल कार्यक्रमबाट प्राप्त हुन सक्नेछ।

पर्यटन जनचेतना अभिबृद्धि गर्न

अधिराज्यभित्र, समाजका विभिन्न तह एवम् क्षेत्रमा संलग्न व्यक्तिहरूलाई पनि पर्यटन गतिविधिबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पर्न सक्ने भएकोले अनुकूल प्रतिफलतर्फ उन्मुख पार्न सबै तहमा पर्यटनप्रतिको सजगता र चेतना अभिबृद्धि गरी पर्यटनबाट अधिकाधिक फाइदा लिन भिजिट नेपाल कार्यक्रमले टेवा दिन सक्नेछ।

पर्यटन आगमन, बसाई र खर्चमा बृद्धि गर्न :

नेपाल भ्रमण वर्ष १९९८ ले विदेशमा नेपालको विशेष रुपमा पर्यटन प्रबर्द्धन गरी देशमा पर्यटक आगमन पांचलाख पुऱ्याउन, पर्यटकको खर्च प्रतिदिन ४९ अमेरिकी डलर र नेपाल बसाई अवधिमा बृद्धि गरी १३ रात पुऱ्याउन क्षेत्रगत हिसाबले पर्यटन विकास गर्न ठोस सहयोग पुऱ्याउने छ।

पर्यटन सेवा स्तरीय बनाउन :

सन् १९९८ को वर्षभरि नै विभिन्न पर्यटकीय आकर्षणका उत्सव एवम् गतिविधिहरू सञ्चालन गरी पर्यटकहरूलाई बढीभन्दा बढी सुविधा उपलब्ध गराई आगामी वर्षहरूमा थप पर्यटकहरूको आगमनको लागि भिजिट नेपाल कार्यक्रमले प्रेरित गर्ने छ। यस वर्षलाई लक्षित गरी उत्पादन हुने विशिष्ट पर्यटकीय भ्रमण प्याकेजहरूले नेपालको पर्यटनलाई २१ औं शताब्दीमा नयाँ आयाम दिने अपेक्षा गरिएको छ।



सगरमाथा

नेपाल भ्रमण वर्ष १९९८ को अपील



- आतिथ्य र नम्रता मानिसको सभ्यताको परिचायक हो । पर्यटकहरूसँग असल आचरण र नम्र व्यवहार गरौं ।
- कर्ने पनि आगन्तुकको स्वागत मुस्कानले गरौं । धन्यवाद दिन कन्जुस्याँई नगरौं ।
- पर्यटक हाम्रा पाहुना हुन्– उनीहरूको सम्मान गरौं र उनीहरूबाट आफू पनि सम्मानित हुने बातावरण बनाऔं ।
- हाम्रो परम्परागत आतिथ्यले पर्यटकको मन जितौं र उनीहरूलाई पनि हाम्रा रीति, रिवाज र संस्कृतिप्रति आदरभाव राख्न प्रेरित गरौं ।
- नेपाल भ्रमण वर्ष सामाजिजक, आर्थिक, सांस्कृतिक, प्राकृतिक र आध्यात्मिक पुनर्जागरणको एउटा राष्ट्रिय अभियान हो । हामी सबैले मिलेर यसलाई सफल पारौं ।
- राष्ट्रको सबैभन्दा बढी राजस्व संकलन पर्यटन उद्योगबाट नै हुन्छ । तसर्थ नेपाल भ्रमण वर्षका कार्यक्रमको माध्यमबाट पर्यटन व्यबसायलाई संवर्द्धन गरौं ।
- पर्यटन विकासका नाममा बनाइने पूर्वाधारहरू र पर्यटनबाट प्राप्त हुने प्रतिफलहरू अन्ततोगत्वा नेपालीमात्रका लागि नै हुन्, तसर्थ नेपाल भ्रमण वर्षको अभियान सफल पारौं ।
- आन्तरिक पर्यटनको बलियो जगमा मात्रै अन्तर्राष्ट्रिय पर्यटन सुदृढ र दीगो हुँदै जान्छ । तसर्थ, आन्तरिक पर्यटनलाई पनि प्रोत्साहित गरौं ।
- आफ्नै मुलुकभित्र रहेका रमणीय स्थलहरूको भ्रमण गर्ने बानी बसालौं र आन्तरिक पर्यटनको विकास गरौं ।
- हाम्रो भाषा, भेष–भूषा र परम्पराहरू हामी नेपालीको खास सांस्कृतिक पहिचान हुन् । यिनलाई सदा सर्वदा जीवन्त रः
- आफ्नै मुलुकमा निर्मित वा उत्पादित वस्तुहरू किनौं, किन्न लगाऔं ।
- नेपाली हस्तकला, वास्तुकला, गीत–संगीत, नृत्य जस्ता सांस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्द्धन गरौं ।
- नेपाली परम्परा एवम् संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्ने खालका कार्यक्रमहरूको आयोजना तथा प्रदर्शनी गरौं । यसलाई थप आयश्रोतको माध्यमको रुपमा विकसित गरौं ।
- आफ्ना गाउँ ठाउँ वा निकटवर्ती क्षेत्रमा रहेका प्राकृतिक ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्वका मठ, मन्दिर, पाटी, पौवा वा त्यस्तै अन्य सम्पदाहरूको सबै मिलेर संरक्षण गरौं ।
- जथाभावी फोहर नफालौं, फाल्न नदिऔं ।
- वातावरण र पर्यटन अन्योन्याश्रित हुन्छन् । तसर्थ, दुवैको गुणात्मक विकास गरौं ।
- आफ्ना सवारी साधनहरूमा शीशारहित पेट्रोल प्रयोग गरौं । क्याटलिटिक कन्भर्टर उपकरण जडान गरौं ।
- आफ्नो घर आँगन सफा राखौं । टोल, चोक, बाटो घाटो र बहालको सरसफाईमा सहयोगी बनौं ।
- हरियालीको संरक्षण गरौं, रुख रोपौं– वन नमासौं, घर अगाडि बगैंचा लगाऔं ।
- स्मारक, मठ–मन्दिर, प्राचीन दरवार जस्ता पर्यटकीय स्थलहरूमा तथा सार्वजनिक वा व्यक्तिगत भवन एवम् पर्खालका भित्ताहरूमा रंगले लेखेर वा पोष्टर पम्पलेट टाँसेर पर्यावरणीय सुन्दरता नबिगारौं ।

नेपाल भ्रमण वर्ष १९९८ सचिवालय